“आर्थिक, सामाजिक, पुर्वाधार र विगोविकासको अभियान
समानता र सुशासन दशरथचन्दको पहिचान”

# आवधिक नगर विकास योजना

(आ.व.२०८०/०८१-२०८४/०८५)



## दशरथचन्द नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
## बैतडी
## सुदूरपश्चिम प्रदेश

सहयोग

unicef

Web site: dasharathchandmun.gov.np
email: dnpbaitadi@gmail.com




स्रोत: स्थलरूप नक्सा (स्केल १:२५,००० /१:५०,०००), नापी विभाग र जनगणना २०६८, केन्द्रीय तथ्याङ्क विभाग
नगर पालिका, गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

Copyright@MoFALD

# आवधिक नगर विकास योजना

**संरक्षक**

पुष्करराज जोशी
नगर प्रमुख

कौशिला चन्द
नगर उप प्रमुख

**सल्लाहकार**

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत
**विक्रम बहादुर चन्द**
प्रमुख प्रशासकीय अधिकृत

**सम्पादक मण्डल**

नरेश कुमार पाण्डेय : उपाध्यक्ष नगर योजना आयोग
**नवीनचन्द्र पाण्डेय :अधिकृत आठौं**
**उद्धव देव भट्ट : लेखा अधिकृत**

**समन्वयकर्ता**

राजेश सिह खत्री : यो.शा.

**सहयोगी संस्था**

यूनिसेफ नेपाल

**परामर्शदाता**

त्रिकिरण गौतम
स्वतन्त्र परामर्शदाता

दस्तावेज : आवधिक नगर विकास योजना
प्रकाशक : दशरथचन्द नगरपालिकाको कार्यालय, बैतडी
सर्वाधिकार : दशरथचन्द नगरपालिकामा सुरक्षित
नगर सभाबाट स्वीकृति मिति :
प्रकाशन वर्ष : २०८१
प्रकाशन : ..... प्रति
मुद्रण :

मा. दामोदर भण्डारी
मन्त्री
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

नेपाल सरकार

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं.: +९७७-१-४२००५२५
फ्याक्स नं.: +९७७-१-४२०००५२

पत्र संख्या
चलानी नं.

शुभकामना !!!

नेपालको संविधानले अनुसुची ८ मा स्थानिय तहको एकल अधिकारको र अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको व्यवस्था गरेको छ। त्यसै गरि स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ६ मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालीन तथा दीर्घ कालिन विकास योजना बनाई लागु गर्नु पर्ने व्यवस्था गरेको छ । सोही प्रावधानहरुलाई आत्मसात गर्दै **"आर्थिक, सामाजिक, पुर्वाधार र दिगो विकासको अभियान, समानता र सुशासन दशरथचन्दको पहिचान"** भन्ने मूल नारा लिई दशरथचन्द नगरपालिकाले प्रथम पटक ( आ.व.२०८०/०८१-२०८४/०८५) सम्मका लागि ५ वर्षे आवधिक नगर विकास योजना निर्माण गरी प्रकाशन गर्न लागेकोमा मलाई खुशी लागेको छ।

यो दस्तावेजले दशरथचन्द नगरपालिकाको समग्र क्षेत्रको विकास गरी दिगो विकासका लक्ष्य हासिल गर्न नगरपालिकाको पूर्वाधार, शिक्षा, स्वास्थ्य, स्वरोजगार, कृषि, पशु, उद्योग, पर्यटन, वन वातावरण लगायतका क्षेत्रलाई प्राथमिकतामा राखी ५ वटै विषयगत क्षेत्रको समष्टिगत रुपमा लक्ष्य हासिल गर्न मार्गदर्शन गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

दामोदर भण्डारी
मन्त्री
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

मा. दामोदर भण्डारी
मन्त्री
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# नगर प्रमुखको मन्तव्य



मुलुक संघीय संरचनामा प्रवेश गरे संगै स्थानिय सरकार गठन भएको हो । नेपालको संविधान २०७२ को अनुसुची ८ मा स्थानिय तहको एकल अधिकारको र अनुसुची ९ मा संघ, प्रदेश र स्थानिय तहको साझा अधिकारको व्यवस्था गरेको छ । त्यसै गरि स्थानीय सरकार संचालन ऐन, २०७४ तथा स्थानिय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ मा नगरपालिकाले स्थानीय स्तरको नतिजामा आधारित विकासका लागि आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा आवधिक, बार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालीन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ । यहि प्रावधानहरुलाई आत्मसात गर्दै दशरथचन्द नगरपालिकाको संवृद्धिको आकांक्षालाइ संबोधन गर्न र नगरवासीको विकासको अपेक्षालाई पुरा गरी दशरथचन्द नगरपालिकालाई समृद्ध नगरको रुपमा विकास गर्न "आर्थिक,सामाजिक,पुर्वाधार र दिगो विकासको अभियान, समानता र सुशासन दशरथचन्दको पहिचान" भन्ने परिकल्पनालाई मुर्तरुप दिन यो ५ वर्षे आवधिक नगर विकास योजना निर्माण गरिएको छ।

नगरपालिकामा भएका संभावना र चुनौती लाई अवसरमा बदल्न तथा दिगो विकासका लक्ष्य हासील गर्न नगरपालिकाको पुर्वाधार, शिक्षा, स्वास्थ्य, स्वरोजार, कृषि, पशु, उद्योग, पर्यटन लयायतका क्षेत्रलाइ प्राथमिकतामा राखी ५ वटै विषयगत क्षेत्रको समष्टिगत रुपमा निर्देशित यस योजनाले परिकल्पना गरेको दीर्घकालिन सोचको नजिक पुग्नका लागि पहिचान गरिएका लक्ष्य, रणनिति तथा नतिजाहरु प्राप्त गर्न निर्धारण गरिएका कार्ययोजना कार्यान्वयनका लागी नगरपालिका, संघ र प्रदेश सरकार , जनप्रतिनिधि, विकास साझेदार, गैरसरकारी तथा निजी क्षेत्र लगायत नागरिक समाज र नगरवासी लगायत सबैको भुमिका महत्वपुर्ण हुने विश्वास मैले लिएको छु।

अन्तमा, यो आवधिक नगर बिकास योजना तयार गर्ने क्रममा योगदान पुर्याउनु हुने नगर उपप्रमुख, जनप्रतिनिधिहरु, प्रमुख प्रशासकिय अधिकृत, नगरपालिकाका विषयगत शाखा प्रमुख तथा कर्मचारीहरु, जिल्ला स्थित संघ तथा प्रदेश कार्यालयहरु, नागरीक समाज, विकास साझेदार, गैसस, निजी क्षेत्र, सञ्चार कमी लगायत सबैबाट प्राप्त सहयोग, समन्वय र सहभागिता र योगदानको उच्च कदर गर्दै धन्यबाद ज्ञापन गर्न चाहन्छु । यो आवधिक योजना निर्माणमा प्राबिधिक सहयोग गर्ने परामर्शदाता बिकिरण गौतम र सहयोगका लागी युनिसेफ नेपाललाइ विशेष धन्यवाद दिन चाहन्छु।

**पुष्कर राज जोशी**
**नगर प्रमुख**
**दशरथचन्द नगरपालिका, बैतडी**

# नगर उप-प्रमुखको मन्तव्य



दशरथचन्द नगरपालिकाको संवृद्धिको आकाक्षालाइ संबोधन गर्न र यस नगरको आवस्यकता र संभावनाको पहिचान र खोजि गरि "आर्थिक, सामाजिक, पुर्वाधार र दिगो विकासको अभियान, समानता र सुशासन दशरथचन्दको पहिचान" भन्ने सोचलाइ सार्थकतामा परिणत गर्न यो ५ वर्षे आवधिक नगर विकास योजना निर्माण गरिएको छ । यस नगरपालिकामा भएका संभावना र चुनौती लाई अवसरमा बदल्न हामी निर्वाचित भएदेखि नै काम गर्दै आएका छौ । यसलाई अझ थप व्यवस्थित गरी नगरको समग्र विकास र दिगो विकासका लक्ष्य हासील गर्न यो निर्देशित योजनाले महत्वपुर्ण भुमिका खेल्ने मेरो विश्वास रहेको छ।

प्राकृतिक रुपले सुन्दर र ऐतिहासिक यस दशरथचन्द नगरपालिका प्रचुर तथा असिमित संभावना बोकेको नगरपालिका हो । यति हुदाहुदै पनि यो नगरपालिका आर्थिक र सामाजिक रुपले पछाडि परेको यथार्थता हामी सामु छर्लङ्ग छ। त्यसैले दशरथचन्द नगरपालिकामा भएका संभावना र चुनौती लाई अवसरमा बदल्ने बेला आएको छ । यसै कुरालाई मध्यनजर गरी यो आवधिक योजनामा ५ वटै विषयगत क्षेत्रलाइ प्रथमिकतामा राखि समष्टिगत रुपमा ५ वर्षे निर्देशित योजना तयार गरिएको छ । आशा छ सर्वपक्षको सहयोगले यो योजना कार्यन्वयन भई नगरको रुपान्तरणमा ठुलो योगदान गर्ने छ।

अन्तमारु आवधिक नगर विकास योजना निर्माणमा सहभागी ५ वटै विषयगत समितिको छलफलमा सहभागी जनप्रतिनिधिहरु, विषयगत शाखा प्रमुख लगायत कर्मचारीहरु, बुद्धिजिवी एव गैरसरकारी, निजी र सहकारी क्षेत्र, बिभिन्न संघ- संस्थाहरूको सुझाव र योगदानका लागि आभार व्यक्त गर्दछु। यसको सफल कार्यान्वयनमा यहाँहरुको भुमिका अझै महत्वपुर्ण र सकारात्मक रहने बिश्वास लिएको छु। यसका लागी सबैको सहयोग, सहकार्य र सदभाव हाम्रा लागी अपरिहार्य छ यसैगरी आवधिक योजना निर्माणमा महत्वपुर्ण जिम्मेवारी निर्वाह गर्नु हुने समग्र परामर्शदाता, बिज्ञ समूहका सदस्यहरू प्रमुख प्रशासकीय अधिकृत लगायत सबै कर्मचारी प्रति धन्यबाद एवं आभार प्रकट गर्दछु।

**कौशिला चन्द**
**नगर उपप्रमुख**
**दशरथचन्द नगरपालिका ,बैतडी**

## प्रमुख प्रशासकिय अधिकृतको मन्तव्य



नेपालको संविधानले स्थानीय तहमा २२ वटा एकल अधिकार र संघ, प्रदेश र स्थानीय तह समेतका १५ वटा साझा अधिकार उपर आवश्यक कानून बनाउने, कार्यान्वयन गर्ने जिम्मा र उत्तरदायित्व छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ ले नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवाधिक, बार्षिक, रणनीतिक विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्न सक्ने व्यवस्था समेत गरेको छ।

संविधान र कानूनको भावना र स्थानीय विकासको अभिलाशा पुरा गर्न दशरथचन्द नगरपालिकाले आर्थिक, सामाजिक पुर्वाधार र दिगो विकासको अभियान, समानता र सुशासन दशरथचन्दको पहिचान भन्ने नारा सहित पञ्चबर्षीय योजनालाई मुर्तरुप दिएको छ । नगरपालिकालाई प्राप्त स्रोत साधनको परिधीलाई फराकिलो बनाउदै आम नागरिकको विकास प्रतिको भावनालाई संबोधन गर्न यस योजनाले आधार तयार गर्ने हाम्रो बिश्वास रहेको छ । नगरपालिकाको भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, पशु, संस्कृति पर्यटन,उद्योग, व्यापार लगाएतका समग्र क्षेत्रका क्षेत्रगत आवश्यकता, प्राथमिकता र रणनीति र कार्यनीति तय गर्ने काम यस योजनाले गरेको छ।

हामीले योजना तयार गर्दा नगरका सबै पक्ष र सरोकारवाला सँग छलफल र परामर्श गरेका छौं । नगरलाई भावि गन्तव्य सम्म लैजान सबै पक्षको सहयोग समन्वय र सहकार्यले मात्र सम्भव छ । योजना तयार गर्ने क्रममा सबैको सहयोग महत्वपूर्ण रह्यो । योजना तयारी क्रममा योगदान पुर्याउने नगर प्रमुख, नगर उपप्रमुख, जनप्रतिनीधिहरु, नगरपालिकामा कार्यरत शाखा प्रमुख सहितका कर्मचारीहरु, जिल्ला स्थित सबै कार्यालय प्रमुखहरु, बिकास साझेदार गैसस, नागरिक समाज, सञ्चारकर्मी लगाएत सबैलाई धन्यबाद दिन चहान्छु । योजना निर्माणमा प्राविधिक सहयोग गर्ने परामर्शदाता र आर्थिक सहयोगका लागि युनिसेफ नेपाललाई पनि विशेष धन्यवाद दिन चहान्छु।

२०८०/३/०९

**हरि बहादुर भुजेल**
**प्रमुख पशासकीय अधिकृत**
**दशरथचन्द नगरपालिका, बैतडी**

# विषय सूचि

## परिच्छेद १ : प्रारम्भिक


१.१ पृष्ठभूमी
१.२ कानुनी तथा नीतिगत व्यवस्था
१.३ योजना तर्जुमाको उद्धेश्य
१.४.आवधिक योजना तर्जुमा तथा प्रक्रिया
१.४.१ दस्तावेजहरुको अध्ययन
१.५.२ योजना तर्जुमा पुर्व परामर्श तथा अभिमुखिकरण  बैठक (गोष्ठि)
१.५.३ आधार रेखा सूचना तथा तथ्याङ्क विश्लेषण
१.५.४ वडास्तरीय वस्तुस्थिति समस्या चुनौती तथा अवसर पहिचान तथा विश्लेषण
१.५.५ विषयगत समिति संग छलफल तथा समूह परामर्श
१.५.६.आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी
१.५.७ अन्तिम दस्तावेज तयारी, लेखन तथा प्रमाणिकरण
१.६ .सिमा


## परिच्छेद २ : वस्तुस्थिति विश्लेषण


२.१ दशरथचन्द नगरपालिकाको संक्षिप्त परिचय :
२.२ भौगोलिक अवस्थिति :
२.३ स्थापना :
२.४ भू-बनावट  :
२.५ मुख्य नदी तथा ताल तलैयाहरु :
२.६ नगरपालिकाको भू-उपयोगको विवरण :
२.७ हावापानी :
२.८ जनसङ्ख्याको विवरण :


## परिच्छेद ३ : विगतका योजनाको क्षेत्रगत समीक्षा


३.१ आर्थिक विकास क्षेत्र
३.२ सामाजिक विकास क्षेत्र
३.३ भौतिक पूर्वाधार
३.४ वन वातावरण तथा विपद् व्यवस्थापन
३.५ संस्थागत विकास र सुशासन


## परिच्छेद ४ :  आवधिक योजना खाका


४.१ दिगो  विकास लक्ष्य र यस आवधिक योजनाको तादम्यता
४.२ पन्ध्रौ योजनाको सोच :
४.३ दीर्घकालीन राष्ट्रिय रणनीति

४.४ सुदुरपश्चिम प्रदेशको  दीर्घकालीन सोच
४.५ सुदुरपश्चिम प्रदेशको दिर्घकालिन लक्ष्य
४.६ प्रदेशको दिर्घकालिन रणनिति :
४.७ प्रदेश रुपान्तरणका प्रमुख सम्वाहकहरु
४.८ सहयोगी क्षेत्रहरु
४.९ नगरपालिकाको दीर्घकालिन सोच
४.१० आवधिक नगर विकास योजनाको लक्ष्य
४.११ नगर विकासका उद्देस्यहरु
४.१२ प्राथमिकताका क्षेत्रहरु
४.१३ परिमाणात्मक लक्ष्य :
४.१४ समस्टिगत रणनितिहरु :
४.१५ नगरपालिकाका समृद्धिका संवाहकहरु
४.१५.१ कृषि तथा पशुपालन
४.१५.२ पर्यटन
४.१५.३ शिक्षा तथा स्वास्थ्य।
४.१५.४ बाणिज्य क्षेत्रको विस्तार र लगानी
४.१५.५ झुलाघाट भन्सार र राजमार्ग संग सडक सञ्जालको पहुँच
४.१६  आवधिक योजना  तर्जुमाका सिद्धान्त :
४.१७ समष्टिगत कार्यनितिहरु
४.१८ मुख्य कार्यक्रमहरु :
४.१९ अपेक्षित उपलब्धि :

## परिच्छेद ५ : आर्थिक विकासको क्षेत्र

५.१ कृषि विकास
५.१.१ समस्टिगत विद्यमान अवस्था
५.१.२ अवसर
५.१.३ चुनौती
५.१.४ दिर्घकालिन सोंच
५.१.५ लक्ष्य
५.१.६ उद्देस्य
५.१.७ रणनिति तथा कार्यनिति
५.१.८ प्रमुख कार्यक्रम
५.२ सिंचाइ
५.२.१ समस्टिगत विद्यमान अवस्था
५.२.२ अवसर
५.२.३ चुनौती
५.२.४ दिर्घकालिन सोंच
६.२.५ लक्ष्य
५.२.६ उद्देस्य
५.२.७ रणनिति तथा कार्यनिति
५.२.८ प्रमुख कार्यक्रम
५.३ पशुपंक्षि विकास
५.३.१ समस्टिगत विद्यमान अवस्था
५.३.२ अवसर

५.३.३ चुनौती
५.३.४ दिर्घकालिन सोंच
५.३.५ लक्ष्य
५.३.६ उद्देस्य
५.३.७ रणनिति तथा कार्यनिति
५.३.८ प्रमुख कार्यक्रम
५.४ उद्योग तथा बजार व्यवस्थापन
५.४.१ समष्टिगत विद्यमान अवस्था
५.४.२ अवसर
५.४.३ चुनौती
५.४.४ दिर्घकालिन सोंच
५.४.५ लक्ष्य
५.४.६ उद्देस्य
५.४.७ रणनिति तथा कार्यनिति
५.४.८ प्रमुख कार्यक्रम
५.५ पर्यटन विकास
५.५.१ समस्टिगत विद्यमान अवस्था
५.५.२ अवसर
५.५.३ चुनौती
५.५.४ दिर्घकालिन सोंच
५.५.५ लक्ष्य
५.५.६ उद्देस्य
५.५.७ रणनिति तथा कार्यनिति
५.५.८ प्रमुख कार्यक्रम
५.६ बैंक तथा वित्तीय सेवा र सहकारी
५.६.१ समस्टिगत विद्यमान अवस्था
५.६.२ अवसर
५.६.३ चुनौती
५.६.४ दिर्घकालिन सोंच
५.६.५ लक्ष्य
५.६.६ उद्देस्य
५.६.७ रणनिति तथा कार्यनिति
५.६.८ प्रमुख कार्यक्रम
५.७ खाद्य सुरक्षा गरिवी र वेरोजगारी
६.७.१ समस्टिगत विद्यमान अवस्था
५.७.२ अवसर
५.७.३ चुनौती
५.७.४ दिर्घकालिन सोंच
५.७.५ लक्ष्य
५.७.६ उद्देश्य
५.७.७ रणनिति तथा कार्यनिति
५.७.८ प्रमुख कार्यक्रम
५.८ आर्थिक विकास क्षेत्रको नतिजा
५.९ आर्थिक विकास क्षेत्रको मुख्य कार्यक्रम

# परिच्छेद ६ : सामजिक विकासको क्षेत्र

६.१ शिक्षा
६.१.१ समस्टिगत विद्यमान अवस्था
६.१.२ अवसर
६.१.३ चुनौती
६.१.४ दिर्घकालिन सोंच
६.१.५ लक्ष्य
६.१.६ उद्देस्य
६.१.७ रणनिति तथा कार्यनिति
६.१.८ प्रमुख कार्यक्रम
६.२ स्वास्थ्य र पोषण
६.२.१ समस्टिगत विद्यमान अवस्था
६.२.२ अवसर
६.२.३ चुनौती
६.२.४ दिर्घकालिन सोंच
६.२.५ लक्ष्य
६.२.६ उद्देस्य
६.२.७ रणनिति तथा कार्यनिति
६.२.८ प्रमुख कार्यक्रम
६.३ खानेपानी तथा सरसफाइ
६.३.१ समस्टिगत विद्यमान अवस्था
६.३.२ अवसर
६.३.३ चुनौती
६.३.४ दिर्घकालिन सोंच
६.३.५ लक्ष्य
६.३.६ उद्देस्य
६.३.७ रणनिति तथा कार्यनिति
६.३.८ प्रमुख कार्यक्रम
६.४ सामाजिक समावेशीकरण तथा सुरक्षा
६.४.१ समस्टिगत विद्यमान अवस्था
६.४.२ अवसर
६.४.३ चुनौती
६.४.४ दिर्घकालिन सोंच
६.४.५ लक्ष्य
६.४.६ उद्देस्य
६.४.७ रणनिति तथा कार्यनिति
६.४.८ प्रमुख कार्यक्रम
६.५ युवा तथा खेलकुद
६.५.१ समस्टिगत विद्यमान अवस्था
६.५.२ अवसर
६.५.३ चुनौती
६.५.४ दिर्घकालिन सोंच
६.५.५ लक्ष्य
६.५.६ उद्देस्य

६.५.७ रणनिति तथा कार्यनिति
६.५.८ प्रमुख कार्यक्रम
६.६ कला संस्कृति
६.६.१ समस्टिगत विद्यमान अवस्था
६.६.२ अवसर
६.६.३ चुनौती
६.६.४ दिर्घकालिन सोंच
६.६.५ लक्ष्य
६.६.६ उद्देस्य
६.६.७ रणनिति तथा कार्यनिति
६.६.८ प्रमुख कार्यक्रम
६.७ सामाजिक विकास क्षेत्रको नतिजा
६.८ सामाजिक विकास क्षेत्रको मुख्य कार्यक्रम

## परिच्छेद ७ : भौतिक पुर्वाधार विकास

७.१ सडक,पुल,यातायात
७.१.१ समस्टिगत विद्यमान अवस्था
७.१.२ अवसर
७.१.३ चुनौती
७.१.४ दिर्घकालिन सोंच
७.१.५ लक्ष्य
७.१.६ उद्देश्य
७.१.७ रणनिति तथा कार्यनिति
७.१.८ प्रमुख कार्यक्रम
७.२ विद्युत तथा वैकल्पिक उर्जा
७.२.१ समस्टिगत विद्यमान अवस्था
७.२.२ अवसर
७.२.३ चुनौती
७.२.४ दिर्घकालिन सोंच
७.२.५ लक्ष्य
७.२.६ उद्देस्य
७.२.७ रणनिति तथा कार्यनिति
७.२.८ प्रमुख कार्यक्रम
७.३ आवास,वस्तिविकास तथा भवन
७.३.१ समस्टिगत विद्यमान अवस्था
७.३.२ अवसर
७.३.३ चुनौती
७.३.४ दिर्घकालिन सोंच
७.३.५ लक्ष्य
७.३.६ उद्देस्य
७.३.७ रणनिति तथा कार्यनिति
७.३.८ प्रमुख कार्यक्रम
७.४ सुचना,संचार तथा प्रविधि

७.४.१ समस्टिगत विद्यमान अवस्था
७.४.२ अवसर
७.४.३ चुनौती
७.४.४ दिर्घकालिन सोंच
७.४.५ लक्ष्य
७.४.६ उद्देस्य
७.४.७ रणनिति तथा कार्यनिति
७.४.८ प्रमुख कार्यक्रम
७.५ पुर्वाधार विकास क्षेत्रको नतिजा
७.६ पुर्वाधार विकास क्षेत्रको मुख्य कार्यक्रम

## परिच्छेद ८ : वन बातावरण तथा विपद व्यवस्थापन

८.१ वन तथा जैविक विविधता
८.१.१ समस्टिगत विद्यमान अवस्था
८.१.२ अवसर
८.१.३ चुनौती
८.१.४ दिर्घकालिन सोंच
८.१.५ लक्ष्य
८.१.६ उद्देस्य
८.१.७ रणनिति तथा कार्यनिति
८.१.८ प्रमुख कार्यक्रम
८.२ भुमी तथा जलाधार संरक्षण
८.२.१ समस्टिगत विद्यमान अवस्था
८.२.२ अवसर
८.२.३ चुनौती
८.२.४ दिर्घकालिन सोंच
८.२.५ लक्ष्य
८.२.६ उद्देस्य
८.२.७ रणनिति तथा कार्यनिति
८.२.८ प्रमुख कार्यक्रम
८.३ वातावरण तथा स्वच्छता
८.३.१ समस्टिगत विद्यमान अवस्था
८.३.२ अवसर
८.३.३ चुनौती
८.३.४ दिर्घकालिन सोंच
८.३.५ लक्ष्य
८.३.६ उद्देस्य
८.३.७ रणनिति तथा कार्यनिति
८.३.८ प्रमुख कार्यक्रम
८.४ विपद पूर्व तयारी तथा व्यवस्थापन,जलवायु अनुकुलन
८.४.१ समष्टिगत विद्यमान अवस्था
८.४.२ अवसर
८.४.३ चुनौती
८.४.४ दिर्घकालिन सोच
८.४.५ लक्ष्य

८.४.६  उद्देस्य
८.४.७  रणनिति तथा कार्यनिति
८.४.८  प्रमुख कार्यक्रम
८.५ वन वातावरण र विपद व्यवस्थापन क्षेत्रको नतिजा
८.६ वन वातावरण र विपद व्यवस्थापन क्षेत्रको मुख्य कार्यक्रम

## परिच्छेद ९ : संस्थागत विकास,सेवाप्रवाह र सुशासन

९.१ संस्थागत संरचना र मानव संसाधन
९.१.१ समस्टिगत विद्यमान अवस्था
९.१.२ अवसर
९.१.३ चुनौती
९.१.४ दिर्घकालिन सोँच
९.१.५ लक्ष्य
९.१.६ उद्देस्य
९.१.७ रणनिति तथा कार्यनिति
९.१.८ प्रमुख कार्यक्रम
९.२ वित्तिय श्रोत
९.२.१ समस्टिगत विद्यमान अवस्था
९.२.२ अवसर
१०.२.३ चुनौती
९.२.४ दिर्घकालिन सोँच
९.२.५ लक्ष्य
९.२.६ उद्देस्य
९.२.७ रणनिति तथा कार्यनिति
९.२.८ प्रमुख कार्यक्रम
९.३ योजना तर्जुमा, अनुगमन, मुल्याङ्कन
९.३.१ समस्टिगत विद्यमान अवस्था
९.३.२ अवसर
९.३.३ चुनौती
९.३.४ दिर्घकालिन सोँच
९.३.५ लक्ष्य
९.३.६ उद्देस्य
९.३.७ रणनिति तथा कार्यनिति
९.३.८ प्रमुख कार्यक्रम
९.४ सुशासन
९.४.१ समस्टिगत विद्यमान अवस्था
९.४.२ अवसर
९.४.३ चुनौती
९.४.४ दिर्घकालिन सोँच
९.४.५ लक्ष्य
९.४.६ उद्देस्य
९.४.७ रणनिति तथा कार्यनिति
९.४.८ प्रमुख कार्यक्रम

९.६ संस्थागत विकास, सेवाप्रवाह र सुशासन क्षेत्रको नतिजा
९.७ संस्थागत विकास, सेवाप्रवाह र सुशासन क्षेत्रको मुख्य कार्यक्रम

## परिच्छेद :१० कार्यान्वयन,अनुगमन,मुल्याङ्कन

१०.१ स्रोत अनुमान तथा प्रक्षेपण
१०.२ विषयगत क्षेत्रगत प्रस्तावित ५ वर्षको बजेट
१०.३ श्रोत परिचालन रणनीति
१०.४ आवधिक योजना कार्यान्वियन
१०.५ मध्यमकालिन खर्च संरचना
१०.६ आयोजना बैंक
१०.७ अनुगमन तथा मूल्यांकन
१०.८ वार्षिक समिक्षा
१०.९ मध्यावधि मूल्याङ्कन
१०.१० अन्तिम मुल्याङ्कन

## तालिका सुची

तालिका नं १ : नगरपालिकाको गठन तथा वडागत क्षेत्रफल
तालिका नं २ : नगरपालिकाको भू – उपयोगको अवस्था
तालिका ३ : जनसंख्या विवरण
तालिका ४ : परिमाणात्मक लक्ष्य
तालिका ५ : आर्थिक विकास क्षेत्रको नतिजा तालिका
तालिका ६ : आवधिक योजनाको नतिजा प्राप्तिको लागि तर्जुमा गरिएका कार्यक्रम तथा योजना
तालिका ७ : सामाजिक विकास क्षेत्रको नतिजा तालिका
तालिका ८ : आवधिक योजनाको नतिजा प्राप्तिको लागि तर्जुमा गरिएका कार्यक्रम तथा योजना
तालिका ९ : पुर्वाधार विकास क्षेत्रको नतिजा तालिका
तालिका १० : आवधिक योजनाको नतिजा प्राप्तिको लागि तर्जुमा गरिएका कार्यक्रम तथा योजना
तालिका ११ : वन वातावरण र विपद व्यवस्थापन क्षेत्रका नतिजा तालिका
तालिका १२ : आवधिक योजनाको नतिजाप्राप्तिको लागितर्जुमागरिएकाकार्यक्रमतथा योजना
तालिका १३ : संस्थागत विकास,सेवाप्रवाह र सुशासन क्षेत्रका नतिजा तालिका
तालिका १४ : आवधिक योजनाको नतिजा प्राप्तिको लागि तर्जुमा गरिएका कार्यक्रम तथा योजना
तालिका १५ : प्रक्षेपण गरिएको आवधिक वार्षिक बजेट
तालिका १६ : विषयगत क्षेत्र अनुसार प्रस्तावित कुल बजेट
तालिका १७ : आवधिक योजनाको अनुगमन मुल्यांकन योजना

## अनुसुचीहरु

अनुसुचि १ : एकीकृत वार्षिक योजना तर्जुमाको ढाचा
अनुसुचि २ : आवधिक योजनाको नतिजामूलक अनुगमन तथा मूल्यांकन ढाँचा

# परिच्छेद १ : प्रारम्भिक

## १.१ पृष्ठभूमी

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय गरि तिन तहको सरकार को व्यवस्था गरे अनुरुप स्थानिय सरकारका रुपमा गाउँपालिका र नगरपालिकालाई उल्लेख गरेको छ। संविधान को अनुसूची ८ ले स्थानिय तहको अधिकारको सूचीमा स्थानिय स्तरका विकास योजना तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ। त्यसै गरि स्थानीय सरकार संचालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाले स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा आवधिक, बार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ साथै स्थानिय तहले यस्ता प्रकारका योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिई आवधिक तथा बार्षिक योजना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ।

नगरपालिकाले आफ्नो अधिकारक्षेत्रका विषयमा आफ्नो मापदण्ड तथा कार्यविधि बनाई अल्पकालिन, मध्यकालिन तथा दीर्घकालिन विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्नसक्ने प्रावधान अनुरुप स्थानीय तहको विकास तथा बार्षिक योजना लाई दिशानिर्देश गर्न आवधिक योजनाको आवश्यकता पर्दछ। सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अवलम्बन गरि एकीकृत स्वरुपको आवधिक योजना तर्जुमा गर्ने र सोको आधारमा बार्षिक योजना तथा बजेट तर्जुमा प्रक्रियालाइ सुदृढ गर्न यो आवधिक योजना निर्माण गरिएको छ। परिवर्तनको सिद्धान्तका आधारमा तयार गरिएको यस आवधिक योजनाले आगामी ५ बर्षमा नगरपालिकालाई कुन दिशामा र कुन अवस्थामा पुऱ्याउने भन्ने लक्ष्य किटान गरी सो लक्ष्य प्राप्तिका लागी श्रोत परिचालनको योजना समेत तय गरेको छ। नगरपालिकाको नतीजामुखी तथा समग्र विकासमा र आगामी बर्षहरूको बार्षिक योजना तर्जुमामा यो आवधिक योजना महत्वपूर्ण मार्गदर्शक दस्तावेज हुनेछ।

## १.२ कानुनी तथा नीतिगत व्यवस्था

नेपालको संविधानमा मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा अनुसुची ८ स्थानीय तहलाई २२ वटा एकल अधिकारको व्यवस्था छ। त्यसैगरी अनुसुची ९ मा स्थानीय तह, प्रदेश र संघको १५ वटा साझा अधिकार सम्बन्धि व्यवस्था छ। जस अनुसार संघ र प्रदेशको अधिकार क्षेत्रमा सञ्चालन हुने क्रियाकलाप बाहेकका विषय क्षेत्रमा स्थानीय तहले ऐन, नियम तथा कार्यविधि बनाई लागू गर्ने, स्थानीय विकासका लागि योजना तर्जुमा तथा कार्यान्वयन गर्ने र अनुगमन तथा नियमन गर्ने अधिकार प्रदान गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार गाउँ वा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासकालागि आवधिक, बार्षिक र विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा देहायअनुसार गर्नुपर्ने समेत व्यवस्था गरेको छ।

- नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनुपर्ने।
- योजनाका मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची तयार गर्नुपर्ने।
- योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धीजिवि, विषयविज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति,

ज्येष्ठ नागरिक लगायतका सरोकारवालाको अधिकतम सहभागिता गराउनुपर्ने।

- योजना तर्जुमा गर्दा आयोजनाहरुको संभाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानूमान, आयोजनाको प्राथमिकता निर्धारण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्नुपर्ने।
- नेपाल सरकार र प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी कार्यान्वयन प्रक्रिया निर्धारण गरेकोमा गाउँपालिका तथा नगरपालिकाले सोही प्रक्रिया बमोजिम सो कार्यक्रम कार्यान्वयन गर्नुपर्ने।
- नेपाल सरकार वा प्रदेश सरकारको संयुक्त लगानी वा सार्वजनिक नीजि साझेदारीमा संभाव्य आयोजना संचालन तथा व्यवस्थापन गर्ने।
- संघीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्नुपर्ने।
- स्थानीयस्तरका विकास आयोजनाहरुको आवश्यक अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनको कार्य गर्ने।
- गैर सरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था र सामुदायिक संस्थाले स्थानीय सरकारसँग समन्वयमा रही कार्य गर्नुपर्ने र आफ्नो बार्षिककार्यक्रम तथा बजेट स्थानीय सरकारको बार्षिक बजेट तथा कार्यक्रममा समावेश गराउनुपर्ने एव स्थानीय तहले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउनुपर्ने।
- नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र कुनै पनि अन्तरराष्ट्रिय गैर सरकारी संस्थाले स्थानीय तहसँग समन्वयमा कार्य गर्नुपर्ने।

त्यसै गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १६ र १७ ले राजस्व बाँडफाँड, प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड वित्तीय समानीकरण अनुदान सशर्त अनुदान समपूरक अनुदान वैदेशिक सहायता तथा आन्तरिक ऋण सम्बन्धी प्रावधानहरु कार्यान्वयन गर्न बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने र मध्यमकालिन खर्च संरचना समेत तयार गर्नुपर्ने व्यवस्था गरेको छ। अर्को तर्फ, पन्धौ योजनाले प्रदेश तथा स्थानीय तहहरू बीच अन्तरसम्बन्धका आधारमा पूर्वाधारहरूको विकास गरी आर्थिक तथा सामाजिक अवसरहरूमा नागरिकको पहुँच अभिवृद्धि गर्ने लक्ष्य लिएको छ। अन्तराष्ट्रिय रुपमा प्रतिबद्धता जाहेर गरेका दिगो विकासका लक्ष्यहरु हासिल गर्न नगरपालिकाहरुले आ-आफ्ना तहबाट स्थानियकरण गरी कार्यन्वयन गर्नुपर्ने  हुन्छ। आवधिक योजना तजुमा देहायका नीतिगत दस्तावेजहरु बाट निर्देशित रहेको छ।

- दिगो विकासका लक्ष्यहरू
- पन्धौ योजना
- सुदुरपश्चिम प्रदेशको आवधिक योजना
- विषयगत ऐन तथा नीतिहरू
- नेपाल पक्ष भएका सन्धी सम्झौताहरू
- राष्ट्रिय योजना आयोगबाट जारी राष्ट्रिय अनुगमन तथा मूल्याइन निर्देशिका
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८  राष्ट्रिय योजना आयोग
- दशरथचन्द नगरपालिकाको आर्थिक र विनियोजन ऐनहरु

## १.३ योजना तर्जुमाको उद्देश्य

नगरपालिकाको समष्टीगत विकासका लागि लक्ष्य तथा उद्देश्यहरु निर्धारण गरी निश्चित अवधिभित्र सो हासिल गर्ने उपयुक्त सिद्धान्त, नीति, रणनीति तथा प्राथमिकताहरु पहिचान एवम् परिभाषित मार्गचित्र नै आवधिक योजना हो। आवधिक योजनाले आगामी पाँच बर्षे अवधिका लागि नगरले चाहेको लक्ष्यमा पुग्न र समावेशीमुलक विकासको गतिलाई अगाडि बढाई निश्चित गन्तव्यसम्म पुग्न सहयोग पुर्‍याउँछ। नगरपालिकाको योजनाबद्ध विकासका लागि सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा नीजि क्षेत्र समेतको सहभागितामा नगरपालिकाको एकीकृत तथा समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु नै आवधिक विकास योजना तर्जुमाको मुख्य उद्देश्य हो। योजना तर्जुमाका सहायक तथा निर्दिष्ट उद्देश्यहरु निम्न अनुसार छन्।

- नगरपालिकाको एकीकृत, नतिजामुलक र योजनाबद्ध विकासका लागि साझेदार तथा सरोकारवालालाई एकथलोमा राखि विकासमा साझा उत्तरदायित्व सिर्जना गर्ने।
- नगरपालिकाको श्रोत परिचालनको विद्यमान स्थिति विश्लेषण गरी नगरबासी तथा सरोकारवालाको चाहना तथा सहभागितात्मक छलफलका आधारमा विकासको खाका तयार गर्ने।
- विकासको दीर्घकालिन सोच, निर्देशक सिद्धान्त, लक्ष्य, रणनीति र प्राथमिकता निर्धारण गर्ने।
- विकासका प्रयासलाई मार्गदर्शन गर्ने तथा अपेक्षित नतिजा हासिल गर्ने कार्यनीति, प्रमुख कार्यक्रमहरु तय गर्ने।
- विकासका प्रयासहरुको प्रक्रिया तथा नतिजाको अनुगमन तथा मूल्याङ्कनको खाका प्रस्तुत गर्ने।

## १.४.आवधिक योजना तर्जुमा तथा प्रक्रिया

दशरथचन्द्र नगरपालिकाको आवधिक योजना तर्जुमा गर्दा स्थानीय सरकार सांचालन ऐन २०७४ को दफा २४ (५) को सहभागिता सम्बिन्धि प्रावधान अनरुप स्थानीय बुद्धिजिवी, विषयविज्ञ, अनभुवी, पेशाविद, सिमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसङख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका सरोकारवालाहरूको अधिकतम सहभागितामा ५ वटा विषयगत समितिमा छलफल गरिएको थियो। आवधिक योजना तर्जुमा गर्दा निम्न प्रक्रियाहरुलाई अवलम्वन गरिएको छ।

### १.४.१ दस्तावेजहरूको अध्ययन

यस अन्तरगत योजना तर्जुमा निर्माण सम्बन्धी प्रमुख दस्तावेजहरु पन्धौ योजना ,सुदुरपश्चिम प्रदेशको प्रथम आवधिक योजना, राष्ट्रिय योजना आयोगले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, संघ तथा प्रदेशका विभिन्न मन्त्रालय तथा विभागहरले प्रकाशन गरेका प्रतिवेदनमा उल्लेखित प्रावधानहरुको अध्ययन गरिएको थियो। प्रदेश योजना आयोगले प्रकाशन गरेका प्रतिवेदन प्रदेश सम्बन्धी सूचनाहरु,अघिल्लो आवधिक योजना दस्तावेज तथा नगरपालिकाको बस्तुगत विवरण स्थानीय ऐन नियम तथा अन्य विविध पक्षको अध्ययन तथा विश्लेषण पनि गरिएको थियो।

### १.५.२ योजना तर्जुमा पुर्व परामर्श तथा अभिमुखिकरण बैठक (गोष्ठि)

योजना तयारीका क्रममा दशरथचन्द नगरपालिकाको प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत सूचना

अधिकृतसँग छलफल गरी योजना प्रक्रिया अगाडि बढाउने बारे छलफल गरिएको थियो। छलफल पश्चात २०७९ फागुन ८ गते नगरप्रमुखको अध्यक्षतामा परामर्श बैठक सञ्चालन गरिएको थियो। उक्त बैठकमा आवधिक योजना निर्माण सम्वन्धमा अभिमुखिकरणका साथै निर्देशक समिति र विषयगत समिति गठन तथा अन्य व्यवस्थापकीय तयारी सम्बन्धी विस्तृत रुपमा छलफल गरी आवधिक योजना निर्माणको विस्तृत कार्ययोजना पेश गरिएको थियो।

### १.५.३ आधार रेखा सूचना तथा तथ्याङ्क विश्लेषण

योजना तर्जुमा कार्यमा आवश्यक आधार तथ्याकं संकलनका लागी विभिन्न विषयगत समिति र सम्वन्धित शाखा संग  परामर्श बैठकहरु गरिएको थियो। विभिन्न क्षेत्रका प्रतिनिधिहरु तथा सरोकारवालाहरूसँग परामर्श गरी नगरपालिकाको विविध विषयगत क्षेत्रहरुको  बारेमा सूचना संकलन गरिएको थियो। यसैगरी वडा बाट र सुचना तथा तथ्याकं संकलन गरिएको थियो। नगरपालिकाका सबै वडाहरुबाट सहभागिता मुलक ढंगबाट तथ्याङ्क संकलन गरिएको थियो।

### १.५.४ वडास्तरीय वस्तुस्थिति समस्या चुनौती तथा अवसर पहिचान तथा विश्लेषण

योजना तर्जुमाको क्रममा समय वस्तुस्थितिको विश्लेषण (SWOT Analysis) का लागि वडातहबाट समस्या तथा सम्भावना पहिचान गरिएको थियो। सबै वडामा लक्षित समुह छलफल संचालन गरी वडाको वस्तुस्थिति समस्या चुनौति अवसर क्षेत्रगत सोच लक्ष्य, उद्देश्य रणनीति, कार्यनीति प्रमुख योजना तथा कार्यक्रमहरुका सम्बन्धमा राय तथा सुझाव संकलन गरिएको थियो।

### १.५.५ विषयगत समिति संग छलफल तथा समूह परामर्श

दशरथचन्द नगरपालिकाको आवधिक योजना तयारीका क्रममा २०७९ फागुन ९ देखि १३ सम्म ५ वटै समितिहरु संग (आर्थिक विकास,सामाजिक विकास,पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन तथा संस्थागत विकास सेवा प्रवाह तथा सुशासन समिति) छलफल तथा परामर्श गरिएको थियो। उक्त छलफल बाट विषयगत क्षेत्रहरुका सवलपक्ष,समस्या,समस्याका कारण पहिचान गरिएको थियो। समुह छलफलबाटै विषयगत लक्ष्य, रणनिति, नतिजा निर्धारण तथा कार्यक्रम र बजेट निर्माण गरिएको थियो।

### १.५.६.आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी

विषयगत समुह छलफल पश्चात आवधिक योजना तर्जुमा गोष्ठि २०८० साल वैशाख ७ र ८ गते  आयोजना गरिएको थियो। कार्यशालामा विषयगत  समूहमा छलफल गरिएको थियो। कार्यशालाबाट विषय क्षेत्रगत समस्या, अवसर,  चुनौति तथा सम्भावनाहरूको वस्तुपरक विश्लेषणका आधारमा विशेषगत लक्ष्य तथा परिमाण सूचक निर्धारण गरी ती लक्ष्य र  सूचक हासिल गर्न अवलम्वन गरिनुपर्ने रणनीति तथा कार्यनीतिहरु प्रमुख कार्यक्रमहरु र अनुमानित लागत समेटेर मस्यौदा तयार गरिएको थियो।

### १.५.७ अन्तिम दस्तावेज तयारी, लेखन तथा प्रमाणिकरण

विभिन्न चरणका छलफल  तथा  कार्याशालाबाट प्राप्त विवरण तथा अन्तिम आवधिक योजना तर्जुमा गोष्ठी बाट

प्राप्त निष्कर्ष र सुझावका आधारमा तयार गरिएको आवधिक विकास योजना को मस्यौदा दस्तावेजलाई अन्तिम रुप दिने सिलसिलामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा राष्ट्रिय योजना आयोगका दस्तावेज र अन्य विषय विज्ञहरुबाट समेत सुझावहरु लिने कार्य भएको थियो । यसरी विभिन्न क्षेत्रबाट प्राप्त सुझावलाई समावेश गरी तयार गरिएको आवधिक विकास योजना दस्तावेजलाई स्विकृतीका लागि २०८०।०२।२९ गते नगर कार्यपालिकामा पेश गरिएको थियो । यसरी नगरकार्यपालिका ले पास गरेको ५ वर्षे एकीकृत आवधिक योजनालाई (२०८०/८१–२०८४/८५) अनुमोदनका लागि दशरथचन्द नगरपालिकाको नगर सभामा पेश गर्ने निर्णय पारित गरिएको थियो।

## १.६ सिमा

आवधिक विकास योजनालाई समावेशी, पारदर्शी,कार्यान्वयन योग्य एवं परिणाममूखी बनाउन सबै सरोकारवालाहरुको व्यापक सहभागिता एवं अपरिहार्य रुपमा क्षेत्रगत लक्ष्य, नतिजा र उपलब्धिका सूचक समावेश गर्ने प्रयास गरिएको छ। साथै नगरपालिका जनप्रनिधि, कार्यरत कर्मचारी, विषयगत क्षेत्र, बालक्लब, गैरसरकारी क्षेत्रर सरोकारवालाहरुबाट उपलब्ध भएसम्मका क्षेत्रगत योजनाहरु समावेश गर्ने प्रयास गरिएको छ । नगरपालिकाको समग्र विकासमा स्थानीय तह, प्रदेश तथा संघीय सरकारको साथै गैर सरकारी संघ/संस्था, सहकारी एवं स्थानीय समुदायका संस्था र विकास साझेदारको सहयोगमा संचालन हुने संभावित कार्यक्रमलाई पनि यस आवधिक योजनामा समावेश गरिएको छ। नगरपालिकाको आन्तरिक स्रोत, संघ तथा प्रदेशबाट अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गत नगरलाइ प्राप्त हुने तथा अन्य स्रोतबाट बार्षिक रुपमा परिचालन हुने सम्भाव्य श्रोतलाई आधार बनाइएको छ।

आवधिक योजना निर्माण गर्ने प्रक्रियामा प्रारम्भिक तथ्याङ्क र सूचना लिने क्रममा तथ्याक संकलन गर्दा कतिपय आवश्यक तथ्याकंहरुको अभाव रहेको देखियो । उपलब्ध तथ्याकहरु स्रोतपिच्छे फरक पाइएको भएता पनि प्राप्त तथ्याकलाई पुनः प्रमाणीकरण गरी योजना तर्जुमाका लागि प्रयोग गरिएको छ। योजना तर्जुमा गर्न नगरपालिकाको प्रोफाइल, नगरपालिका सम्बन्धी विभिन्न दस्तावेजहरु र पूर्वाधार सम्बन्धी योजनाहरुबाट प्राप्त तथ्यांकको आधारलाई लिएर विषयगत क्षेत्रहरुको लक्ष्य निर्धारण गरिएको छ। थप तथ्यांकहरुका लागि संघीय तथा प्रदेश स्तरको अध्ययन तथा अनुसन्धानका प्रतिवेदनहरुलाई आधार मानिएको छ।

# परिच्छेद २ : वस्तुस्थिति विश्लेषण

## २.१ दशरथचन्द नगरपालिकाको संक्षिप्त परिचय :

दशरथचन्द नगरपालिका नेपालको सुदुरपश्चिम प्रदेशको वैतडी जिल्लामा पर्दछ । यो नगरपालिका वैतडी जिल्लाको सदरमुकाम स्थल पनि हो । यो नगरपालिकाको नामाकरण नेपालको निरंकुस राणा शासन विरुद्धको आन्दोलनका अमर शहीद दशरथ चन्दको नामवाट गरीएको हो । दशरथचन्द नगरपालिका वैतडी जिल्लाको पश्चिमी भागमा १३५.१५ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ। यस नगरपालिकाको पूर्वमा पाटन नगरपालिका र सुर्नया गाउपलिका, पश्चिममा महाकाली नदि र मित्र राष्ट्र भारत, उत्तरमा दार्चुला जिल्ला र दोगडाकेदार गाउँपालिका, दक्षिणमा मेलौली नगरपालिका र पंचेश्वर गाउँपालिका पर्दछन।

यो नगरपालिका समुद्री सतहदेखि ५०० मिटर देखि ३१०० मिटरको को उचाईंमा रहेको छ । दशरथचन्द नगरपालिकामा कूल ११ वडा रहेका छन् । १३५.१५ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको दशरथचन्द नगरपालिकाको भु-आकृतिक स्वरुप करिव मध्य पहाडी र उच्च पहाडी भूभाग रहेको छ । २०७८ को जनगणना अनुसार यस नगरपालिकामा ७१९८ घरपरिवार रहेका छन । दशरथचन्द नगरपालिकामा कूल जनसंख्या ३१५६७ रहेको छ जसमध्ये महिलाको जनसंख्या १६९५२(५३.७ प्रतिशत) र पुरुषको जनसंख्या १४६१५ (४६.३ प्रतिशत) रहेको छ।

यो नगरपालिका प्राकृतिक रुपले रमणीय रहेको छ. माता त्रिपुरासुन्दरी, जगन्नाथ, निंग्लाशैनी लगायतका मन्दिरहरु धार्मिक पर्यटकीय स्थलको रुपमा परिचित रहेका छन् । भारतसंग सीमाना जोडिएको यो नगरपालिकाका विभिन्न क्षेत्रहरुलाई पर्यटकीय हिसावले महत्वपूर्ण मानिन्छ। महत्वपूर्ण धार्मिक तथा राजनीतिक इतिहास वोकेको यो जिल्ला कहिले डोटी राज्य र कहिले कुमाउ राज्यमा युद्ध हुदा वैतडी जिल्ला कहिले कुमाउ राज्यमा र कहिले डोटी राज्यमा रहेको र चन्दहरुले राज्य गरेको भनाइ छ । नेपालकै प्रमुख धार्मिक स्थल त्रिपुरासुन्दरी भगवती मन्दिर, जगन्नाथ मन्दिर, निंगलाशैनि मन्दिर, ग्वालेक केदार, असिम केदार, नागार्जुन मन्दिर, इश्वरीगंगा धाम, महाभारत कालका पंचदेव मन्दिर जस्ता महत्वपूर्ण धार्मिक स्थल रहेको यस नगरमा माघे सक्रान्ती,श्रीपञ्चमी,.शिवरात्री,विशु(नया वर्ष)ओल्के सक्रान्ती,गौरा,विजयादशमी , दिपावलीलगायतका चाडपर्व मनाइन्छ । यो नगरको आफ्नै राजनीतिक इतिहास छ । १०४ बर्षे कठोर जहाँनिया राणा शासन बिरुद्ध संघर्ष गर्ने जेष्ठ चार शहिद मध्ये अमर शहिद दशरथचन्दको जन्म यसै नगरमा भएको हो।

## २.२ भौगोलिक अवस्थिति :

यो नगरपालिका पूर्वमा पाटन नगरपालिका र सूर्नया गाँउपालिका रहेको छ। समुन्द्री सतहवाट न्यूनतम ५०० मिटर र अधिकतम ३१०० मिटर उचाइमा रहेको छ।

## २.३ स्थापना :

दशरथचन्द नगरपालिका : वि.स. २०५३ साल चैत्र महिनामा वैतडी जिल्लाका तत्कालिन ६ गा.वि.स.हरु क्रमश: खलंगा, दशरथचन्द, त्रिपुरासुन्दरी, बाराकोट, थालीगडा, र जगनाथ मिलाएर गठन भएको थियो । यसरी गठन भएको दशरथचन्द नगरपालिकामा १३ वटा वडाहरु कायम गरिएका थिए । ततपश्चात राज्य पुर्नसंरचना गर्दा साविकको दशरथचन्द नगरपालिका, गुरुखोला, देहिमाडौँ, दुर्गाभिवानी, ग्वालेक, नागार्जुन गा.वि.स. र दुर्गास्थानको केहि वडाहरु पुन : समावेश गरी नेपाल सरकार को मिति २०७३ फाल्गुन २७ गतेको निर्णय अनुसार यसको गठन भएको हो । हाल यस नगरपालिकालाइ ११ वटा वार्डमा विभाजन गरिएको छ । वडागत विवरण र क्षेत्रफल निम्न बमोजिम रहेको छ।

### तालिका नं १ : नगरपालिकाको गठन तथा वडागत क्षेत्रफल

| वडा नं. | समावेश साविक नगरपालिका /गा.वि.स. | साविक वडा | क्षेत्रफल (वर्ग किमी. मा ) |
|---|---|---|---|
| १ | गुरुखोला | १ देखी ९ सम्म | १६.४६ |
| २ | देहिमाण्डौ | १ देखी ९ सम्म | १४.२७ |

| वडा नं. | समावेश साविक नगरपालिका /गा.वि.स. | साविक वडा | क्षेत्रफल (वर्ग किमी. मा ) |
|---|---|---|---|
| ३ | दुर्गा भवानी | १ देखी ९ सम्म | ९.४२ |
| ४ | दशरथ चन्द | १ देखी ३ सम्म | १३.८२ |
| ५ | दशरथ चन्द | ४ र ५ | ७.७५ |
| ६ | दशरथ चन्द | ६, ७ र १२ | १३.०४ |
| ७ | दुर्गास्थान | ४ देखी ७ सम्म | ८.५१ |
| ८ | दशरथ चन्द | ८, ९ सम्म | ९.९४ |
| ९ | ग्वालेक | १ देखि ९ सम्म | १९.८५ |
| १० | दशरथ चन्द | १० र ११ | ९.७७ |
| ११ | नगार्जुन | १ देखी ९ सम्म | १२.१४ |
| **जम्मा** | | | **१३५.१५** |

*श्रोत : नापी कार्यालय, बैतडी*

## २.४ भू-बनावट :

दशरथचन्द नगरपालिकाको भु–बनौट विविधता युक्त रहेको छ । यस नगरपालिकाको भु–भाग मध्य केही भू-भाग बेसी, केही मध्य पहाडी र उच्च पहाडी क्षेत्र रहेका छन । भू-आकृतिमा भएको विविधता अनुसार यस नगरपालिकालाई तीन क्षेत्रमा विभाजन गर्न सकिन्छ।

### (क) बेसी :

तल्लो तटमा रहेका फाँटहरुका साथसाथै केही यस क्षेत्रमा पर्दछन्। पहाडको फेदमा रहेको खुल्ला समथर खेति योग्य जमिन यस क्षेत्र अन्तर्गत पर्दछ। भौगर्भिक इतिहासको पछिल्लो चरणमा निर्मित भूभाग भएको हुँदा यो क्षेत्र कमजोर र भूस्खलनशील रहेको छ।

### (ख) पहाडी क्षेत्र :

यस नगरपालिकाको अधिकांश भू-भाग मध्य पहाडी क्षेत्रमा पर्दछ। यहाँको भू-भाग पत्रे चट्टान एवं माटो ढुंगा को समिश्रणले भरिएको छ। यस भू-भागमा वनजङ्गलको मात्रा वढी छ। यो मानव वस्तीको सघनता रहेको क्षेत्र पनि हो।

### (ग) उच्च पहाडी भू-भाग :

यो भू-भाग कडा चट्टान कठिन धरातलीय स्वरुप भएका कारण मानव वस्ती यहाँ कम रहेको छ। उच्च पहाडी श्रृंखलाहरु र झाडी बुट्यानले यस क्षेत्रलाई ढाकेको छ।

## २.५ मुख्य नदी तथा ताल तलैयाहरु :

दशरथचन्द नगरपालिकाको उत्तर पश्चिम सिमाना भएर बग्ने महाकाली नदी यस भेगको प्रमुख नदीको रुपमा रहेको छ। यो नदी नेपालको दार्चुला जिल्ला र भारतको सिमाबाट उत्पत्ति भइ दशरथचन्द नगरपालिका को पश्चिमी क्षेत्र हुदै बग्दछ । यस नगरपालिकामा बग्ने साना साना खोलाहरुमा १२ रहेका

छन । यी खोलाहरुवाट खानेपानी तथा सिंचाईको लागि पानी प्रयोग भएको देखिन्छ । मानव वस्तीको क्रमिक विकास र जलवायु परिवर्तन तथा विश्व तापमान वृद्धी हुदा प्राकृतिक तालतलैयाहरू भूक्षय भई पुरिने र सुक्ने क्रम जारी छ ।

## २.६ नगरपालिकाको भू-उपयोगको विवरण :

दशरथचन्द नगरपालिकाको विद्यमान भू-उपयोग हेर्दा नगरपालिकाको २५.९५ प्रतिशत (१९.२० व.कि.मि) जमिन कृषि क्षेत्रको रुपमा रहेको छ भने ८.७८ प्रतिशत (११.८६ व.कि.मी.) वन तथा चरण क्षेत्र ले ओगटेको छ । खेतीयोग्य जमिनमध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ । नगरपालिकामा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित यस नगरपालिकाको खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ । दशरथचन्द नगरपालिकामा २६.७९ व.कि.मी क्षेत्र आवास क्षेत्रको रुपमा रहेको छ भने ४.९३ व.कि.मी जमिन नदी नालाले ओगटेको छ । त्यसैगरी १७ व.कि.मी जमिन सडकले ओगटेको पाइन्छ । नगरपालिकामा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा नगरपालिकाबासीहरुको आर्थिक हैसीयत वृद्धि गर्न र वातावरणमा प्रतिकुल असर पर्न नदिन के-कस्ता उत्पादन प्रणाली तथा नीतिहरु अवलम्बन गर्न सकिन्छ भन्ने विषयमा विस्तृत अध्ययन गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । भू-उपयोगको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

### तालिका नं २ : नगरपालिकाको भू - उपयोगको अवस्था

| विवरण | क्षेत्रफल (वर्ग किमी) | प्रतिशत |
|---|---|---|
| कृषि क्षेत्र | २५.९५ | १९.२० |
| वन तथा चरन क्षेत्र | ११.८६ | ८.७८ |
| आवास क्षेत्र | २६.७९ | १९.८२ |
| नदिनालाल ओगटेको क्षेत्र | ४.९३ | ३.६५ |
| ताल तलैया | ० | ० |
| सिमसार क्षेत्र | १.९६ | १.४५ |
| औद्योगिक क्षेत्र | ० | ० |
| सडकले ओगटेको क्षेत्र | १७.०० | १२.५८ |
| अन्य | ४६.६५ | ३४.५२ |
| **जम्मा** | **१३५.१४** | **१००** |

*स्रोत : दशरथचन्द नगरपालिकाको पार्श्वचित्र*

## २.७ हावापानी :

दशरथचन्द नगरपालिका क्षेत्रको जलवायु तल्लो भेगमा बेशी भागमा उष्ण, पहाडि भागतिर समशितोष्ण किसिमको हावापानी पाइन्छ । यो नगरपालिका समुद्र सतह देखि न्यूनतम ५०० मिटर र अधिकतम ३१०० मिटर उचाइमा रहेको छ । दशरथचन्द नगरपालिकामा औषत अधिकतम तापक्रम ३०.५ डिग्री र न्यूनतम तापक्रम चिसो मौसम मा ३ डिग्री सम्म रहेको पाइन्छ । यहा आषाढ, श्रावण र भाद्र महिनामा सबैभन्दा बढी वर्षा हुन्छ ।

## २.८ जनसङ्ख्याको विवरण :

राष्ट्रिय जनगणना २०७८ अनुसार दशरथचन्द नगरपालिकामा कुल घरपरिवार संख्या ७१९८ रहेको छ । दशरथचन्द नगरपालिकाको कुल जनसंख्या राष्ट्रिय जनगणना २०७८ अनुसार ३१५६७ रहेको छ । औषत घरपरिवारको आकार राष्ट्रिय जनगणना २०७८ अनुसार ४.३९ छ । त्यसैगरि लैंगिक अनुपात अनुसार ८६.२१ रहेको छ । वडागत जनसंख्या विवरण देहाय बमोजिम रहेको छ ।

## तालिका ३ : जनसंख्या वितरण

| वडा नं. | जनगणना २०७८ | | | | | |
|---|---|---|---|---|---|---|
| | घरधुरी | जनसंख्या | | | | |
| | | पुरुष | महिला | जम्मा | औषत परिवारको आकार | लैङ्गीक अनुपात |
| १ | ८४४ | १९४७ | २२७६ | ४२२३ | ५.०० | ८५.५४ |
| २ | ९६२ | १९७० | २३७३ | ४३४३ | ४.५१ | ८३.०२ |
| ३ | ४५९ | ९१७ | १०५४ | १९७१ | ४.२९ | ८७.०० |
| ४ | १३०५ | २५१७ | २६९६ | ५२१३ | ३.९९ | ९३.३६ |
| ५ | ५३९ | ११२२ | १२०४ | २३२६ | ४.३२ | ९३.१९ |
| ६ | ७३८ | १३७६ | १६३५ | ३०११ | ४.०८ | ८४.१६ |
| ७ | ३४२ | ६६६ | ८०९ | १४७५ | ४.३१ | ८२.३२ |
| ८ | ४४९ | ८३७ | ९५८ | १७९५ | ४.०० | ८७.३७ |
| ९ | ७९९ | १८४४ | २१७७ | ४०२१ | ५.०३ | ८४.७० |
| १० | ३७४ | ७०१ | ८७० | १५७१ | ४.२० | ८०.५७ |
| ११ | ३८७ | ७१८ | ९०० | १६१८ | ४.१८ | ७९.७८ |
| जम्मा | ७१९८ | १४६१५ | १६९५२ | ३१५६७ | ४.३९ | ८६.२१ |

स्रोत : राष्ट्रिय जनगणना २०७८

# परिच्छेद ३ : विगतका योजनाको क्षेत्रगत समीक्षा

मुलुक संघिय शासन प्रणालीमा गैसकेपछि स्थानिय तहको पुर्नसंरचना पश्चात यस नगरपालिकाले पहिलो आ. व. २०७४/७५ देखि आ. व. २०७९/८० सम्म ६ बटा बार्षिक नीति तथा कार्यक्रम ल्याइ कार्यान्वयन गरेको छ । नगरपालिकाले बिगतमा बार्षिक योजना र केही क्षेत्रगत योजना निर्माण गरि कार्यान्वयन गरेतापनि आवधिक योजना निर्माण गरिएको थिएन। आधारभूत सेवा सुविधामा नगरबासिको पहुँच बढाउन र योजनाबद्ध बिकासको प्रक्रियालाइ अगाडि बढाउन प्रथम आवधिक योजना निर्माणको थालनी गरिएको छ।

## ३.१ आर्थिक विकास क्षेत्र

नगरपालिकाले कृषि उत्पादन बढाउन व्यवसायिक खेती तथा कृषक प्रोत्साहन कार्यक्रमहरु संचालन गर्दै आएको छ। आर्थिक समृद्धिका लागि बेरोजगारी न्युनिकरण गर्ने, भौतिक पूर्वाधारहरुको द्रुत निर्माण गर्ने र सार्वजनिक सेवा प्रवाहको गुणस्तर बढाउदै लैजाने धेरै प्रयत्नहरु गर्न जरुरी छ।

नगरपालिका क्षेत्र भित्र २५९५ हेक्टर खेतियोग्य जमिन रहेपनि कृषि उत्पादनमा भएको बृद्धि सम्वन्धि एकिन तथ्यांकहरु उपलब्ध छैनन । तथापी बार्षिक कृषि उत्पादन धान, मकै, गहु,जौ, कोदो उत्पादन रहेको पाइन्छ । कृषकहरुको व्यवसायिक क्षमता विकासका लागि तालिम, गोष्ठीहरु प्रविधि हस्तान्तरणका माध्यमबाट व्यवसायिक ज्ञान सीप र क्षमताको बिकास गर्ने प्रयास गरिएको छ। तरकारी बालीतर्फ आलु, काउली, बन्दा, गोलभेडा, ब्रोकाउली, पालुंगो, रायो, मुला, प्याज, भण्टा, कांको, फर्सि, लौकी, घिरौला, भेडेखुर्सानी, भिण्डी उत्पादन भएको छ। दलहन बालीमा भटमास, मास, मसुरो, चना, गहत, बोडी, केराउ, रहर, गुरुस क्रमस: उत्पादन हुने गरेको छ। नगरपालिका द्वारा किसानहरुलाइ बिउबिजन तथा प्रविधिको व्यवस्था गरिदै आएको छ । कृषि उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम संचालनबाट कृषि उत्पादनमा केही हदसम्म बृद्धि भएको छ।

गाई, बाख्रा, भैसी, बंगुर, माछा, कुखुरा, टर्की पालनको सम्भावना रहेको नगरमा ८ बटा बाख्रा, २ बटा टर्की, ५बटा गाइ, २ बटा माछा, ८ बटा कुखुरा फर्म र ६ बटा भैसि समुह रहेको छ । नगरपालिकामा १ बटा बधसाला र १ वटा गाई र १ वटा भैसी पकेट क्षेत्र निर्धारण गरिएको छ।

नगरपालिकाले पशुपक्षिजन्य उत्पादन बृद्धि गर्न पशुपालक किसानहरुलाइ{ ज्ञान,सिप र अनुदान दिदै आएको छ। जसका कारण दुध र मासु तथा अण्डा उत्पादनमा बृद्धि भएको छ। उद्योग तथा रोजागरी क्षेत्र अन्तर्गत तालिम तालिम प्रदान गरिएको छ। यहा रहेको प्राचिन नेपाल-भारत सिमा नाका झुलाघाटमा महाकाली नदीमा पक्कि पुल निर्माण गर्न सके नगरपालिकाको आर्थिक बिकासमा ठुलो टेवा पुग्ने छ।

त्रिपुरासुन्दरी, जगन्नाथ, निगलासैनी, ईश्वरीगंगाधाम, पञ्चदेवल, ख्वाल्लेक केदार, असिमी केदार, नागार्जुन लगायतका धार्मिक पर्यटन केन्द्रहरुको पुर्वाधार विकास र शहीद दशरथचन्दको जन्मस्थल घर संरक्षण गरिएको छ।

## ३.२ सामाजिक विकास क्षेत्र

नगरका सबै वडामा स्वास्थ्य संस्था स्थापना गरिएको छ। जिल्ला अस्पताल लगायत स्वास्थ्य चौकी, लगायत १५ बटा स्वास्थ्य संस्थाले सेवा प्रवाह गरिरहेका छन । त्यसैगरी नगरमा ५ बटा एम्बुलेन्सको व्यवस्था गरिएको छ। सबै स्वास्थ्य संस्थामा बिपद् तथा महामारी प्रतिकार्यका लागी आरआरटी टिम गठन गरिएको छ । स्वास्थ्य र पोषण सम्बन्धी चेतनामुलक कार्यक्रमहरु सञ्चालन भैरहेको छ भने पूर्ण खोपयुक्त नगरपालिका घोषणा भएको छ। नगरपालिका भित्र -३ बटा OTC सेन्टर ले कुपोषण घटाउन सेवा प्रदान गरिरहेका छन।

नगरपालिकाको शिक्षा ऐन २०७९ पारित भइ{ कार्यान्वयनमा रहेको छ भने कक्षा १-३ को स्थानिय पाठ्यक्रम तयार भएको छ। प्राविधिक शिक्षा सञ्चालन गर्ने बिद्यालयमा थप अनुदान र प्रोत्साहनको

व्यवस्था गरिएको छ। सबै मा.बि.मा पुस्तकालय १ वटा विद्यालयमा एक विद्याथी एक ल्यापटप को व्यवस्था गरिएको छ । ८,१०,१२ कक्षालाइ अंग्रेजी ,गणित विषयको अतिरिक्त कक्षा सञ्चालन गरिएको छ । नगरपालिकाले विद्यालयमा स्यानिटरी प्याड वितरण गरेको छ । त्यसैगरी सबै माध्यमिक विद्यालयमा कम्प्युटर ल्यावको व्यवस्था छ । सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर बृद्धिका लागि आवश्यक पर्ने पूर्वाधार बिकास, सूचना प्रविधि, शैक्षिक सामग्री, विज्ञान प्रयोग लगायत व्यवस्था गरिएको छ।

अशक्त नागरिक तथा अपांगता नागरिकलाई वडा कार्यालय तथा नगरपालिकाले कार्यक्रम सञ्चालन गरेका छन । एकल महिला जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति, विशेष संरक्षणको आवश्यकता भएका बालबालिका, सीमान्तकृत र लोपोन्मुख समुदायका लागि राज्यको तर्फबाट भएको सामाजिक सुरक्षाको व्यवस्थालाई कार्यान्वयनमा उच्च प्राथमिकता दिइएको छ। एकल महिला हिंसा तथा द्वन्द पीडित महिला र पछाडि पारिएका महिलाहरुको लागि सशक्तिकरणका कार्यक्रम संचालन गरिएका छन सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणालीमार्फत वितरण गर्ने प्रबन्ध गरिएको छ।

नगरपालिकाले बालमैत्री स्थानीय शासन को प्रवर्द्धनका अभियान लाइ निरन्तरता दिएको छ। बिपन्न, दलित ,जनजाति, बालश्रममा परेका अभिभावक बिहीन, गरीब एवम् जेहेन्दार बालबालिकाहरुलाइ विशेष कार्यक्रम संचालनमा रहेका छन । खानेपानी तथा सरसफाइ तर्फ, WASH PLan निर्माण गरी कार्यान्वयनमा लगिएको छ।

## ३.३ भौतिक पूर्वाधार

नगरपालिकामा दशरथचन्द राजमार्गको २८ कि.मि. खण्ड रहेको छ। नगरपालिका क्षेत्रमा ११२ कि.मी. बाहै महिना चल्ने सडक निर्माण गरिएको छ । स्थानिय सडकलाइ ३ प्रकारले बर्गिकरण गरीएको छ । सबै वडाहरुमा सडक सञ्जालको बिकास गरिएको छ। यस नगर क्षेत्रमा महाकाली करिडोर निर्माण भैरहेको छ। वडा संग कनेक्टीभिटी बढाउने सडकहरूलाई उच्च प्राथमिकतामा राखी निर्माण तथा स्तरोन्नति भइरहेको छ। इश्वरी गंगा धामदेखि जगन्नाथ मन्दिर गढी सम्म ८८४८ खुड्किलाको पदमार्गको निर्माण भैरहेको छ। गोठालापानी देखि गढी सम्मको सडकको स्तरउन्नति तथा सौन्दर्यीकरण गरिएको छ । नगर क्षेत्रभित्र बसपार्क निर्माण गरिएको छ। झुलाघाटमा महाकाली नदीमा पक्किपूल निर्माणको प्रक्रिया अगाडी बढेको छ।

राष्ट्रिय भवन संहिताका साथै दशरथचन्द नगरपालिकाको भवन निर्माण सम्बन्धी मापदण्ड कडाइका साथ लागु गरिएको छ। खेलकुद पूर्वाधार निर्माणका लागि खेलमैदान निर्माण भैरहेको छ । नगरको सबै वडाहरुमा बिद्युतको पहुँच पुगेको छ। फाइबर लाइन बिस्तारले टेलिफोन र इन्टरनेट सेवा प्रभावकारी हुदै गएको छ।

## ३.४ वन वातावरण तथा विपद् व्यवस्थापन

नगरपालिकामा रहेका सामुदायिक वन समुहहरुले वन संरक्षणमा योगदान गरिरहेका छन । महाकाली जलाधार क्षेत्रको संरक्षणको काम भैरहेको छ। ग्वाल्लेक, परमडी गाड, निलगड गाड, घट्टीगाड आदी उपजलाधार क्षेत्रको संरक्षणको थालनी भएको छ।। नगरपालिका तथा वडा स्तरिय बिपद व्यवस्थापन गठन भएका छन । नगरपालिकाले स्थानिय बिपद तथा जलबायु उत्थानशिल योजना र बिपद पुर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । नगरपालिकामा प्रकोप व्यस्थापन गर्न बिपद व्यवस्थापन कोष संचालन गरिएको छ । नगरपालिकामा बिपद व्यवस्थापन सिकाइ केन्द्र रहेको छ । फोहरमैला व्यवस्थापनकालागी अस्थायी डम्पिङसाइड को व्यवस्था गरिएको छ भने फोहर उठाउने उपकरण र कर्मचारीको व्यवस्था गरिएको छ।

## ३.५ संस्थागत विकास र सुशासन

आन्तरिक आयको वृद्धि तथा दिगो विकासका लागि कर प्रशासनलाई व्यवस्थित बनाउन प्रयास गरिएको छ। सेवा प्रवाहको लागि आवश्यक न्यूनतम प्रशासनिक खर्च व्यवस्थापन सहित प्रशासनिक संरचना र कार्यलाई मितव्ययी बनाउन अनुत्पादक खर्च कटौती गर्दै लगिएको छ। प्रभावकारी सेवा प्रवाह तथा सुशासन प्रवर्द्धनका लागि नगरपालिकाको संगठन संरचना स्वीकृत गरी हरेक वडाबाट सेवा प्रवाह गरिएको छ। नगरपालिकामा सूचना अधिकारी तथा गुनासो सून्ने अधिकारीको व्यवस्था गरिएको छ। नगरपालिकामा कार्यरत कर्मचारी तथा पदाधिकारीहरूको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु संचालन भएका छन। त्यसै गरी विभिन्न ३९ वटा स्थानीय ऐन, कार्यविधि, निर्देशिका हरुको निर्माण गरी कार्यान्वयनमा रहेको छ।

कार्यपालिका सदस्यहरूको सम्पत्ति विवरण नियमित सार्वजनिक गरिएको छ। जनतालाई दिइने सेवालाई चुस्त र सरल बनाउनका लागि सबै वडालाई इन्टरनेटको माध्यमबाट जोडिएको छ। अनलाइन व्यक्तिगत घटना दर्ताको कार्यहरुमा बिस्तार गरिएको छ। स्थानीय सरकारबाट प्रदान गरिने सेवालाइ जनउत्तरदायी बनाउन र प्रत्येक वडा कार्यालयहरूमा नागरिक वडापत्र, सार्वजनिक सुनुवाइ गरिएको छ। नगरपालिकाको वेबसाइट निरन्तर अद्यावधिक भैरहेको छ। न्यायिक समितिले मुद्दाहरुलाइ समयमै किनारा लगाउने गरेको छ।

# परिच्छेद ४ : आवधिक योजना खाका

नेपालको सविधानमा स्थानिय तहलाइ प्रदत अधिकारको प्रयोग गरि तीन तहका सरकार बीच सहकार्य, सहअस्तित्व र समन्वय कायम गर्नु पर्ने संवैधानिक व्यवस्था रहेको छ। संघ प्रदेश र स्थानीय तहबीच कार्य जिम्मेवारीको बाँडफाँडका आधारमा नै आवश्यक श्रोतको समेत व्यवस्था गरेको छ। योजनाबद्ध विकासका योजना अगाडी बढाउन दिर्घकालिन सोच,लक्ष्य निर्धारण गरी उपयुक्त रणनीति र कार्यक्रमको माध्यमबाट उच्चतम वार्षिक बुद्धिदर हासिल गर्दै अगाडी बढ्नुको विकल्प छैन। परिवर्तनको सिद्धान्त अनुरुप पारदर्शी जवाफदेहीपूर्ण तथा विश्वसनिय बनाइ अगाडी बढ्नु पर्ने आवश्यकता नगरपालिकाले महसुस गरेको छ। यसै सन्दर्भमा यो आवधिक नगर बिकास योजना नतिजामुखी र दिगो विकासका लक्ष्य हासिल गर्नका लागि कार्यान्वयनमा लैजान अपरिहार्य जरुरी छ । यति मात्र होइन यो योजनाले पन्ध्रौ योजना (२०७६/७७-२०८०/८१) र सुदुरपश्चिम प्रदेशको प्रथम आवधिक योजना (२०७७/७८-२०८२/८३) का लक्ष्यहरुलाइ समेत हासिल गर्न आवस्यक छ।

## ४.१ दिगो विकास लक्ष्य र यस आवधिक योजनाको तादम्यता

दिगो विकास लक्ष्य (सन् २०३०)ले सबै प्रकारका गरिबीको उन्मूलन गरी न्यायपूर्ण,समतामुलक र सुरक्षित विश्व निमार्ण गर्ने परिकल्पना गरेको छ। दिगो विकास लक्ष्य हासिलगर्ने अभिभारा तिनै तहका सरकारको हो। अझ सेवा प्रवाहमा न्यायोचित पहुँच, स्थानीय पूर्वाधार विकास,दिगो विकास,सामाजिक विभेदको अन्त्य जस्ता बिषयहरु स्थानीय तहको कार्यक्षेत्रमा पर्ने भएकोले दिगो विकास लक्ष्य हासिल गर्ने महत्वपूर्ण दायित्व स्थानीय तहमा रहेको छ। दिगो विकासका लक्ष्य हासिल गर्न यसको स्थानीयकरण गरि उल्लेखित सूचक तथा लक्ष्यहरु हासिल हुने किसिमले योजना तर्जुमा र लगानी गर्न स्थानिय तहले भुमिका खेल्नु पर्दछ। शुन्य गरिबी, भोकमरीको अन्त्य, स्वस्थ र समृद्ध जिवनस्तर, गुणस्तरिय शिक्षा, लैङ्गिक समानता, स्वच्छ पानी र सरसफाइ, सम्मानित काम तथा आर्थिक उन्नति, असमानताको न्यूनीकरण लगायतका १७ वटा दिगो विकासका लक्ष्यहरुलाइ दशरथचन्द नगरपालिकाको आवधिक नगर विकास योजना तर्जुमा गर्दा आन्तरिकीकरण गरी आवधिक योजनामा निम्न कुराहरु समावेश गरिएको छ।

- नगरवासीको मौलिक हकको सुनिश्चितता
- स्थानीय श्रोत साधनको अधिकतम परिचालन
- दिगो विकास लक्ष्यलाई स्थानीय परिवेश अनुसार प्राथमिकीकरण
- जनसहभागिता अभिबद्धि
- श्रोतको दोहोरोपनको अन्त्य ।
- दिगोपनाको सुनिश्चितता
- लाभमा समानता

## ४.२ पन्ध्रौ योजनाको सोच :

पन्ध्रौ योजनाले लिएका सोच र रणनितिहरु निम्न बमोजिम रहेका छन।

**"समृद्ध नेपाल,सुखि नेपाली"**

नेपाल एक समुन्नत,स्वाधिन र समाजवाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जिवनस्तर भएका सुखि नागरिकहरु बसोबास गर्ने मुलुक हुनेछ।

| दिर्घकालिन राष्ट्रिय लक्ष्य | |
|---|---|
| **समृद्धि** | **सुख** |
| १.१ सर्वसुलभ आधुनिक पूर्वाधार एवं सघन अन्तर आवद्धता | २.१ परिष्कृत तथा मर्यादित जिवन |
| १.२ मानव पुँजी निर्माण तथा संभावनाको पुर्ण उपयोग | २.२ सुरक्षित, सभ्य र न्यायपूर्ण समाज |
| १.३ उच्च र दिगो उत्पादन तथा उत्पादकत्व | २.३ स्वस्थ र सन्तुलित पर्यावरण |
| १.४ उच्च र समतामुलक राष्ट्रिय आय | २.४ सुशासन |
| | २.५ सबल लोकतन्त्र |
| | २.६ राष्ट्रिय एकता,सुरक्षा र सम्मान |

## ४.३ दीर्घकालीन राष्ट्रिय रणनीति

१. तीव्र, दिगो र रोजगारमूलक आर्थिक बृद्धि गर्ने,
२. सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चित गर्ने,
३. आन्तरिक तथा अन्तरदेशीय अन्तर आबद्धता एवम् दिगो शहर बस्ती बिकास गर्ने,
४. उत्पादन र उत्पादकत्व अभिबृद्धि गर्ने,
५. पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण गर्ने,
६. गरिबी निवारण र आर्थिक सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने,
७. प्राकृतिक स्रोतको संरक्षण र परिचालन तथा उत्थानशीलता बिकास गर्ने र
८. सार्वजनिक सेवाको सुदृढीकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता सम्वर्द्धन गर्ने ।

## ४.४ सुदुरपश्चिम प्रदेशको दीर्घकालीन सोच

**"आत्मनिर्भरता उन्मुख समृद्ध सुदुरपश्चिम"**

आर्थिक र सामाजिक क्षेत्रमा आत्मनिर्भरता तथा समृद्धि सहितको सम्मानजनक जिवनयापन गर्ने सुखी नागरिक बसोबास गर्ने प्रदेश ।

## ४.५ सुदुरपश्चिम प्रदेशको दिर्घकालिन लक्ष्य

आत्मनिर्भरता उन्मुख, समृद्ध प्रदेश निर्माणकालागी देहायबमोजिमका दिर्घकालिन लक्ष्यहरु निर्धारण गरिएका छन :

१. भौतिक,आर्थिक,हरित र सामाजिक पुर्वाधारको सन्तुलित विकास
२. कृषि,उर्जा र उद्योगको उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि
३. मानव पुँजीको विकास
४. गरिबि निवारणका लागी उच्च,दिगो र समतामुलक प्रादेशिक आय
५. दक्ष जनशक्तिको निर्माण र प्रदेश भित्रै उच्चतम सदुपयोग
६. समावेशी, लैङ्गिक समतामुलक, बिभेद र बन्चितिकरण रहित सुरक्षित, सभ्य, मर्यादित र न्यायपूर्ण समाज
७. सुशासन
८. दिगो बिकासका लक्ष्य हासिल

## ४.६ प्रदेशको दिर्घकालिन रणनिति :

१. कृषि क्षेत्रको आधुनिकिकरण तथा व्यावसायीकरण, उद्योग र सेवा क्षेत्रमा स्वच्छ र आधुनिक प्रविधिको

प्रयोग गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।

२. हरित उर्जाको उत्पादन तथा प्रदेशलाइ पर्यटकिय, शैक्षिक तथा व्यापारिक केन्द्रको रुपमा विकास गरि उच्च, दिगो र रोजगारमूलक आर्थिक वृद्धि हासिल गर्ने।

३. आधुनिक पूर्वाधार निर्माण एवम् अन्तर आवद्धता विकास गर्ने।

४. सर्वसुलभ तथा अत्याधुनिक स्वास्थ्य सेवा र जिवनोपयोगी तथा गुणस्तरिय प्राविधिक शिक्षाको सुनिश्चितता गर्ने।

५. सामाजिक सुरक्षा,समावेशीकण्रण,संरक्षण,लैङ्गिक समता र समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने

६. प्राकृतिक स्रोत साधनको समुचित उपयोग तथा उत्थानशिलता प्रवर्द्धन गर्दै "हरित प्रदेश" कायम गर्ने।

७. डिजिटल प्रदेशको अवधारणालाइ आत्मसात गर्दै सार्वजनिक सेवामा सु-शासन प्रत्याभुत गर्ने।

## ४.७ प्रदेश रुपान्तरणका प्रमुख सम्वाहकहरू

१. गुणस्तरिय र वातावरणमैत्री भौतिक पुर्वाधार
२. जलविद्युत उत्पादन
३. कृषि तथा वन सम्पदा
४. पर्यटन क्षेत्रको प्रवर्द्धन
५. मानव पूँजीको निर्माण तथा पूर्ण उपयोग
६. औद्योगिक उत्पादन तथा प्रतिस्प्रधात्मक क्षमता वृद्धि
७. व्यवस्थित तथा आधुनिक शहरीकरण
८. बहुलतायुक्त सांस्कृतिक वैभव एवम् मनोहर भूपरिदृश्य

## ४.८ सहयोगी क्षेत्रहरू

योजनाको कार्यान्वयनका सहयोगी पक्ष र वातावरण निम्न अनुसार रहेका छन।

१. प्राकृतिक स्रोत साधनमा सम्पन्नता,मनोरम तथा विविधतायुक्त भू-बनोट र पर्यावरणीय विविधता।

२. भौगोलिक अवस्थिति तथा प्रचुर आर्थिक सम्भावना भएको भारतको राजधानी नया दिल्ली र चिनको मानसरोवर संगको निकट दुरीले एसियाका दुइ सभ्यता बिच "सेतु" बन्न सक्ने स्थिति।

३. भौतिक पूर्वाधार ( सडक,उर्जा )।

४. युवा जनशक्तिको बाहुल्यता सहितको जनसांख्यिक लाभ।

५. सामाजिक विविधता, साँस्कृतिक वैभव, पहिचान, परम्परागत ज्ञान र सामाजिक पूँजी।

६. सामाजिक तथा सामुदायिक संस्था, साझेदारी, पारस्परिकता र उत्थानशिलता।

७. सुचना प्रविधिको संजालीकरण तथा प्रविधि तर्फ झुकाव भएको जनशक्ति।

८. सार्वजनिक, निजी र सहकारी क्षेत्रको वित्तिय स्रोतको उपलब्धता।

## ४.९ नगरपालिकाको दीर्घकालिन सोच

दशरथचन्द नगरपालिकाको पूर्वतयारी गोष्ठी विषयगत समूह छलफल तथा अन्तिम कार्यशाला गोष्ठीमा सहभागीबीचको छलफल तथा विषयविज्ञको सुझाव तथा परामर्शका आधारमा यस नगरपालिकाले तय गरेको दीर्घकालिन सोचलाइ नै यस नगरपालिकाको दीर्घकालिन सोचका रुपमा आत्मसात गरिएको छ।

**"आर्थिक,सामाजिक,पुर्वाधार र दिगो विकासको अभियान**
**समानता र सुशासन दशरथचन्दको पहिचान"**

## ४.१० आवधिक नगर विकास योजनाको लक्ष्य

आवधिक योजना निर्माणको क्रममा भएका विभिन्न छलफल तथा गोष्ठीहरुबाट आएका सुझावहरुका आधारमा नगरपालिकाको समष्टिगत विकासका लागि निम्न अनुसारको विषयगत लक्ष्य लिइएको छ :

- आधुनिक व्यवसायीक कृषी तथा पशुपालनका माध्यमबाट खाद्य सुरक्षाको सुनिश्चितता, पर्यटन सेवा विस्तार र उद्योग प्रवर्धन सहितको आर्थिक बृद्धि गरी रोजगार सृजना गर्ने ।
- आधारभूत तथा गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा तथा खानेपानी सेवामा न्यायोचित पहुँच एवं लक्षित वर्गको सशक्तीकरण गरी समावेशी तथा समतामूलक समाज निर्माण तथा कला संस्कृतिको उन्नयन गर्ने ।
- मापदण्ड सहितका गुणस्तरिय भौतिक संरचना, बिद्युत, सञ्चार सहितको व्यवस्थित बस्ती बिकास गरि स्मार्ट नगर निर्माण गर्ने ।
- जल,जमिन र जंगलको संरक्षण र बिपद तथा जलवायु परिवर्तन सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरी बिपद जोखिम उत्थानशिल नगर निर्माण गर्ने ।
- नगरपालिकाको संरचना र मानव शंसाधनको उचित व्यवस्थापन र दक्षता बृद्धि गरी योजना तर्जुमा प्रक्रियालाई सुदृढ तथा सुशासन कायम गर्ने ।

## ४.११ नगर विकासका उद्धेस्यहरू

**आर्थिक विकास :** आधुनिक व्यवसायिक पुशपालन, कृषि, पर्यटन र उद्यमशिलताको विकास मार्फत समुदायको दिगो आर्थिक बिकासमा टेवा पुगेको हुने,

**(सामाजिक विकास) :** शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका आधारभूत आवश्यकताको न्यायोचित रुपमा प्रत्याभूति गर्दै नगरपालिकामा लक्षित बर्गको उत्थान तथा स्थानीय स्तरमा दक्ष प्राविधिक जनशक्ति बिकास भएको हुने,

**पुर्वाधार विकास:** पर्याप्त पुर्वाधार तथा दिगो भैतिक संरचानको बिकास भएको हुने

**वन वातावरण र विपद व्यवस्थापन तथा जलवायु परिवर्तन :** पर्यावरणीय तथा जैविक बिविधताको संरक्षण, सम्बर्द्धन, समुचित उपयोग एवं बिपद पुर्व तयारीका साथै जलबायु परिवर्तनका असरलाई न्यूनीकरण गर्न अनुकुलनका उपायहरुको अवलम्बन भएको हुने,

**सुशासन तथा संस्थागत विकास:** नगरपालिकाले प्रदान गर्ने सेवालाई गुणस्तरिय, प्रविधिमैत्री बनाइ सेवाग्राही स्न्तुष्ट भएको हुने,

## ४.१२ प्राथमिकताका क्षेत्रहरू

नगरपालिकाले राखेको दीर्घकालीन सोच, आवधिक नगर बिकास योजनाले निर्धारण गरेको लक्ष्य र बृहत तथा क्षेत्रगत उद्देश्य हासिल गर्न देहाय अनुसारका विषय क्षेत्रलाई विशेष प्राथमिकता दिइने छ।

क) कृषि
ख) पुर्वाधार
ग) पर्यटन
घ) शिक्षा
ङ) स्वास्थ्य
च) पर्यावरण
छ) उद्योग तथा बाणिज्य
ज) बिपद व्यवस्थापन

### ४.१३ परिमाणात्मक लक्ष्य :

आवधिक योजना अवधिमा हासिल गरिने समष्टिगत परिमाणात्मक लक्ष्य तल तालिकामा उल्लेख गरिएको छ । मानव विकास सूचकांक आर्थिक वृद्धिदर, निरपेक्ष गरिबीको रेखामुनीको जनसंख्या औषत आयु प्रतिव्यक्ति वार्षिक आय जस्ता विषयहरु नगरपालिकाको हकमा मापन गर्न सकिने अवस्था छैन । सूचकहरुको आधार वर्षको अवस्था नगरपालिकास्तरमा उपलब्ध हुनसक्ने अवस्था छैन ।

सुदुरपश्चिम प्रदेशले आ.व. २०८२/८३ सम्म हासिल हुने भनी लिएका लक्ष्यहरु हासिल गर्दै आवधिक योजनाको अन्तिम वर्ष आ.व. २०८४/८५ सम्म दशरथचन्द नगरपालिकाको परिमाणात्मक लक्ष्यको प्रक्षेपण गरिएको छ ।

**तालिका ४ : परिमाणात्मक लक्ष्य**

| क्र.सं | सुचक | सुदुरपश्चिम प्रदेशको लक्ष्य | | नगरपालिकाको लक्ष्य |
|---|---|---|---|---|
| | | आधार वर्ष (२०७७/७८ को स्थिति ) | प्रथम पञ्चवर्षिय योजनाको लक्ष्य (२०८२/८३) | आधिक योजनाको (२०८४/८५) |
| १ | वार्षिक औषत आर्थिक वृद्धिदर | ३.६ | १०.५ | १० |
| २ | प्रतिव्यक्ति आय (अमेरिकी डलर) | ९१८ | १७१५ | १७१५ |
| ३ | निरपेक्ष गरिबिको रेखामुनी रहेको जनसंख्या (प्रतिशत) | २४.६ | ११ | ११ |
| ४ | बहुआयामिक गरिबिमा रहेको जनसंख्या (प्रतिशत) | २५.३ | १३ | १३ |
| ५ | मानव विकास सुचकांक | ०.५४७ | ०.६२१ | ६२१ |
| ६ | लैङ्गिक विकास सुचकांक | ०.९०३ | ०.९६३ | ०.९६३ |
| ७ | सम्पत्तिमा आधारित गिनी गुणक | ०.३२ | ०.२९ | ०.२९ |
| ८ | अपेक्षित आयु (जन्महुदाको)(वर्ष) | ६९.८ | ७२ | ७२ |
| ९ | मातृ मृत्युदर (प्रति लाख जिवित जन्ममा) | १४.१ | १० | ९ |
| १० | ५ वर्ष मुनिका बाल मृत्युदर (प्रतिहजार जिवित जन्ममा) | ६९ | ३९ | ३५ |
| ११ | ५ वर्षमुनिका कम तौल भएका बालबालिकाको प्रतिशत | ३३.३ | १५ | १२ |
| १२ | साक्षरता दर | ६३.५ | ९० | ९५ |
| १३ | माध्यमिक तह (९-१२ मा खुद भर्नादर) (प्रतिशत) | ४९.३ | ६५ | ६५ |
| १४ | उच्च शिक्षामा कुल भर्ना दर (प्रतिशत) | १६ | २५ | २८ |
| १५ | विद्युत उत्पादन (मेगावाट) | ५२ | २५० | १०० |
| १६ | विद्युतमा पहुँच प्राप्त जनसंख्या (प्रतिशत) | ६४.६९ | ९९ | ९९ |
| १७ | इन्टरनेट प्रयो गकर्ता (कुल जनसंख्यामा प्रतिशत | ४७.८ | ८० | ७० |
| १८ | बेरोजगारी दर (प्रतिशत) | ११.५ | ७.५ | ८ |
| १९ | आधारभुत सामाजिक सुरक्षामा आवद्ध जनसंख्या (प्रतिशत) | ५ | ५० | ५० |
| २० | ३० मिनेटको दुरीमा यातायात पहँच भएको परिवार (प्रतिशत) | - | ८५ | ८५ |

## ४.१४ समस्टिगत रणनितिहरु :

यि परिमाणात्मक लक्ष्य हासिल गर्न नगरीलिकाले देहाय बमोजिमका रणनितिहरु अवलम्वन गर्ने छ।

- कृषि र पशुपंक्षीजन्य उत्पादनको आधुनिकिकरण, व्यवसायीकरण, विविधिकरण गरि उत्पादन वृद्धि गर्ने
- पर्यटन प्रवर्धन तथा उद्योग व्यवसायको सिर्जना र विकासद्धारा दिगो रोजगारी, आय तथा आर्थिक वृद्धि गर्ने
- झुलाघाट भन्सारको स्तरउन्नति, वाणिज्य क्षेत्रको विस्तार र उद्यमशीलता विकासबाट रोजगारीको अवसर सृजना गर्ने।
- नगरबासीको खाद्य सुरक्षा तथा पोषण स्थितिमा सुधार गर्ने।
- नगरबासी हरुलाइ गुणस्तरीय, प्रविधिक तथा सीपमूलक शिक्षामा जोड दिने
- नगरबासीलाई उपलब्ध स्वास्थ्य सेबाको गुणस्तर बढाउने।
- स्वच्छ खानेपानी र सरसफाई, सामाजिक सुरक्षा तथा सशक्तिकरणद्वारा स्वस्थ, सिर्जनशिल र सीपयुक्त मानवीय शक्तिको विकास गर्ने।
- युवा वर्गको क्षमता विकास गरी उनीहरुलाई सामाजिक, आर्थिक र खेलकुद गतिविधिमा संलग्न गराउने।
- उपेक्षित उत्पीडित सीमान्तीकृत अल्पसङ्ख्यक तथा अति विपन्न वर्ग र समुदायलाई सशक्तिकरण गरी रोजगारमूलक तथा क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गर्ने।
- सडक सन्जाललाई विस्तार तथा पुल निर्माण गर्ने तथा यातायात संचालन लाइ भरपर्दो बनाउने
- पूर्वाधारहरुको विकास गर्न सार्वजनिक निजी साझेदारी अवधारणालाई अवलम्बन गर्ने।
- सामुदायिक सहभागितामा वन पैदावारको उत्पादन जैविक बिविधता र भू तथा जलाधारको संरक्षण गर्ने।
- वातावरण तथा बिपद व्यवस्थापन, जलवायु परिवर्तन अनुकुलन, जैविक विविधता संरक्षण, गरि दीगो र उत्थानशील समुदाय  बनाउने।
- अन्तर सरकार, निजी क्षेत्र र नागरिक समाज साझेदारीको माध्यमद्धारा विकासको गतिलाई तिब्र बनाउने।
- नगरपालिका बाट प्रवाह हुने सेवा सुविधालाइ सरल, पहुँचयोग्य तथा गुणस्तरिय बनाउदै सेवाग्राही मैत्री बनाउने।

## ४.१५ नगरपालिकाका समृद्धिका संवाहकहरु

दशरथचन्द नगरपालिकाका जनप्रतिनिधि, शाखा तथा सरोकारवालाहरुसँगको छलफल तथा अन्तरक्रियाका आधारमा नगरपालिकाको सम्वृद्धि लाइ तिब्रता दिन समृद्धिका मुख्य संवाहकहरु देहाय बमोजिमका छन।

**४.१५.१ कृषि तथा पशुपालन** : कृषि तथा पशुपालनको आधुनिकिकरण, व्यवसायिक विकास, यान्त्रिकरण तथा बजारीकरणलाई नगरपालिकाले प्राथमिकताका साथ अगाडि बढाउने छ। त्यसैगरी कृषि तथा पशुजन्य उत्पादनको बजारीकरणका लागि मूल्य श्रृङखलामा आधारित विकासलाई प्राथमिकता दिईने छ। नगरमा बैज्ञानिक भु-उपयोग नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याई कृषि भूमिको संरक्षण गर्ने, पशु चरनको क्षेत्र

विस्तार गर्ने कार्यलाई प्राथमिकता दिइने छ। त्यसैगरी सिँचाई पुर्वाधारको विस्तार गरी खेतियोग्य भूमिमा १२ महिना नै सिँचाई पुऱ्याईने छ।

**४.१५.२ पर्यटन** : आन्तरिक र बाह्य पर्यटकलाइ आकर्षण गर्न यो नगरपपालिकामा धार्मिक, सांस्कृतिक र भौगोलिक पर्यटन स्थलको संरक्षण, पुर्वाधार निर्माण, ताल पोखरीको व्यवस्थापन, होमस्टे तथा होटलको क्षमता विस्तार र निर्माण गरी पर्यटन प्रवर्द्धनका साथै आय आर्जनको माध्यमको रुपमा पर्यटन क्षेत्रको विकास गरिने छ।

**४.१५.३ शिक्षा तथा स्वास्थ्य** : नगरपालिका क्षेत्रमा रहेका सबै विद्यालयको गुणस्तरमा सुधार गरी सम्पूर्ण सामुदायिक विद्यालयलाई नमुना विद्यालयको रुपमा विकास गरिनेछ। आधारभुत तथा गुणस्तरिय स्वास्थ्य सेवामा सबै नगरबासीको पहुँच पुऱ्याइने छ।

**४.१५.४ बाणिज्य क्षेत्रको विस्तार र लगानी :** यस नगरपालिकामा स्थानिय पुँजी परिचालन गर्न स्थानिय कच्चा पदार्थमा आधारित उद्योगहरुको विस्तार गर्न जरुरी छ। बाणिज्य क्षेत्रमा लगानी विस्तारले आर्थिक वृद्धि र रोजगार सृजना हुनेछ। त्यसैगरी यहाका स्थानिय उत्पादित वस्तुको बजारीकरण गर्न आवस्यक छ।

**४.१५.५ झुलाघाट भन्सार र राजमार्ग संग सडक सञ्जालको पहुँच :** दशरथ चन्द लोकमार्ग र मध्यपहाडी लोकमार्ग संग जोडिएको यस नगरपालिकामा राजमार्गसंग वडाका बस्तिहरु जोडिने सडकरुको निर्माण र स्तरउन्नति बाट नगरपालिकाले रणनितिक लाभ लिन सक्छ। जसले स्थानिय उत्पादनलाइ बजारको पहुँचमा ल्याउन सकिन्छ। यसका साथै नेपाल भारत सिमाको ऐतिहासिक झुलाघाट भन्सारलाइ व्यवस्थित गर्न सके व्यापार व्यावसायमा फड्को मार्न सकिने छ।

## ४.१६ आवधिक योजना तर्जुमाका सिद्वान्त :

**क) पहिचान र संस्कृति :** प्रकृति बाट प्राप्त स्रोत तथा साधनको पहिचान र अधिकतम तवरले सन्तुलित प्रयोगले दीगो विकासलाई सुनिश्चित गर्छ। त्यसै गरी सामाजिक श्रोतको रुपमा स्थापित संस्कृति र पहिचानले विकासमा समुदायको अपनत्व सृजना गराउछ जसले दीगो विकासमा योगदान पुऱ्याउछ। तसर्थ प्रस्तुत आवधिक योजनाले नगरपालिकाको विकासका मूल्य मान्यता मध्ये प्रकृति, संस्कृति र पहिचानलाई एउटा महतवपूर्ण पक्षको रुपमा आत्मसात गरेको छ।

**ख) सहकार्य, सहअस्तित्व र समन्वय** :नेपालको संविधानले तीनै तहका सरकारहरु बीच सहकार्य, सहअस्तित्व र समन्वयको सम्बन्ध उल्लेख गरेको छ। संविधानको धारा २०६ (१) (ट) मा संघ, प्रदेश, र स्थानीय तहलाई संघीय इकाई भनी परिभाषित गरेको छ भने राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ ले राजस्व र अनुदान सिफारिस र प्राकृतिक स्रोतको परिचालन गर्दा लिईने अधिकार र हिस्साको निर्धारण गर्ने व्यवस्था गरेको छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रदेश समन्वय परिषदको व्यवस्था गरी प्रदेश र स्थानीय तहले गर्ने काममा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकारको प्रयोग तथा प्राकृतिक स्रोतको उपयोग तथा बाँडफाँड सम्बन्धी व्यवस्था गरेको छ। यसर्थ नगरपालिकाको आवधिक योजनाले विकासको खाका कोर्दा उल्लिखित संवैधानिक व्यवस्थाको मर्मलाई अंगिकार गरेर अघि बढ्नु पर्ने भएकाले संघ तथा प्रदेश सरकार सहित नीजि क्षेत्र, गैरसरकारी संस्था, सामुदायिक संस्था, कृषक समूह, महिला तथा विपन्न वर्ग आदि सँगको सहकार्य, सहअस्तित्व र समन्वयलाई नगरपालिकाको विकासको अर्को सिद्धान्तका रुपमा लिईने छ।

ग) **स्थानीय आवश्यकता** : स्थानीय सरकारको मुख्य जिम्मेवारी सामाजिक न्याय, समतामूलक तथा लोककल्याणकारी समाजको बिकासमा योगदान पुऱ्याउनु हो जसले समाजका सबै तह, तप्का र वर्गक्षेत्रका नागरिकको आवश्यकतालाई सम्बोधन गर्न सक्छ। सहभागितामूलक, समावेशीमूलक तथा उत्प्रेरणात्मक बिकास प्रक्रियाले मात्र महिला, बालबालिका,पछाडि पारिएका वर्ग, आदिवासी जनजाती, दलित, मुस्लिम लगायतका समुदायको आवश्यकतालाई सम्बोधन गर्ने भएकाले नगरपालिकाले गर्ने विकास प्रक्रियाले ती स्थानीय सम्भावनाहरुको पहिचान र त्यसमा ध्यान पुऱ्याउनेछ।

घ) **लैंगिक समानता र सामाजिक समावेशीकरण** : लोकतान्त्रिक शासन व्यवस्थाको सुन्दर पक्ष भनेकै समाजका सबै तह र तप्काका नागरिकको राज्यमा समान र सहज पहुँच सहितको सहभागितामूलक शासकीय व्यवस्थापन गर्नु हो । तसर्थ प्रस्तुत आवधिक योजनाले नगरपालिकाको योजनाबद्ध बिकासका लागि लैंगिक समानता र सामाजिक समावेशीकरणका सबै आयामलाई समावेश गर्ने छ।

ङ) **शुसासन तथा संस्थागत विकास** : संघीय लोकतान्त्रिक राज्य प्रणालीमा वर्तमान राजनीतिक व्यवस्था रुपान्तरित भैसकेको अवस्थामा स्थानीय तहको संरचनालाई मजबूत बनाउनु आवश्यक छ । तसर्थ प्रस्तुत आवधिक योजनाले नगरपालिकाको संस्थागत संरचनालाई प्रभावकारी र चुस्त बनाउन अपनाउनु पर्ने कार्यनीति तर्फ ध्यान केन्द्रित गर्नेछ।

च) **स्रोतको दिगो व्यवस्थापन :** संविधानले स्थानीय तहलाई अधिकार सम्पन्न सरकारको रुपमा परिकल्पना गरेको संदर्भमा नगरपालिकाले उपलब्ध श्रोतको दिगो व्यवस्थापन गर्ने छ।

छ) **गुणस्तरीय पूर्वाधार** : पूर्वाधार दिगो विकासको आधार हो। गुणस्तरीय पूर्वाधार निर्माणका लागी नगरले योजनाबद्ध पुर्वाधार निर्माणलाइ ध्यान दिने छ।

ज) **बजार अर्थतन्त्रसँगको सम्बन्ध** : बजार प्रतिस्पर्धामा आधारित आजको विश्व, अनि त्यसैबाट निर्देशित नेपाल सरकारको नीतिबाट नगरपालिका अछुतो रहने कुरै भएन। तसर्थ नगरपालिका बिकास क्षेत्रिय, राष्ट्रिय तथा अन्तराष्ट्रिय बजार अर्थतन्त्रको विकास, उत्पादन, उद्यमशीलता, तथा रोजगारी जस्ता बिषयसंग जोडिन सक्नु पर्छ। त्यसका लागि नगरपालिकामा उत्पादित बस्तु तथा सेवामा गुणस्तरीयता कायम हुन आवश्यक हुन्छ भने स्थानीय उद्यमीलाइ बजार पहुँचको सहजता पनि उत्तिकै आवश्यक हुन्छ।

झ) **लाभको न्यायोचित वितरण** : स्थानीय सरकारको मुख्य कर्तव्य नागरिकको सन्तुष्टीको स्तरलाइ उच्च बनाउनु भएकाले प्रस्तुत आवधिक योजनाले नगरपालिकाका त्यस्ता पक्षहरुको बिकास र प्रवर्द्धनमा जोड दिने छ जसले लाभको न्यायोचित वितरणलाई टेवा पुऱ्याउने छ।

## ४.१७ समष्टिगत कार्यनितिहरु

आवधिक योजनाले निर्धारण गरेका रणनीतिहरु प्राप्तिका निमित्त निम्न बमोजिम मुख्य मुख्य कार्यनीतिहरु अपनाइने छ।

- कृषिको तथा पशुपक्षि उत्पादनको व्यवसायिकरण, प्रविधि र यान्त्रिकरणलाइ प्रोत्साहन तथा प्रवर्द्धन गरिनेछ ।
- कृषि तथा पशुपक्षि उत्पादन र उत्पादकत्व वृद्धिका लागि आवश्यक कृषि पूर्वाधारको स्थापना र प्राविधिक जनशक्ति तयार गरिनेछ ।
- स्थानीय कच्चा पदार्थमा आधारित उत्पादन, प्रशोधन उद्योग स्थापनामा जोड दिइनेछ।
- उद्योग स्थापना गर्न आवश्यक पर्ने लगानी बृद्धिको लागि उद्यमीहरुलाई वित्तीय संस्था मार्फत सस्तो ब्याजदरमा ऋण उपलब्ध गराउन सहजीकरण गरिनेछ।

- पर्यटकीय स्थानहरूको संरक्षण तथा प्रचारप्रसार गरिनेछ।
- शिक्षाका लागी गुणस्तरिय तथा प्रविधिमैत्री शिक्षामा जोड दिईनेछ।
- शिक्षाको गुणस्तर बृद्धि गर्न पर्याप्त जनशक्ति, क्षमता विकास, शिक्षण सामाग्री व्यवस्था गरिनुका साथै विद्यालयहरुको नियमित अनुगमन गरिनेछ।
- अस्पताल स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य संस्थाहरूको स्तरोउन्नति,पूर्वाधार निर्माण तथा क्षमता वृद्धि गरिनेछ।
- स्वास्थ्य संस्थामा दक्ष जनशक्ति तथा क्षमता विकासको साथै आवस्यक उपकरणहरुको व्यवस्था गरिने।
- महिला सशक्तिकरणका लागी सीप विकास तालिम तथा महिला उद्यमशिलता कार्यक्रम संचालन गरिनेछ।
- दलित, उत्पीडित वर्गको लागि बजार मागमा आधारित वस्तु तयार गर्ने परम्परागत सिपलाइ उत्पादनमूलक क्षेत्रमा सीप तथा श्रोत हस्तान्तरण गरी उत्पादित वस्तुको बजारीकरणलाई सुनिश्चित गरि आर्थिक सवलीकरण गरिनेछ ।
- नगरपालिका भित्र नै खेल प्रशिक्षण तालिम तथा खेलाडीहरुलाई आवश्यक खेल सामग्री उपलब्ध गराईनेछ।
- सरसफाई तथा फोहरमैला व्यवस्थापन गरी नगर सरसफाई अभियान संचालन गरिनेछ।
- नगरपालिकाको सबै बस्तिहरुमा सडक निर्माण र भएका सडकहरुको स्तरोन्नति गरिनेछ।
- अति विपन्न,सीमान्तकृत लोपोन्मुख, विपन्न दलितका लागी एकीकृत बस्तिको अवधारणा अघि बढाइनेछ।
- सिंचाइ सेवा विस्तार र प्रणालीको दिगोपनाका लागि उपभोक्ताहरूको सहभागितामा व्यवस्थापन र उपयोग गर्ने पद्धतिमा विकास गरिने छ।
- नगरवासीलाई विपद् पुर्वतयारी र प्रतिकार्यको लागि क्षमता अभिवृद्धि गरिने छ।
- नगरपालिकामा गुनासो सुनवाई कक्ष र सहयोग कक्ष स्थापना गरिनेछ।
- न्यायिक समितिको सुदृढिकरण गरि न्याय सम्पादन प्रकृयालाइ सरल र भरपर्दो बनाइने छ।
- सेवा प्रदायकको सामाजिक जवाफदेहिता अभिवृद्धि गर्न सामाजिक परिक्षण, सार्वजनिक सुनुवाइ गरिनेछ।
- नगरपालिकाको अभिलेख व्यवस्थापन गरि तथ्याङ्कहरुलाइ अद्यावधिक गर्दै लगिने छ।
- नगरपालिकामा आवस्यक मानव संसाधनको व्यवस्था र क्षमता विकास गरिने छ।
- नगरपालिकाको आन्तरिक श्रोत बृद्धि गर्न प्रभावकारी कार्यक्रम सञ्चालन गरिने छ।

### ४.१८ मुख्य कार्यक्रमहरू :

यस आवधिक योजनाले निर्धारण गरेका लक्ष्य,उद्देस्य प्राप्त गर्न निम्न कार्यक्रम सञ्चालन गरिने छ।

- कृषिमा यान्त्रिकिकरण तथा बजारीकरणका कार्यक्रमहरु तथा अनुदान
- शीत भण्डार,चिस्यान केन्द्र स्थापना
- सिप विकास र रोजगारी प्रवर्द्धन

- व्यावसायिक तथा प्राविधिक सिप विकास कार्यक्रम
- युवा उद्यम विकास कार्यक्रम
- पर्यटन तथा कला संस्कृति प्रवर्द्धन
- विद्यालयमा गुणस्तर  सुधार कार्यक्रम
- विद्यालय भौतिक सुधार र जनशक्ति व्यवस्थापन
- प्राविधिक शिक्षा विस्तार
- बालमैत्री स्थानिय शासन प्रवर्द्धन कार्यक्रम
- अपाङ्गता भएका व्यक्तिका लागि विशेष कार्यक्रम,
- सुरक्षित मातृत्व कार्यक्रम,
- स्वास्थ्य संस्थाहरुको निर्माण तथा स्तरोन्नती कार्यक्रम,
- गरिब तथा विपन्न वर्गलाई निशुल्क स्वास्थ्य बिमा,
- महिला नेतृत्व विकास तथा महिला सशक्तीकरण कार्यक्रम,
- दलित उत्पीडित क्षमता अभिवृद्धि तथा उत्थान स्वरोजगार कार्यक्रम,
- खेल पूर्वाधार निर्माण (खेल मैदान स्तर उन्नती, रंगशाला, कभर्ड हल निर्माण
- फोहरमैला संकलन तथा व्यवस्थापन
- सडक कालोपत्रे तथा स्तरउन्नति
- पुल तथा कलभर्ट निर्माण
- जनता आवास कार्यक्रम
- सिचाइ सेवा विस्तार
- सामुदायिक वन संरक्षण कार्यक्रम,
- बजार क्षेत्र तथा खाली जमिनमा वृक्षारोपण कार्यक्रम
- विपद जोखिम न्युनिकरण कार्यक्रम
- वडा कार्यालयहरुको व्यवस्थापन
- सुशासन सम्वन्धि कार्यक्रम आदि

**४.१९ अपेक्षित उपलब्धि :**

यस आवधिक नगर विकास योजनाको अन्त्य सम्ममा मुख्यरुपमा कृषि तथा पशुपक्षिको उत्पादन ३० प्रतिशत भन्दा बढीले बढेको हुने, साना तथा घरेलु उद्योगको संख्या १०० पुगेको हुनेछ। यसै गरी आन्तरिक पर्यटकको १०००० पुगेको,साक्षरता प्रतिशत ९५ प्रतिशत पुगेको  हुनेछ, आधारभूत स्वास्थ्य सेवा को गुणस्तर बृद्धि भएको हुनेछ। योजना अवधिमा ९५ प्रतिशत घरधुरीमा स्वच्छ पिउने पानी पुगेको र घरवाट फोहर संकलन भएको हुनेछ, । त्यसै गरि ६० कि. मि. सडक कालोपत्रे  भएको हुनेछ। वन क्षेत्रको संरक्षण गर्दै वनजन्य उत्पादन बृद्धि भएको हुनेछ। सेवाग्राहिले गुणस्तरिय सेवा प्राप्त गरेका हुनेछन् भने शत प्रतिशत आयोजनाहरु समयमा नै सम्पन्न भएका हुनेछन्।

# परिच्छेद ५ : आर्थिक विकासको क्षेत्र

नागरिकको खाद्य सुरक्षा, मर्यादित रोजगारी र आयको अधिकार नेपालको संविधानमा व्यवस्था गरिएको छ। यसको कार्यान्वयनमा संघ प्रदेश र स्थानीय तहको महत्वपूर्ण भूमिका रहेको छ। यो दायित्वलाई निर्वाह गर्न स्थानीय सरकारले संविधानको प्रावधान भित्र रहेर संघ तथा प्रदेशको कानून, नीति, योजना र लक्ष्यलाई टेवा पुऱ्याउन दीर्घकालिन सोच सहित योजनाबद्ध ढंगले अघि बढ्नुपर्ने आवश्यकता छ। नेपालको संविधानको अनुसूची ८ ले स्थानीय तहलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ। त्यसैगरी दिगो विकासको लक्ष्य अन्तरगत शुन्य लक्ष्य १ शुन्य गरिवि, लक्ष्य २ भोकमरीको अन्त्य, लक्ष्य ८ सम्मानित काम आर्थिक उन्नति र लक्ष्य १० मा असमानताको अन्त्य रहेको छ। यसलाई मध्यनजर गरी यस नगरपालिकाको समग्र आर्थिक विकासको मुख्य पक्ष कृषि पशु उद्योग व्यवसाय पर्यटन प्राकृतिक श्रोत परिचालन जस्ता विद्यमान अवस्था ,समस्या तथा समय चुनौतिको सामना गर्दै अवलम्बन गर्नु पर्ने रणनीति प्रमुख कार्यहरू तल प्रस्तुत गरिएको छ।

## ५.१ कृषि विकास

### ५.१.१ समस्टिगत विद्यमान अवस्था

दशरथचन्द नगरपालिकाको ठुलो जनसङ्ख्या कृषि पेशामा संलग्न छन। ३२५० परिवार  कृषिमा निर्भर छ। नगरपालिकामा २५९५ हेक्टर खेतीयोग्य जमिन यस नगर क्षेत्रमा  धान ७० मे.टन, गहुँ ३८५ मे.टन,मकै ५४० मे.टन, कोदो, आदि अन्नहरुको उत्पादन हुन्छ। त्यसैगरी भटमास, मास, मसुरो, चना, गहत, बोडी, केराउ, रहर, गुरुंस  जस्ता दलहन बालीको उत्पादन ५५ मे.टन रहेको छ। सुन्तला, कागती, मौसमी, अमिलो, ज्यामिर, केरा, मेवा, अम्बा, आंप,लिची, ओखर, आरु, खुर्पानी, स्याउ, अनार, दाडिम जस्ता फलफुलहरु २१५ मे.टन उत्पादन हुने यस क्षेत्रमा आलु, काउली, बन्दा, गोलभेडा, ब्रोकाउली, पालुंगो, रायो,मुला, प्याज, भण्टा, कांको, फर्सि, लौकी, घिरौला, भेडे खुर्सानी, भिण्डी  जस्ता तरकारी बालीको उत्पादन ६२५ मे.टन हुने गरेको छ। परम्परागत खेती प्रणालीमा सुधार,कृषि प्राविधिकको व्यवस्था, पर्याप्त सिंचाइ सुविधाको विस्तार गरे कृषि क्षेत्रको उत्पादन बढाइ कृषकको जिवनस्तरमा सुधार गर्ने प्रसस्तै संभावना रहेको छ।

### ५.१.२ अवसर

यस नगरपालिकामा कृषि उत्पादनको प्रशस्त सम्भावना रहेको छ। धान, गहुँ, मकै, कोदो, आदि अन्नहरु, भटमास, मास, मसुरो, चना, गहत, बोडी, केराउ, रहर, गुरुंस जस्ता दलहन बाली सुन्तला, कागती, मौसमी, अमिलो, ज्यामिर, केरा, मेवा, अम्बा, आंप,लिची, ओखर, आरु, खुर्पानी, स्याउ, अनार, दाडिम जस्ता फलफुलहरु, आलु, काउली, बन्दा, गोलभेडा, ब्रोकाउली, पालुंगो, रायो,मुला, प्याज, भण्टा, कांको, फर्सि, लौकी, घिरौला, भेडे खुर्सानी, भिण्डी यहाँ उत्पादन हुन्छ। यहा कृषि क्षेत्रको पकेट निर्धारण भएकाले लगानी बढाउन सके कृषि उत्पादनलाई निर्वाहमुखीबाट व्यवसायीक बनाउन सकिन्छ। कृषिमा आधुनिकीकरणले परिवारको आय आर्जनको श्रोतमा बढोत्तरी हुनेछ। बजारको विकास, प्रविधिको प्रयोग, पर्याप्त सिंचाई, मल बिउको पर्याप्त व्यवस्था, अर्गानिक खेतीमा जोड , कृषि उत्पादन संकलन केन्द्र, सुरक्षित भण्डारण केन्द्र आदिको व्यवस्थाले निर्वाहमुखी कृषि प्रणालीमा सुधार गरी व्यावसायीकरण गर्ने अवसर छ। जसका कारण नागरिकको जीवनस्तरमा सुधार ल्याउन मद्दत गर्नेछ।

### ५.१.३ चुनौती

परम्परागत खेति प्रणाली ,कृषि उत्पादनका लागि उचित बजारको अभाव, कृषिमा पुराना प्रविधिमा भर रहेको, उत्पादनले उचित मुल्य पाउन नसक्नु, गुणस्तरीय बिउ बिजन अभाव, सिंचाई व्यवस्थापन र कृषिमा आधुनिकिकरण नहुनु, उत्पादन लागत बढि हुनु कृषि क्षेत्रका प्रमुख चुनौती हुन। यसका अतिरिक्त जमिन

बाँझो हुने क्रम बढ्दो,अधिकांश खेती प्रणाली,कृषिमा प्राविधिक जनशक्तिको कमी, खडेरी, असिना, रोग किराको प्रकोप अन्य चुनौतिहरु रहेका छन ।

### ५.१.४ दिर्घकालिन सोंच
**नगरको अव्वल अर्थतन्त्र,व्यावसायिक कृषि मुलमन्त्र**

### ५.१.५ लक्ष्य
कृषिको आधुनिकिकरण र व्यावसायीकरण गरी उत्पादन वृद्धि गर्ने

### ५.१.६ उद्देस्य
कृषिमा आधुनिकिकरण,व्यावसायिकरण र विशिष्टिकृत उत्पादनमा जोड दिने ।

### ५.१.७ रणनिति तथा कार्यनिति

| रणनिति | कार्यनिति |
|---|---|
| • कृषि क्षेत्रलाइ आधुनिक र व्यवसायिकरण गरि नगरलाइ खाद्यान्नमा आत्मनिर्भर आत्मनिर्भर र निकासी उन्मुख गराउने | बाँझो जमिन को सदुपयोग, कृषी पकेट क्षेत्रको निर्माण र विस्तार, आधुनिक र व्यवसायिक कृषि प्रणालीको विकास, माटो परिक्षण प्रयोगशालाको स्थापना, कृषि सडकको विस्तार, प्राङगारिक खेतिलाइ प्रोत्साहन गरिने छ। |
| • कृषि उत्पादनको वृद्धि गर्न दक्ष जनशक्ती सेवा (बिमा, तालिम, विउविजन) र पुर्वाधारको विकास तथा विस्तार गर्ने | कृषि उपज संकलन केन्द्र, शितघर, प्रशोधन केन्द्र र प्रयोगशालाको स्थापना, कृषि बिमा लाई अभियानको रुपमा संचालन, कृषि प्राविधिकको व्यवस्था . नगरपालीका स्तरीय विउ विजन केन्द्र स्थापना, कृषि पकेट क्षेत्रको शुदृढिकरण र विस्तार गरिने छ। |
| • युवालाइ कृषिमा आकर्षित गर्न सेवा विस्तार गर्ने | नया पुस्तालाइ कृषि व्यावसायमा प्रोत्साहनयुवामैत्री कृषि कार्यक्रम सञ्चालन, आवस्यक सिप हस्तान्तरण, क्षमता विकास, एक वडा एक कृषि फर्म स्थापना गरिने छ। |
| • स्थानिय कृषि उपजको पहीचान, उत्पादन, रैथाने बालीको संरक्षण र प्रवर्धन गर्दै खाद्य सुरक्षा गर्ने । | प्राङगारिक मल र जैविक विषादी उत्पादन, बिउ बैङ्कको स्थापना, कृषक प्रोत्साहनको व्यवस्था, बजार व्यवस्था गरिने छ। |
| • एग्रोटुरीजम, कृषी, वन र अर्ग्यानिक खेतीको प्रवर्धन गर्ने । | प्रकोप व्यवस्थापन योजना निर्माण, एग्रो टुरीजम र कृषी वन प्राणालीको विकास, अर्ग्यानीक खेती विस्तार , प्राङगारिक मल र जैविक विषादी उत्पादन, मूल्य निर्धारण ऐन तथा नियमाबली निर्माण गरिने छ। |

### ५.१.८ प्रमुख कार्यक्रम
- अन्न, दलहन खेति तथा विउ उत्पादन
- फलफुल खेति विस्तार
- व्यावसायिक तरकारी खेति विस्तार
- कृषि प्रविधि तथा औजार हस्तान्तरण
- कृषकको क्षमता तथा दक्षता अभिबृद्धि
- जडिबुटि तथा मसलाबालि प्रबर्धन र विस्तार
- कृषि क्षेत्रको पूर्बाधार निर्माण तथा विस्तार

## ५.२ सिंचाइ

### ५.२.१ समष्टिगत विद्यमान अवस्था

नगरपालिकामा बृहत सिचाइ आयोजना, साना सिचाइ आयोजना र १ वटा लिफ्ट सिचाइ आयोजना रहेका छन सिंचाई आयोजनाले करिब सिंचाई सुबिधा पुर्याएका छन । तर श्रोत भएर पनि पर्याप्त सिंचाइको व्यवस्था हुन सकेको छैन । नगरपालिकामा बाह्रै महिना सिचाइ हुने जमिन ३.३४ प्रतिशत मात्रै छ । जस्ले गर्दा अपेक्षित उत्पादन बढाउन सकिएको छैन ।

### ५.२.२ अवसर

खेति योग्य भूमिमा उपयुक्त सिंचाई सुबिधा पुर्याउन सके प्रशस्त उत्पादन बढाउन सकिने, आधुनिक प्रविधिमा पाईपद्वारा सिंचाई योजना निर्माण गर्न सकिने, प्रचलनमा आएका योजना मर्मत गर्न सकिने, समस्त वडाहरुमा सिंचाई पुर्याउन लिफ्ट प्रविधीको संभावना रहेको छ ।

### ५.२.३ चुनौती

सिचाईका लागि पानीको व्यस्थापन अभाव रहेको, भएका योजनाहरु पुरानो प्रविधिमा आधारित / जिर्ण हुँदै गएको, भौगोलिक जटिलता रहेको, आवश्यक संख्यामा सिंचाई आयोजनाको अभाव, वडाका प्राय: जसो सबै कृषि योग्य जमिनमा सिंचाई सुबिधा नपुगेको, कुलोहरु जिर्ण हुँदै गएको, आवश्यक योजनाहरुको अभाव रहेको, सिचाईका पुर्वाधार हरुको कमि, सिचाई स्रोतहरुको कमि, सिचाई संरचनाहरुमा मर्मत सम्भार कोषको कमि श्रोत व्यवस्थापन गर्न चुनौती रहेको, सिंचाइ आयोजना निर्माणका लागि आवश्यक लगानी जुटाउन चुनौतीपूर्ण रहेको छ ।

### ५.२.४ दिर्घकालिन सोंच

खेतियोग्य जमिनमा बाह्रै महिना सिचाइ सुविधा पुऱ्याउने

### ६.२.५ लक्ष्य

सिंचाइ सुबिधा विस्तार गरी उत्पादन बृद्धि गर्ने

### ५.२.६ उद्देस्य

सिचाई सुबिधाको विस्तार गरी सिंचित क्षेत्रको विस्तार गर्ने ।

### ५.२.७ रणनिति तथा कार्यनिति

| रणनिति | कार्यनिति |
|---|---|
| • सिंचाइ सुबिधामा कृषकको पहुँच पुऱ्याउने | बृहत तथा आधुनिक सिचाई आयोजना लागु गर्ने, पोखरि, थोपा सिंचाई, लिफ्ट, सिंचाई, कुलो, नहरहरुको स्थापना र संचालन गर्ने, खेतियोग्य जमिनको माथिल्लो भागको स्थानहरुमा आकासे पानी संकलन गर्ने, लिफ्ट सिचाई प्रणालीको बिकास गर्ने, सिंचाइ मर्मत सम्भार कोष स्थापना गर्ने, मुहान संरक्षण तथा व्यवस्थापनमा जोड दिइने छ । |

### ५.२.८ प्रमुख कार्यक्रम

- बृहत सिचाइ योजना निर्माण
- लिफ्ट सिचाई प्रणालीको बिकास गर्ने
- सिचाइ मर्मत सम्भार कोष स्थापना
- मुहान संरक्षण तथा व्यवस्थापन
- आकासे पानी संकलन र हिउ सिचाई पोखरीहरुको निर्माण

## ५.३ पशुपंक्षि विकास

### ५.३.१ समस्टिगत विद्यमान अवस्था

यस नगरपालिकामा पशुपालनका लागि उपयुक्त बातावरण रहेको छ , चरन क्षेत्रहरु प्रसस्तै रहेका छन । गाइ, बाख्रा, भैसी, बंगुर, माछा, कुखुरा, टर्की, मौरीपालनको सम्भावना रहेको यस क्षेत्रमा घाँस खेती गर्ने चलन निकै कम छ। यस नगरपालिकामा बार्षिक ७ लाख ६५ हजार लिटर दुध उत्पादन, २२७५० के.जि. मासु र २ लाख गोटा अण्डा र ५००० केजि मह उत्पादन हुन्छ । नश्ल सुधारको समस्या रहेको यस नगरपालिकामा नश्ल सुधारका कार्यक्रम अभियानकारुपमा लैजान जरुरी छ,

नगरपालिकामा पशुपालन फर्मको संख्या २५ रहेको छ नगरपालिकाबाट खसी, मह र कुखुरा लगायतका उत्पादन बिक्रि हुने गरेको छ।

### ५.३.२ अवसर

गाई, बाख्रा, भैसी, बंगुर, माछा, कुखुरा, टर्की पालनको सम्भावना रहेको यस नगरपालिकामा पशुपालनमा विस्तारै प्रविधिको प्रयोग वढ्नु, प्रत्येक वडामा पशु चिकित्सालय स्थापना गर्न सकिने र वडा तोकि  पशुपालनको पाकेट क्षेत्र बनाउने संभावना रहेको, छ  त्यसैगरी  मौरीपालनको पाकेट क्षेत्र बनाउने संभावना रहेको छ।

### ५.३.३ चुनौती

परम्परागत पशुपालन, संरक्षित चरिचरण क्षेत्रको अभाव, प्राविधिक तथा पशु विकास प्राविधिकको  अभाव रहेको, बजार व्यवस्थापन गर्न चुनौतिपूर्ण हुनु, तथा पशुपालनमा आधुनिकिकरण पशुपालन क्षेत्रका मुख्य समस्या तथा चुनौती हुन । यसका साथै अपर्याप्त चरिचरन, व्यवस्थित पशु बिमा नगर्नु, आन्तरिक तथा बाहिय परजिवी नियन्त्रणको व्यवस्था नहुनु, समयमा खोप नपाउनु, दुग्ध संकलन केन्द्रको अभाव, नस्ल सुधार नहुनु, पोषणयुक्त पशु आहारको कमी अन्य चुनौतिहरु हुन ।

### ५.३.४ दिर्घकालिन सोच

कृषकको आय,पशुपालन व्यावसाय

### ५.३.५ लक्ष्य

नगरलाई पशुजन्य उत्पादनमा  आत्मनिर्भर बनाउने

### ५.३.६ उद्देस्य

आधुनिक तथा व्यवसायिक पशुपालनका लागि कृषकको क्षमता अभिवृद्धि गर्ने

### ५.३.७ रणनिति तथा कार्यनिति

| रणनिति | कार्यनिति |
|---|---|
| ● व्यवासायीक पशुपालनका माध्यमबाट पशुजन्य उत्पादन वृद्धि गर्ने | एक वडा एक पशुपालन पकेट क्षेत्र निर्धारण, व्यवसायिक पशुपालन प्रोत्साहन कार्यक्रम संचालन, व्यवसायिक पशुपालन फार्मको स्थापना, पशुजन्य उत्पादन संकलन केन्द्रको स्थापना गरिने छ। |
| ● पशुजन्य उत्पादनको लागि दक्ष जनशक्ती, चरण क्षेत्र, सेवा (बिमा, नश्ल सुधार, तालीम) र पुर्वाधार (फर्म, घेरबार, प्रयोगशाला, पाराभेट) को बिकास तथा बिस्तार गर्ने। | पशुसेवा प्राविधिकहरुको क्षमता विकास,पशुआहारा विस्तार कार्यक्रम,एक वडा एक पशु सेवा प्राविधिकको व्यवस्था, नस्लसुधार केन्द्रको स्थापना, पशुपालक किसानहरुलाई आवश्यक ज्ञान, सिप, प्रविधिको हस्तान्तरण, निजी पाराभेट लाइ सकृय, पशु स्वास्थ्य प्रयोगशाला स्थापना, पशु खोप सेवा विस्तार, पशुपंक्षि बिमालाइ प्रोत्साहन, पशुपंक्षि राहत कोष स्थापना गरिने छ। |
| ● पशुपालनको पकेट क्षेत्र बिस्तार गर्ने चरन क्षेत्र निर्धारण र व्यवस्थापन गर्ने | पशुपालन पकेट क्षेत्र बिस्तार चरन क्षेत्र निर्धारण, व्यवस्थापन गरिने छ। |

### ५.३.८ प्रमुख कार्यक्रम

- व्यावसायीक पशु-पंछि विकास तथा विस्तार
- व्यावसायिक पशुपालक कृषकहरुको क्षमता विकास
- पशुपक्षि जन्य रोग नियन्त्रण
- नश्ल सुधार कार्यक्रम
- पशुपालक किसानलाइ अनुदान
- पूर्वाधार निर्माण

## ५.४ उद्योग तथा बजार व्यवस्थापन

### ५.४.१ समष्टिगत विद्यमान अवस्था

यस नगरपालिकामा स्थानिय कच्चा पदार्थमा आधारित उद्योगको प्रसस्तै संभावना रहेपनि उद्योग स्थापना हुन सकेका छैनन । यस नगरक्षेत्रमा चाउमिन उद्योग, फर्निचर उद्योग, ग्रिल उद्योग लगायत ३२ बटा उद्योगहरु रहेका छन् । यहा अल्लो उत्पादन र प्रशोधनको प्रचूर सम्भावना रहेको छ । उद्यमशीलताका लागि ज्ञान, सीप अभिबृद्धि गर्न सके यस नगरपालिकामा घरेलु उद्योगहरुको सम्भावना पनि देखिन्छ । नगरपालिकामा जिल्ला सदरमुकाम सहित ४ बटा बजार केन्द्र रहेका छन ।

### ५.४.२ अवसर

यस नगरपालिकामा उद्योग सञ्चालनका लागी साना तथा उद्योगहरूको संभावना रहेकोले रोजगारीको अवसरहरु सृजना गर्न सकिन्छ । स्थानिय रुपमा कृषि उपज एवम बन मा आधारित कच्चा पदार्थको उपलब्धताले कृषि तथा बनजन्य कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योगहरुको बिकासको प्रबल संभावना रहेको छ ।

### ५.४.३ चुनौती

उद्यमसिलतामा जनचेतनाको कमी रहेको, वैदेशिक रोजगारी प्रति आकर्षण बढी हुनु ,दक्ष जनशक्तीको अभाव रहेको, भौतिक पुर्वाधार अभाव, उचित बजारको कमी, व्यवस्थापन हुन नसकेको, उचित कार्यक्रम र तालिम उपलब्ध नभएको, दक्ष प्राविधिक, ज्ञान र सिप नभएको, लगानी जुटाउनलाई चुनौतिपूर्ण रहेको, बजार व्यवस्थापन गर्न चुनौतिपूर्ण रहेको, स्थानीय उत्पादनको आकर्षण बढाउन नीतिगत व्यवस्थापन नहुनु, उत्पादनको गुणस्तरमा उपभोक्ताको न्युन जानकारी, बिचौलियाको प्रभाव आदि औद्योगिक तथा व्यापारिक क्षेत्रका मुख्य चुनौतीको रुपमा रहेका छन् ।

### ५.४.४ दिर्घकालिन सोंच

उद्योगधन्दाको विकास, स्थानिय अर्थतन्त्र बृद्धिका लागी निकास

### ५.४.५ लक्ष्य

स्थानीय उत्पादनमा आधारित साना तथा मझौला उद्योगको प्रवर्द्धन तथा व्यवस्थित बजारको विस्तारबाट रोजगार उन्मुख स्थानिय अर्थतन्त्रको आधार तयार पार्ने ।

### ५.४.६ उद्देश्य

- स्थानिय श्रोत र साधनमा आधारित साना तथा मझौला उद्योग स्थापना गरि स्थानिय अर्थतन्त्रको सबलिकरण गर्ने ।

### ५.४.७ रणनिति तथा कार्यनिति

| रणनिति | कार्यनिति |
|---|---|
| • उद्योग क्षेत्र सुनिश्चितता गरि आवश्यक पूर्वाधार निर्माण गर्ने । | नगर स्तरमा औद्योगिक ग्राम स्थापना, एक वडा एक लघु उद्योगको रुपमा विकास, परम्परागत उद्योगलाई आधुनिकरण, स्थानिय कच्चा पदार्थ जस्तै निङगालो, बाँस, चोया, अमरिसो छालामा आधारित उद्योगको विकासमा सार्वजनिक, निजि साझेदारी प्रणाली अवलम्वन गरिनेछ । |
| • उद्योगका लागि दक्ष जनशक्तिको विकास गरि परिचालन गर्ने । | उद्योग संचालनका लागी ज्ञान सिप र प्रविधिको हस्तान्तरण, उपकरण र सामानहरु उपलब्ध, स्थानिय सिपलाइ आधु निकिकरण, उद्यमसिलता सचेतिकरण कार्यक्रम, युवा लक्षित उद्योगको विकासमा जोड दिइने छ । |
| • स्थानिय कच्चा पर्दाथ तथा सिपको प्रयोग गरी साना उद्योग विस्तार गर्ने | उद्योग स्थापनाका लागी सहुलीयत ऋण तथा अनुदानको व्यवस्था, उत्पादित वस्तुको बिक्री कक्षको स्थापना, लगानी सम्मेलन गरिने छ । |

### ५.४.८ प्रमुख कार्यक्रम

- औद्योगिक ग्राम निर्माण
- लगानी सम्मेलन
- व्यावसायिक सिप प्रवर्धन कार्यक्रम
- पूर्वाधार निर्माण
- उद्यमशिलता विकास कार्यक्रम
- युवा उद्यम विकास कार्यक्रम

## ५.५ पर्यटन विकास

### ५.५.१ समस्टिगत विद्यमान अवस्था

त्रिपुरासुन्दरी, जगन्नाथ, निगंलासैनी, ईश्वरीगंगाधाम, पंचदेवल, ग्वाल्लेक केदार, असिमी केदार, नागार्जुन लगायतका धार्मिक पर्यटन केन्द्रहरु यस नगरमा रहेका छन । नगरपालिकाले शहीद दशरथचन्दको ऐतिहासिक जन्मस्थल घर संरक्षण गरेको छ। यहा महाकाली नदीमा जलयात्राको सम्भावना रहेको छ। पर्यटनस्थलसम्म पुग्दा आवश्यक सुविधा तथा सडकको विस्तार हुन जरुरी देखिन्छ। यसका साथै पर्यटकीय क्षेत्रहरुको पुनर्निमाणको आवश्यकता पनि रहेको छ।

### ५.५.२ अवसर

धार्मिक, सास्कृतिक र भौगोलिक पर्यटनको धनी यस नगरपालिकामा पर्यटन विकासको माध्यमबाट रोजगार सृजना गर्ने अवसर रहेको छ। यसकालागी नगरपालिकाले पर्यटन गुरुयोजना निर्माण गरी पर्यटकिय क्षेत्रको पुर्वाधार निर्माण, व्यवस्थापन र प्रचारप्रसार गर्न सके आन्तरिक तथा बाह्य पर्यटक भित्राउन सक्ने संभावना रहेको छ।

### ५.५.३ चुनौती

पर्यटकिय स्थलको उचित प्रचार प्रसार नहुनु र आवश्यक कार्यक्रमहरुको कमी, पर्यटकिय स्थलहरुमा पुर्वाधारको अभाव, समुदायमा पर्यटकिय सचेतनाको कमी आदि पर्यटकीय क्षेत्रका समस्या तथा चुनौती हुन।

### ५.५.४ दिर्घकालिन सोंच
पर्यटनको विकास र प्रवर्द्धन,प्राकृतिक सम्पदा र मठ मन्दिरको संवर्द्धन

### ५.५.५ लक्ष्य
धार्मीक,सास्कृतिक र भौगोलिक पर्यटनको विकासबाट रोजगार सृजना गर्ने

### ५.५.६ उद्देश्य
पर्यटकिय क्षेत्रको विकास विस्तार गरी पर्यटकको आगमनमा वृद्धि गर्ने

### ५.५.७ रणनिति तथा कार्यनिति

| रणनिति | कार्यनिति |
|---|---|
| • पर्यटकीय क्षेत्रको अनुसन्धान र पहिचान संरक्षण र प्रचार प्रसार गर्ने | प्राकृतिक तथा पुरातात्विक (पुराना दरबार) संपदाको पहिचान,पर्यटन गुरु योजना निमार्ण, पर्यटकीय क्षेत्रको प्रसार प्रचार, पर्यटकीय क्षेत्रको संक्षरण र संवर्धन, पर्यटकिय क्षेत्रको अनुसन्धान गरिनेछ। |
| • पर्यटकीय पुर्वाधार निर्माण गर्ने | जिर्ण अवस्थामा रहेका पर्यटकिय स्थलको जिर्णोद्धा र गर्ने धार्मिक स्थलमा धर्मशाला तथा प्रतिक्षालय, पर्यटनमार्ग निर्माणमा जोड दिइने छ। |
| • पर्यटन प्रवर्धनका लागि दक्ष जनशक्ति तयार गरि परिचालन गर्ने। | स्थानिय टुरगाइड तालिम, होटलहरुको स्तरिकरण, निजि क्षेत्र संग सहकार्य गरिने छ। |

### ५.५.८ प्रमुख कार्यक्रम
- धार्मीक तथा सांस्कृतिक पर्यटन प्रवर्धन कार्यक्रम
- पार्क निर्माण तथा पर्यटन स्थलको स्तरोन्नति कार्यक्रम
- लोकल टुर गाइड तालिम संचालन
- होटेल होमस्टे व्यवस्थापन तथा आथित्य सत्कार तथा व्यवस्थापन तालिम
- पिकनिक स्पटको निर्माण, पर्यटकीय स्थल प्रचारप्रसार गर्ने कार्यक्रम

## ५.६ बैंक तथा वित्तीय सेवा र सहकारी
### ५.६.१ समस्टिगत विद्यमान अवस्था
नगरपालिकामा क वर्गका ५ वटा बैंक तथा ६ वटा सहकारीहरु रहेका छन्। यस नगरपालिकाका ९० प्रतिशत परिवारको वित्तिय सेवामा पहुँच पुगेको छ।

### ५.६.२ अवसर
नगरपालिकामा बैंक सेवा विस्तार गर्न सकिने, समुदायमा वित्तीय चेतना बढ्दो क्रममा रहेको, समुदायमा वित्तीय चेतना बढाउन र बैंकिङ कारोबार गर्ने बानी बसाल्न उचित कार्यक्रम गर्न सकिने, सञ्चालनमा रहेका सहकारीको उचित व्यवस्थापन गरी ग्रामिण क्षेत्रमा वित्तिय पहुँच विस्तार गर्न सकिने, कृषि बिमा पशु बिमा जस्ता कार्यक्रमको सञ्चालन गर्न सकिने, पालिकामा छरिएर रहेका अनौपचारिक मौद्रिक

क्रियाकलापहरुलाई पालिकाले दायरामा ल्याउने, पुँजी निर्माण, तथा लगानीका अवसरमा बृद्धि गर्न सकिने जस्ता अवसरहरु रहेका छन।

### ५.६.३ चुनौती

समुदायमा अझै वित्तीय चेतनाको कमी भएको, भौगोलिक बिकटताका कारण वित्तीय सेवा उपयोग गर्न धेरै टाढा जानुपर्ने, समुदायमा अनौपचारिक रुपमा आर्थिक करोबार बढी हुने, उचित ऋण प्रवाह चुनौतिपूर्ण रहेको, वित्तीय संस्थालाई सुरक्षा प्रदान गर्न चुनौतिपूर्ण रहेको छ। त्यसैगरी सहकारी बारेनागरिक सचेतनामा कमी रहनु, सहकारीका गतिविधि सहकारीताका सिद्धान्तको पूर्ण पालना एवं उत्पादन तथा स्वरोजगार तर्फ नभएर बचत तथा ऋण तर्फ मात्र केन्द्रित रहनु, कृषकले सहज प्रकृयाबाट ऋण प्राप्त गर्न नसक्नु, चुनौतीको रुपमा रहेका छन।

### ५.६.४ दिर्घकालिन सोँच

वित्तिय सेवामा सबै नागरिकको पहँच बृद्धि गर्ने

### ५.६.५ लक्ष्य

वित्तीय क्षेत्रसँगको सहकार्य सहकारीको प्रबर्द्धन, उद्यमीलाई ऋण, बैङ्किङ भुक्तानी प्रणाली कार्यान्वयन गर्ने।

### ५.६.६ उद्देश्य

बैंक तथा वित्तय क्षेत्रमा नागरिकहरुको पहुच अभिवृद्धि गर्ने

### ५.६.७ रणनिति तथा कार्यनिति

| रणनिति | कार्यनिति |
|---|---|
| • बैंक तथा सहकारी क्षेत्रमा नगरबासीको पहुँच बढाउने | उद्देश्य अनुसारको लगानीमा व्यवसायमा लगानी , सहकारीहरुको शुसासन पक्षलाइ बलियो बनाउने,निस्कृय सहकारीलाइ मर्जरको प्रक्रियामा लैजाने, कृषि सहकारी बचत तथा ऋण सहकारीलाइ व्यवस्थित गर्ने र वित्तीय अनुशासनको पालना गराइने छ |
| • बैंकिङ सचेतना अभिबृद्धि गर्ने | वित्तिय साक्षरता अभिवृद्धि गरिने , सहकारीका सदस्यहरुको क्षमता अभिवृद्धि गरिनेछ |

### ५.६.८ प्रमुख कार्यक्रम

- वित्तिय सेवा प्रवर्द्धन कार्यक्रम
- सहकारी प्रवर्धन कार्यक्रम
- वित्तिय साक्षरता अभियान
- सहकारी क्षमता बिकास कार्यक्रम

## ५.७ खाद्य सुरक्षा गरिवी र बेरोजगारी

### ६.७.१ समस्टिगत विद्यमान अवस्था

यस नगरपालिकामा खेतियोग्य जमिन भएपनि उत्पादन र उत्पादकत्व अपेक्षित रुपमा बढाउन सकिएको छैन । जस्ले गर्दा खाद्य सुरक्षमा समस्या रहेको छ। स्थानिय उत्पादन का पोषिलो खानेकुरा भन्दा बजार केन्द्रित बस्तुको उभोग बढि छ। जस्ले गर्दा पोषण सुधारमा बाधा परेको छ। त्यसैगरी रोजगारका अवसर पर्याप्त नहुदा बेजगारी बढ्दो छ।

### ५.७.२ अवसर

खेती योग्य जमिनको उपलव्धता, पोषणका लागी आवश्यक खाद्यवस्तुको उपलब्धता, खाद्यवस्तु भण्डारणको परम्परागत सुरक्षित प्रणाली, खाद्य बस्तुको ओसारपसार सहजता, मासु तथा दुग्धजन्य बस्तुको उत्पादन, प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रम संचालन, नगरपालिकाबाट स्वरोजगार सृजना गर्न तालिमको व्यवस्था आदी अवसरको रुपमा रहेका छन ।

### ५.७.३ चुनौती

बाझो जमिनमा सिचाईको समस्या, कम उपादकत्व, उत्पादीत खाद्यवस्तुको प्रयोगमा ज्ञान, सिप र प्रविधि अभाव, भातमात्र खाने परिपाटि खाद्यवस्तु सही तरिकाले भण्डारण गर्ने ज्ञान, सिपको कमी, गरीवी तथा बेरोजगारीको समस्या चुनौतिका रुपमा रहेका छन ।

### ५.७.४ दिर्घकालिन सोंच

खाद्य सुरक्षाको प्रत्याभुति र रोजगारी सृजना

### ५.७.५ लक्ष्य

कृषि उत्पादनमा वृद्धि र स्वरोजगार बृद्धि गर्न क्षमता बिकास गर्ने

### ५.७.६ उद्देश्य

कृषि तथा पुशजन्य उत्पादन को बृद्धि गरि खाद्य सुरक्षा को सुनिस्चितता गर्ने
स्वरोजगारी सृजना गरि आम्दानी बृद्धि गर्ने

### ५.७.७ रणनिति तथा कार्यनिति

| रणनिति | कार्यनिति |
|---|---|
| • खाद्य सुरक्षाको पहुँचमा बृद्धी,उपलब्धता दिगोपन र प्रयोगमा जोड दीने । | व्यवसायीक खेती प्राणालीमा गरिब तथा बिपन्न बर्गको संलग्नता बढाउने, खाद्यान्न उत्पादन प्रणाली प्रभावकारी र दिगो बनाउन व्यवस्थित योजना निमार्ण गर्ने, कृषि तथा पुशजन्य उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने , उत्पादित खाद्यवस्तुको उचित प्रयोग सम्वन्धि जनचेतना, हरेक बार खाना चार भन्ने अवधारणालाई स्थापित गर्ने, रैथाने बालीहरुको संरक्षण गरिने छ। |
| • बेरोजगार तथा गरिव परिवारको पहिचान, विश्लेषण गरि आवश्यक रोजगारिका लागि ज्ञान, सिप र सेवा उपलब्ध गराउने। | बेरोजगारहरुको खण्डिकृत तथ्याङक संकलन, एक घर एक रोजगार को अभियान संचालन गर्ने, बेरोजगार र रोजगारदाता बिच समन्वय, स्वरोजगार सृजना गर्न आवस्यक सिप बिकास श्रमको सम्मान द.न.पा.को अभियान कार्यक्रम सञ्चालन गरिने छ। |

### ५.७.८ प्रमुख कार्यत्रम

- खाद्य तथा पोषण सचेतना
- स्वरोजगार तालिम

## ५.८ आर्थिक विकास क्षेत्रको नतिजा

### तालिका ५ :आर्थिक विकास क्षेत्रको नतिजा तालिका

| लक्ष्य /नतिजा | नतिजा,सूचकतथा पूर्वाधारका आधारहरु | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आधाररेखा | लक्ष्य | | | | | पूर्वानुमानका आधारहरु | जोखिमपक्ष तथा पूर्वानुमान |
| | सूचक | इकाई | (आ.व. ७९/८०) | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | |
| लक्ष्य १ : आधुनिक तथा व्यवसायीक कृषितथापशुपालन का माध्यमबाट खाद्यसुरक्षाको सुनिश्चितता र पर्या पर्यटन को विकास गरी आर्थिक वृद्धी तथा रोजगार सृजनागर्ने। | प्रति परिवार वार्षिक आय ६०००० भन्दाकमआम्दानीहुने परिवार | प्रतिशत | १० | १५ | २० | २५ | ३० | ५० | - नगर वस्तुगत विवरण। प्रोफाइल।<br>- कृषिविकास शाखाको वार्षिक प्रगति प्रतिवेदन तथा अन्य | नियमित रुपमा तथ्याङ्क अध्यावधिक हुनेछ।<br>- सिंचित क्षेत्र विस्तार भएको हुनेछ<br>- लगानीमा वृद्धि भएको हुनेछ। राजनीतिक स्थिरता सहित संघीय शासन व्यवस्था संस्थागत हुनेछ |
| | आफ्नो उत्पादन र आम्दानीबाट वर्षभरी खान पुग्ने परिवार | प्रतिशत | ८.५२ | ३.६५ | ३.४८ | ४.२ | ४.६ | ५ | | |
| | धान उत्पादन | मेट्रिक टन | ७० | ७७ | ८४ | ९१ | ९८ | १०२ | | |
| | मकै | मेट्रिक टन | ५४० | ५६५ | ५९० | ६१५ | ६४० | ६६५ | | |
| | गहुँ | मेट्रिक टन | ३८५ | ३९० | ३९५ | ४०० | ४०५ | ४१० | | |
| | तरकारी | मेट्रिक टन | ६२५ | ६३० | ६४० | ६५० | ६६० | ६७० | | |
| | फलफूल | मेट्रिक टन | २१५ | २१८ | २२० | २३० | २४० | २६० | | |
| | दलहन | मेट्रिक टन | ५५ | ५७ | ६० | ६५ | ७० | ७५ | | |
| | तेलहन | मेट्रिक टन | ३.५ | ४ | ५ | ७ | १० | १५ | | |
| | प्रति व्यक्ति खाद्यान्न उत्पादन वार्षिक | केजी | ५६.५८ | ६१.३६ | ६१.१६ | ६५.२१ | ६७.२५ | ६८९.६९ | | |
| | वार्षिक औषत फल कृषि उत्पादन | मे. ट. | २७०.६ | २७५.८६ | २८४.५६ | २९४.४२ | ३०१.२८ | ३११.८८ | | |
| | वैदेशिक रोजगारीमा गएकाको संख्या | संख्या | | | | | | | | |
| | व्यवसायिक प्राविधिक सीपयुक्त दक्ष व्यक्ति | जना | १९० | २४० | २६० | ३४० | ३६० | ४४० | | |
| | कृषी | जना | १४० | १६५ | १९० | २१५ | २४० | २६५ | | |
| | पशुपंछी विकास | जना | ६० | ७५ | १०० | १२५ | १५० | १७५ | | |
| | गैर कृषि पेशा (उद्यम, व्यापार र जागिर) मा निर्भर | संख्या | ११०४९ | १११०० | १११५० | ११२०० | ११२५० | ११३०० | | |
| | कृषितथापशुपालन व्यवसायमा संलग्न जनसंख्या | संख्या | २०५१८ | २०६०० | २०७५० | २०८९०० | २११५० | २११०० | | |
| | कृषिउपजहरुको वार्षिक मूल्य (एकमुष्ट) हजार | रु. | ७५७२० | ७७५१८ | ७९७९८ | ८२४४० | ८४९२० | ८७८८० | | |
| | पशुपंछी र सोजन्यउत्पादनमूल्य (वार्षिक) हजारमा | रु. | ९१७०० | ९३१०० | ९४८०० | ९६०५० | ९७९०० | ९९१५० | | |
| | उद्योग तथा व्यवसायमा संलग्न व्यक्ति | जना | ९५१ | ९६० | ९८० | ९९५ | १०१० | १०२० | | |

| लक्ष्य / नतिजा | नतिजा,सूचकतथा पुष्ट्याईका आधारहरु | | | | | | | | पुष्ट्याईका आधारहरु | जोखिमपक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | इकाई | आधाररेखा (आ.व. ७९/८०) | लक्ष्य ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | |
| | भ्रमण गर्ने वार्षिक पर्यटक (बाह्य) | संख्या | २५०० | १००० | ४००० | ६००० | ८००० | १०००० | | |
| | भ्रमण गर्ने वार्षिक पर्यटक (आन्तरिक) | संख्या | ८००० | | | | | | | |
| | पर्यटन र सेवामूलक व्यवसायमा संलग्न व्यक्ति | जना | | | | | | | | |
| | उत्पादन र बजारीकरण सहकारीमा आवद्ध सदस्य | घरपरिवार | | | | | | | | |
| | बैंकमा खाता हुने तथा सेवा उपयोग गर्ने परिवार | प्रतिशत | ९० | १०० | १०० | १०० | १०० | १०० | | |
| प्रतिफल १.१कृषि उत्पादनको यान्त्रिकिकरण र व्यवसायीकरण भई उत्पादन वृद्धि भएको हुनेछ। | धान् व्यवसायिकउत्पादन क्षेत्र | हेक्टर | ४० | ४५ | ६० | ६६ | ६० | ६६ | | - कृषिविकास रणनीतिको कार्यान्वयनहुनेछ। - सरकारी, गैसस र निजी क्षेत्रको कार्यक्रम र लगानीमा वृद्धि हुनेछ। - कृषि सेवा तथा प्रविधी प्रवाहमा वैकल्पिक प्रणालीको प्रयोग हुनेछ - सिंचित क्षेत्र विस्तार भएको हुनेछ। |
| | तरकारी व्यवसायिकउत्पादन क्षेत्र | हेक्टर | ६२५ | ६६० | ७०० | ७२५ | ७५० | ७७५ | | |
| | व्यवसायिकउत्पादनमा संलग्न कृषक | संख्या | १९० | २१५ | २४० | २६५ | २९० | ३१५ | | |
| | संगठितसमुहमाव्यवसायिक कृषक | संख्या | ११६ | १४६ | १६६ | १९६ | १७५ | १८६ | | |
| | क्रियाशिल ग्रामीण कृषिकार्यकर्ता | संख्या | ० | १६ | ३० | ४६ | ६० | ७६ | | |
| | स्थापीतव्यवसायिक कृषिफार्म | संख्या | २४० | २६० | २६० | २७० | २८० | २९० | | |
| | संगठितव्यवसायिक कृषक समुह | संख्या | ११७ | १४० | १४६ | १६० | १६६ | १६० | | |
| | तरकारी उत्पादन | क्विन्टल | ६२५० | ६४०० | ६६०० | ६८०० | ७००० | ७२०० | | |
| | फलफुलउत्पादन | क्विन्टल | २१६० | २१६० | २२०० | २३०० | २४०० | २६०० | | |
| | मह उत्पादन | के. जी. | ६००० | ६६०० | ६००० | ६६०० | ७००० | ७६०० | | |
| | नमूना कृषक तालिमपाएका कृषक | संख्या | २५ | ६० | ७५ | १०० | १२५ | १६० | | |
| | व्यवसायिक कृषि नर्सरी | संख्या | २१ | २५ | २७ | ३० | ३५ | ४० | | |
| | कृषि सहकारी संस्था | संख्या | १० | ११ | १२ | १३ | १४ | १५ | | |
| | सहकारीमा आवद्ध कृषक | संख्या | १२५० | १३५० | १४५० | १६६० | १६६० | १७५० | | |
| | कोल्ड स्टोर/ रस्टिक स्टोर | संख्या | ० | १ | २ | १ | १ | १ | | |
| | कृषिउपज संकलनतथाबजार प्रवर्धन केन्द्र | संख्या | ० | १ | २ | १ | १ | १ | | |
| प्रतिफल १.२ : खेती योग्यजमीनमा सिंचाई सुविधाउपलब्ध र विस्तार भएको हुनेछ। | १२ नै महिना सिंचाई हुने क्षेत्र | प्रतिशत | ३.२४ | ३.६ | ४ | ४.६ | ६ | ६ | | |
| | प्रयोगमाल्याएकासिंचाई प्रविधि (सतह, पोखरी, ड्रिप, लिफट आदी) | प्रकार | १ | १ | ४ | ४ | ६ | ६ | | |
| | सुचारु सिंचाई आयोजना | संख्या | ४० | ६० | ६० | ७० | ८० | १०० | | |
| प्रतिफल १.३ : आधुनिक तथा व्यावसायिक पशुपालन को माध्यमबाट पशुजन्य उत्पादनमा आत्मनिर्भर भई बाह्य निकासी भएको हुनेछ। | पशुपंक्षि जन्यउत्पादन | | | | | | | | - नगर वस्तुगत विवरण। प्रोफाइल। - पशु विकास शाखाको वार्षिक प्रगति प्रतिवेदन तथा अन्य | - आवश्यक बजेटको व्यवस्थाहुने - सरकारी, गैसस र निजी क्षेत्रको कार्यक्रम र लगानीमा वृद्धि हुने - पशु नश्लको उत्पादनमा व्यवसायीको संलग्नता हुनेछ। |
| | दुधउत्पादन | लीटर | ७६५०००० | ७६७५००० | ७७०००० | ७७२५००० | ७७५०००० | ७७७५००० | | |
| | मासु (खसी, बोका, राँगा र कुखुरा मासु) | केजी | २२७५० | २३००० | २३२५० | २३५०० | २३७५० | २४००० | | |
| | अण्डा | गोटा | २००००० | २२५००० | २५०००० | २७५००० | ३००००० | ३२५००० | | |
| | पशुपन्छि (स्थानीय) | | | | | | | | | |
| | गाईगोरु | संख्या | ८७७६ | ८९०० | ९१०० | ९३०० | ९५०० | ९७०० | | |

| लक्ष्य /नतिजा | नतिजा,सूचकतथा पुष्ट्याईका आधारहरु | | | | | | | | | जोखिमपक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आधाररेखा (आ.व. ७९/८०) | लक्ष्य | | | | | पुष्ट्याईका आधारहरु | |
| | सूचक | इकाई | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | |
| | भैंसी रागा | संख्या | २१४५ | २२०० | २२५० | २३०० | २३५० | २४०० | | |
| | बाख्रा | | २०३०० | २०५०० | २१००० | २२००० | २३००० | २४००० | | |
| | सुंगुर | वटा | ३० | ५० | १०० | १५० | २०० | २५० | | |
| | पन्छुरा स्थानीय | संख्या | २००० | २५०० | ३००० | ३५०० | ४००० | ४५०० | | |
| | पन्छुरा ब्रोईलर | संख्या | ६००० | ६००० | ७००० | ९००० | १२००० | १५००० | | |
| | माछा | केजी | ६०० | ७५० | १००० | १२५० | १५०० | २००० | | |
| | उन्नत वर्णशंकर पशु | | | | | | | | | |
| | गाई | संख्या | ३३३५ | ३३५० | ३४०० | ३५०० | ३६०० | ३७०० | | |
| | भैंसी | संख्या | ९१५ | ९३० | ९५० | १००० | १०५० | ११०० | | |
| | बाख्रा | संख्या | ८६९६ | ८८०० | ८९०० | ९००० | १०००० | १२००० | | |
| | सुंगुर | संख्या | २५ | ५० | ७५ | १०० | १२५ | १५० | | |
| | व्यवसायिक पशुपालनमा संलग्न परिवार | संख्या | ४६५० | ४७०० | ४७५० | ४८०० | ४८५० | ४९०० | | |
| | पशुजन्य उत्पादन बिक्रि गर्ने परिवार | संख्या | ४६५० | ४७०० | ४७५० | ४८०० | ४८५० | ४९०० | | |
| | व्यवसायिक पशुपालन फर्म | संख्या | ८८ | १०० | १२५ | १५० | १७५ | २०० | | |
| | सुधारिएको घाँस पराल | संख्या | ११ | १५ | २० | २५ | २५ | २५ | | |
| | पशु उपचार सेवाको पहुँचपुगेको किसान | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० | ८५ | | |
| | उन्नतपशु पालनप्रविधिको तालिमप्राप्त कृषक | संख्या | ३५० | ४०० | ४२५ | ४५० | ४७५ | ५०० | | |
| | सुधारिएको गोठ प्रयोग गर्ने कृषक | संख्या | ४२५ | ४५० | ४७५ | ५०० | ५२५ | ५५० | | |
| | भुईंघाँसको व्यवसायिक उत्पादन क्षेत्र | हेक्टर | १ | २ | ३ | ४ | ५ | १० | | |
| | संगठित पशुपालन समूह | संख्या | ३६ | ४० | ४५ | ५० | ५५ | ६० | | |
| | चरन क्षेत्र | संख्या | २५ | ३० | ३५ | ४० | ४५ | ५० | | |
| | नश्ल सुधार तथा उपचार केन्द्र | संख्या | ३ | ४ | ६ | ८ | १० | ११ | | |
| | क्रियाशिल ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता | संख्या | ३ | ५ | १० | १५ | २० | २५ | | |
| | पशुपालनसम्बन्धी उपलब्ध प्रविधि, । खोप, कृत्रिम प्रजनन, बाछाद्धेन....। उपयोग गर्ने घरपरिवार | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० | ८५ | | |
| | दुग्ध संकलन केन्द्र | संख्या | ० | १ | २ | २ | २ | २ | | |
| | दुग्धचिस्यान केन्द्र | संख्या | ० | १ | १ | १ | १ | १ | | |
| प्रतिफल १.४ :स्थानीय कच्चापदार्थमाआधारित उद्योगको स्थापना, विकास एवं बजारको विकास भएको हुनेछ | घरेलु उद्योग | संख्या | १२ | ३३ | ३५ | ४० | ४५ | ५० | – नगर वस्तुगत विवरण । प्रोफाइल।<br>– सर्वेक्षण प्रतिवेदन<br>– वन्यमनप्रतिवेदन<br>– उद्योग वाणिज्य संघको रेकर्ड प्रतिवेदन | – संघीय तथा स्थानीयकानुनतथानीतिहरू कडातर्फमाथाई कार्यान्वयनहुनेछ।<br>– निजी क्षेत्र को लगानी र स्वरस्फूर्ततामा हुनेछ। |
| | सुचारु व्यापार व्यवसाय | संख्या | १०० | ११० | १२० | १३० | १४० | १५० | | |
| | उत्पादन र बजारीकरण सहकारी संस्था | संख्या | ३ | ४ | ५ | ६ | ७ | ८ | | |
| | व्यवसायिक सीपमूलकतालिमप्राप्तव्यक्ति | प्रतिशत | ८२ | ९० | १०० | १२० | १३० | १५० | | |
| | उद्यम सूचना र विकास सम्बन्धीतालिमप्राप्तउद्यमी | संख्या | ६० | ७० | ८० | १०० | १२० | १४० | | |
| प्रतिफल १.५: पर्यटकीय | व्यवस्थितपर्यटकीय स्थल | संख्या | ७ | ७ | ७ | ८ | ८ | ८ | – नगर वस्तुगत विवरण | – पर्यटन प्रवर्धन को |

| लक्ष्य / नतिजा | नतिजा,सूचकतथा पुष्ट्याईका आधारहरु | | | | | | | | | | जोखिमपक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | इकाई | आधाररेखा (आ.व. ७९/८०) | लक्ष्य ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | पुष्ट्याईका आधारहरु | | |
| पूर्वाधार , सेवातथा सुविधाको विकास भइपर्यटन पर्वद्धन भइपर्यटकको आवागमनमा वृद्धि हुनेछ | पर्यटन मार्गको लम्बाइ | किमी | ६८ | ७० | ७५ | ७८ | ८० | ९० | प्रोफाइल<br>– सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/अनुगमनप्रतिवेदन | | गुणस्तरीय निर्माण भइ कार्यान्वयन हुनेछ।<br>– सरकारी तथा नीजिस्तरबाट लगानीमा वृद्धि हुनेछ।<br>– विविध सेवामा नागरिकको चासो बढ्नेछ। |
| | होटल तथा रेष्टुरेण्ट | संख्या | ५० | १० | १० | १० | १० | १५ | | | |
| | होमस्टे | संख्या | १ | १ | १ | १ | २ | २ | | | |
| | रिसोर्ट | संख्या | १ | १ | १ | २ | २ | २ | | | |
| | तारे होटेल | संख्या | ० | ० | ० | ० | ० | ० | | | |
| | स्तरोन्नती भएका सम्पदाहरु | संख्या | १ | १ | ४ | ४ | ५ | ५ | | | |
| | धार्मिक मठ मन्दिर | संख्या | १०० | १०० | १०० | १०० | १०० | १०० | | | |
| | कृषिपर्यटन संचालन स्थल | संख्या | ० | १ | २ | २ | २ | २ | | | |
| | तालिमप्राप्त टुर गाइड | संख्या | ० | ५ | १० | १५ | २० | २५ | | | |
| | जनस्तरको मनोरञ्जन तथा पार्क | संख्या | ० | १ | २ | १ | ४ | ५ | | | |
| | तालिमप्राप्त कुक तथा वेटर | संख्या | १० | १० | १५ | ४० | ४५ | ५० | | | |
| प्रतिफल १.६ : वित्तिय सेवामानगरवासीहरुको पहुच वृद्धि भएको हुनेछ | बैंकमा खाता हुने तथा सेवा उपयोग गर्ने परिवार | प्रतिशत | ९० | ९० | ९१ | ९२ | ९३ | ९५ | | | |
| | सञ्चालित वित्तीय संस्था र सहकारी | संख्या | ५२ | ५२ | ५२ | ५३ | ५५ | ५५ | | | |
| | सेवा सञ्चालित बैंक शाखातथा वित्तीय सेवाप्रदायक | संख्या | १५ | १५ | १६ | १७ | १८ | २० | | | |

## ५.९ आर्थिक विकास क्षेत्रको मुख्य कार्यक्रम

### तालिका ६ : आवधिक योजनाको नतिजा प्राप्तिको लागि तर्जुमा गरिएका कार्यक्रम तथा योजना

| विषय क्षेत्रगतप्रतिफलअनुसारका रणनीतिक कार्यक्रमतथाआयोजना | एकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थान/कार्यक्रम |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७९/०८० | कुललक्ष्य (२०८४/ ८५) | | |
| **आर्थिक विकास** | | | | | |
| **प्रतिफल १.१: कृषिउपजको व्यवसायीकरण र उत्पादन बृद्धि भएको हुनेछ।** | | | | | |
| १.१.१. अन्न, दलहन खेति तथा बिउ उत्पादन | टन | २५ | १५ | १०००० | - प्रति वर्ष २५ टन अन्न बालीको बिउ उत्पादन।<br>- तरकारी बिउ बिजन उत्पादन केन्द्र स्थापना।<br>- एक टोल एक उत्पादन कार्यक्रम<br>- बिउ बिजन र मलखादमा अनुदान |
| १.१.२. फलफुल खेति विस्तार | रोपनी | ५५० | १२०० | ५००० | - सुन्तला जातको लागि वडा नं.३,४,५,९,११ पकेट स्थापना।<br>- ओखर पकेट कार्यक्रमका लागि वडा नं. १,२,७,९,११।<br>- आप, केरा, लिची र मेवा पकेट कार्यक्रम वडा नं. ६,८,१०।<br>- फलफुल प्रसोधन उद्योग स्थापना |
| १.१.३. व्यावसायिक तरकारी खेति विस्तार | रोपनी | १५०० | ३००० | १०००० | - वडा नं. १,२,४,६,१० मा तरकारी खेती विस्तार।<br>- वडा नं. १,२,१० मा आलु खेती विस्तार<br>- वार्षिक रुपमा ५० वटा टनेल वितरण |
| १.१.४. कृषि प्रविधि तथा औजार हस्तान्तरण | वटा | १५ | १०० | ३०००० | - ५ वर्ष भित्र १०० जना किसानलाई यन्त्र तथा उपकरण ५० प्रतिसत अनुदानमा वितरण<br>- माटो परिक्षण केन्द्र स्थापना<br>- फलफुल उत्पादक किसानलाई औजारतथ उपकरण वितरण |
| १.१.५. दक्ष जनसक्ति र कृषकको क्षमता तथा दक्षता अभिबृद्धि | पटक | १ | ५ | १०००० | - हरेक वर्ष १०० जना कृषक हरुलाई मागमा आधारित सिपमुलक तालिम<br>- प्रत्येक वर्ष कृषि मेलाको आयोजना<br>- प्रत्येक वर्ष नगरको तिन जनालाई सम्मान कार्यक्रम गर्ने<br>- आवश्यक दक्ष जनसक्तिको व्यवस्था<br>- कर्मचारि हरुको क्षमता अभिबृद्धि |
| १.१.६. जडिबुटि तथा मसाला बालि प्रवर्धन र विस्तार | रोपनी | २०० | ८०० | ८००० | - अदुवा ,बेसार,धनिया ,लसुन खेतिको बिस्तार<br>- लघु मसाला उद्योग को स्थापना<br>- अर्गेनिक खेतिको विस्तार<br>- व्यावसायिक च्युरी खेती बिस्तार |

| विषय क्षेत्रगतप्रतिफलअनुसारका रणनीतिक | एकाई | योजनाको लक्ष्य | | अनुमानित लागत | स्थान/कार्यक्रम |
|---|---|---|---|---|---|
| १.१.७ माछा तथा माहुरी पालन | | | | ४००० | - माछा पालक किसान हरुलाई भुरा तथा आवश्यक सामग्रीमा अनुदान<br>- माहुरि पालक किसानहरुलाई मौरि घोवा घार तथा आवश्यक सामग्री वितरण |
| १.१.७. कृषि क्षेत्रको पूर्वाधार निर्माण तथा विस्तार | वटा | १ | ५ | ३०००० | - नगरका ५ वटा स्थानमा संकलन केन्द्र स्थापना गर्ने<br>- १ वटा कोल्ड स्टोर निजि क्षेत्रको साझेदारिमा ३ वटा रष्टिक स्टोर २२ वटा सेलार स्टोर स्थापना |
| **प्रतिफल १.१ को जम्मा** | | | | १०७००० | |

**प्रतिफल १.२ खेती योग्य जमिनमा सिंचाई सुविधाउपलब्ध भएको हुनेछ।**

| विषय क्षेत्रगतप्रतिफलअनुसारका रणनीतिक | एकाई | योजनाको लक्ष्य | | अनुमानित लागत | स्थान/कार्यक्रम |
|---|---|---|---|---|---|
| १.२.१. सिचाई सुविधाको विस्तार | संख्या | ५० | ८० | ७०००० | - २० वटा पक्कि साना सिचाई कुलाहरुको निर्माण<br>- १० वटा सिचाई पोखरि निर्माण<br>- ५ वटा लिफ्ट सिचाइ आयोजना निर्माण<br>- २ वटा वृहत सिचाइ आयोजना निर्माण |
| १.२.२. सिचाई पुर्वाधारको मर्मत सम्भार। | संख्या | १५ | ३५ | २०००० | - कच्चि कुलो हरुलाई स्तरोउन्नति गर्ने<br>- सिन्चीत क्षेत्र विस्तार गर्ने |
| १.२.३ सिचाई मर्मत संभार कोष। | संख्या | | | १०००० | - सिचाई आयोजना अनुसार मर्मत संभार कोष स्थापना |
| **प्रतिफल १.२ को जम्मा** | | | | १००००० | |

**प्रतिफल १.३ आधुनिक पशुपालन व्यवसायको माध्यमबाट पशुजन्य उत्पादनमा आत्मनिर्भर भएको हुनेछ।**

| विषय क्षेत्रगतप्रतिफलअनुसारका रणनीतिक | एकाई | योजनाको लक्ष्य | | अनुमानित लागत | स्थान/कार्यक्रम |
|---|---|---|---|---|---|
| १.३.१. व्यावसायीक पशु-पंछि विकास तथा विस्तार | पटक | १ | ५ | २५००० | - पशुपालक किसानहरुलाई पशु चौपायाको क्षतीमा राहत<br>- वार्षिक ५० वटा भैंसिमा ५० प्रतिसत अनुदानका दरले वितरण<br>- एक वडा एक उन्नत जातको ५० प्रतिसत अनुदानका रागो वितरण<br>- वार्षिक ५० वटा गाइ तथा ६ वटा साडे ५० प्रतिसत अनुदानका वितरण<br>- प्रति वडा २० का दरले बोयर जातको बाख्रा ५० प्रतिसत अनुदानका वितरण<br>- प्रति वडा २ वटा का दरले ५० प्रतिसत अनुदानमा उन्नत जातको बोका वितरण<br>- पशुपन्छि जन्य फर्म हरुलाई सामग्रि तथा उपकरणमा अनुदान<br>- स्थानिय जातका कुखुरा, टर्कि पालक कृषक हरुलाइ अनुदान<br>- पशु स्वास्थ्यका लागि खोप तथा औषधिको भण्डारण<br>- पशुपालक किसानहरुलाई घासको बिउ तथा बिरुवा वितरण |

| विषय क्षेत्रगतप्रतिफलअनुसारका रणनीतिक | एकाई | योजनाको लक्ष्य | | अनुमानित लागत | स्थान/कार्यक्रम |
|---|---|---|---|---|---|
| | | | | | - प्रत्येक वर्ष पशु स्वास्थ्य शिविर सञ्चालन<br>- डेरि र मासु पसल हरुको स्तरोउन्नति<br>- नश्ल सुधारकलागी राङो, साढे, बोका, तथा बाख्रा वितरण |
| १.३.२. व्यावसायिकपशुपालक कृषकहरुको क्षमताविकास | पटक | १ | ५ | १०००० | - व्यावसायिक पशुपालनका लागि कृषकहरुलाई क्षमता अभिवृद्धि<br>- १०० जना कृषकहरुलाई खोर तथा गोठ सुधार कार्यक्रमका लागि अनुदान ।<br>- उत्कृष्ट कृषकलाई सम्मान<br>- प्रत्येक वर्ष पशु मेलाको आयोजना |
| १.३.३. पूर्वाधार निर्माण | संख्या | | | १०००० | - १ वडा १ टैंकि, १ वडा १ डिपिङ टैंक स्थापना<br>- नगरको १ स्थानमा आधुनिक कृत्रिम गर्भाधान केन्द्रको स्थापना ।<br>- वधशालाहरुको स्तरोन्नती |
| **प्रतिफल १.३ को जम्मा** | | | | ४५००० | |
| **प्रतिफल १.४: स्थानीयकच्चापदार्थमाआधारित उद्योगको स्थापनाएवं बजारको विकास भएको हुनेछ ।** | | | | | |
| १.४.१. औद्योगीकपूर्वाधार निर्माण | वटा | ० | | ६०००० | - औद्योगिक ग्राम निर्माण<br>- साना घरेलु उद्योगहरुलाइ प्रोत्साहन अनुदान<br>- च्युरी प्रशोधन केन्द्र विस्तार<br>- स्थानीय उत्पादनको बिक्रि कक्ष स्थापना<br>- प्रत्येक वर्ष औद्योगिक प्रदर्शनी मेला महोत्सवको आयोजना<br>- लगानी मेलाको आयोजना गरी लगानी भित्र्याउने |
| १.४.२. व्यवसायीक क्षमता अभिवृद्धि | पटक | ० | ५ | १५००० | - ३० जना परम्परागत आरन लगायत का पेशा संचालक हरु लाई आरन तथा पेशा सुधार तालिम संचालन<br>- ५०० जना युवाहरुलाई आवश्यकतामा आधारित उद्यमशिलता |
| | | | | | तालिमको संचालन र प्रोत्साहन अनुदान<br>- माँस,निगालामा आधारित घरेलु उद्योगको स्थापना र सञ्चालनमा मा अनुदान |
| १.४.३. सुपथमुल्यपसल स्थापना | संख्या | ० | ११ | २२०० | - एक वडा एक सुपथ मूल्यको पसल स्थापना |
| **प्रतिफल १.४ को जम्मा** | | | | ७७२०० | |
| **प्रतिफल १.५: पर्यटकीय पूर्वाधार, सेवातथा सुविधाको प्रवर्धन भइपर्यटकको आवागमनमा वृद्धि हुनेछ ।** | | | | | |
| १.५.१ पर्यटकिय क्षेत्रको गुरु योजना निर्माण । | पटक | ० | ३ | ३००० | - नगर पर्यटन स्तरिय गुरुयोजना निर्माण<br>- सबै वडाका भएका पर्यटकिय क्षेत्रहरुको सूचिकरण ।<br>- पर्यटकिय क्षेत्रहरुको अन्वेषण तथा अनुसन्धान । |
| १.५.२ पर्यटकीय पूर्वाधार निर्माण | पटक | १ | ५ | १००००० | - त्रिपुरासुन्दरी, जगन्नाथ, निगंलासैनी, ईश्वरीगंगाधाम, पंचदेवल, ग्वाल्लेक केदार, अशिमी केदार, नागार्जुन लगायतका धार्मिक पर्यटन केन्द्रहरु संरक्षण र विकास<br>शहीद दशरथचन्दको जन्मस्थलसंरक्षण |

| विषय क्षेत्रगतप्रतिफलअनुसारका रणनीतिक | एकाई | योजनाको लक्ष्य | | अनुमानित लागत | स्थान/कार्यक्रम |
|---|---|---|---|---|---|
| | | | | | - महाकाली नदीमा जलयात्राको का लागी पूर्वाधार निर्माण<br>- कुन्नेकोट दरबारको संरक्षण<br>- पर्यटकिय सडक निर्माण र स्तरउन्नति |
| **प्रतिफल १.५ को जम्मा** | | | | १०३००० | |
| प्रतिफल १.६ वित्तिय सेवातथा सुविधाको पहुँचमाअभिवृद्धी हुनेछ। | | | | | |
| १.६.१ वितिय सेवाको प्रवर्धन | पटक | १ | ५ | ४००० | - सबै वडामा वितिय सहारता सम्बन्धि अभियान संचालन<br>- एक घर एक बैंक खाता कार्यक्रम संचालन<br>- सहकारी व्यवस्थापन सम्बन्धि २० वोटा सहकारीलाई तालिम संचालन गर्ने ।<br>- १० वोटा सहकारीलाई चाख्खाता व्यवस्थापन तालिम ।<br>- सहकारी संस्थाहरुको क्षमता विकास |
| **प्रतिफल १.६ को जम्मा** | | | | ४००० | |
| **आर्थिक विकास क्षेत्रको जम्मा** | | | | ४३६२०० | |

# परिच्छेद ६ : सामजिक विकासको क्षेत्र

नेपालको संविधान २०७२ ले शिक्षा, स्वास्थ्य र समावेशीकरणका आधारभूत सवालहरुलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । संविधानले माध्यमिक तहसम्मको शिक्षा, आधारभूत स्वास्थ्य र नीति निर्माण तहमा समाजमा पछाडी परेको बर्ग तथा क्षेत्रको सहभागितालाई सुनिश्चित गर्ने अधिकार स्थानिय तहलाइ सुम्पेको छ । दिगो बिकास लक्ष्य ले सन् २०३० सम्ममा सबैलाई गुणस्तरीय शिक्षा आधारभूत स्वास्थ्य स्वच्छ पिउने पानी र सबैखाले बिभेदको अन्त्य जस्ता लक्ष्यहरु निर्धारण गरेको छ भने १४ औ राष्ट्रिय योजना समेत उपरोक्त विषयलाई उच्च प्राथमिकतामा राखेको छ । समाजलाई बिभेदमुक्त र समतामूलक बनाउन शिक्षा, स्वास्थ्य खानेपानी तथा सरसफाई सामाजिक समावेशीकरण, युवा तथा खेलकुद तथा संस्कृति जस्ता क्षेत्रमा बिद्यमान संभावना लाइ उपयोग गर्दै समस्या तथा चुनौति लाइ न्यनिकरण गर्न जरुरी छ ।

## ६.१ शिक्षा

### ६.१.१ समस्टिगत विद्यमान अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार दशरथचन्द नगरपालिकाको कुल जनसङ्ख्या मध्ये ८०.४ प्रतिशत जनसङ्ख्या साक्षर रहेका छन् जसमध्ये पुरुष ९२.७ प्रतिशत र महिला ७०.१ प्रतिशत रहेका छन । यस नगरपालिकामा ७१ वटा बाल विकास केन्द्र तथा ५२ वटा सामुदायिक बिद्यालय, ३ वटा प्रविधिक बिद्यालय १ वटा खुल्ला बिद्यालय र ९ वटा संस्थागत विद्यालयहरु रहेका छन् भने ३ वटा क्याम्पस रहेका छन । बिद्यालयमा खुद्द भर्नादर ९६ प्रतिशत भन्दा माथि रहेको छ। नगर क्षेत्रका बिद्यालयमा स्यानिटरी प्याड बितरण र केहि बिद्यालयमा इन्सिनेटरको व्यवस्था रहेको छ । माध्यमिक बिद्यालयमा कम्प्युटर ल्यावको व्यवस्था गरिएको छ।

बिद्यालयहरुमा महिला शिक्षकको अनुपात रहेको छ। शिक्षक दरबन्दीको अभाव, बालबालिकाका लागि छुट्टाछुट्टै शौचालय, आवश्यक फर्निचर, परम्परागत शिक्षण विधि यस नगरका विद्यालयका मुख्य समस्याहरु हुन्।

### ६.१.२ अवसर

स्थानीय सरकारलाई संवैधानिक रुपमा प्राप्त माध्यमिक शिक्षा सम्मको अधिकारले स्थानीय सरकारलाई बिद्यालय शिक्षालाई स्थानिय आवश्यकता अनुसार सञ्चालन गर्ने अवसर छ । नगरपालिकाले आधारभुत तथा माध्यमिक शिक्षाको गुणस्तरीयता वृद्धि गर्न योजनाबद्ध ढंगले काम गर्न सक्ने, शैक्षिक क्षेत्रको सुधारकालागि न्युनतम शैक्षिक पूर्वाधार बिकासको मापदण्ड बनाई लागु गर्न सकिने, विद्यालय शिक्षालाई व्यवसायिक शिक्षाको रुपमा रुपान्तरण गरी बिद्यार्थीमा उद्यमशीलता बिकास गर्न सकिने । त्यसै गरी शिक्षकको मनोवल उच्च बनाउने आवश्यक नीति तर्जुमा गर्न सक्ने अवसरहरु पनि छन।

### ६.१.३ चुनौती

पर्याप्त पूर्वाधारको अभाव, घट्दो बिद्यार्थी भर्ना र टिकाउ दर, शिक्षक दरबन्दी अपर्याप्त रहेको, उपयुक्त कम्प्युटर ल्याब र पुस्तकालय अभाव, प्राविधिक र व्यवसायिक शिक्षाको अभाव कमी, विद्यालय जान बाटो घाटो र पुलपुलेसाको व्यवस्थापन अभाव, केही विद्यालयमा खानेपानीको अभाव रहेको, बालमैत्री, छात्रामैत्री शौचालय पर्याप्त मात्रामा नहुनु, अपाङ्गता मैत्री विद्यालय तथा शौचालय नहुनु, शिक्षक विद्यार्थी अनुपात पर्याप्त नहुनु, विद्यालयमा दक्ष शिक्षकको व्यवस्था गर्नुपर्ने बदलिँदो परिवेश अनुसारको गुणस्तरीय शिक्षा उपलब्ध गराउनु, रोजगार मैत्री शिक्षा प्रदान गर्नु, विद्यालय शिक्षालाई स्थानीय आवश्यकता अनुसार विकास गर्नु, भर्ना भएका विद्यार्थीलाई विद्यालयमा टिकाई राख्नु शिक्षा क्षेत्रका प्रमुख चुनौती हुन्।

## ६.१.४ दिर्घकालिन सोंच

सहज, सुलभ गुणस्तरिय शिक्षा,समृद्ध र सुशिक्षित हुने नगरको इच्छा

## ६.१.५ लक्ष्य

गुणस्तरीय व्यवसायिक तथा रोजगार उन्मुख शिक्षा मार्फत सिर्जनशील, दक्ष प्रतिस्पर्धी, उत्पादनशील र नवप्रवर्तनशील मानव स्रोत विकास गर्ने।

## ६.१.६ उद्देश्य

माध्यमिक शिक्षा सम्म सबैको पहुँच गुणस्तरमा बृद्धी गर्ने ।

## ६.१.७ रणनिति तथा कार्यनिति

| रणनिति | कार्यनिति |
|---|---|
| • प्रारम्भिक बाल विकासका र आधारभूत शिक्षामा अनिवार्य र माध्यमिक शिक्षामा सबैको पहुच बृद्धि गर्ने | प्रारम्भिक बालविकास कक्षालाइ व्यवस्थित गरिने, प्रत्येक बस्तिमा अनिर्वाय अभिभाबक शिक्षा संचालन ,अनिर्वाय आधारभुत शिक्षा निशुल्क , माध्यमीक शिक्षा प्रारम्भिक कक्षा सिकाई अनिवार्य रुपमा कार्यन्वयन,बालमैत्रि, आपाङ्ग, लैङगीक तथा बातावरण मैत्री भौतिक संरचना , अधारभुत तहमा कम्तीमा एक कक्षा एक शिक्षक र ४० बिधार्थी बराबर एक शिक्षक ब्यबस्थापन बिद्यालय कार्य सम्पादन करार सम्झौता प्राथामीकता साथ कार्यन्वयन, दिवा खाजालाइ गुणस्तरिय बनाउने,पर्याप्त शैक्षिक सामाग्रीको व्यवस्था, असाहाय तथा टुहुरा बालबालिकाका भर्ना तथा निरन्तरताका लागि सहयोगरिने छ । |
| • विद्यालयहरुमा आवस्यक पुर्वाधार निर्माण गर्ने | शैक्षिक संरचना निर्माण गर्दा बालमैत्रि, अपांगमैत्रि तथा भुकम्प प्रतिरोधात्मक बनाउने,<br>राष्ट्रिय मापदण्ड अनु सार बिद्यालयमा भवन, पूर्वाधार निर्माण, खानेपानी तथा सरसफाइ सुबिधा सुनिश्चित गरी तारे बिधि लागु गरिने छ । |
| • गुणस्तर बृद्धि तथा क्षमता बिकास गर्ने | प्राविधिक शिक्षामा जो ड,बिद्यालयको स्व:मुल्यांकनको आधारमा एस.आई.पि निर्माण, बिद्यालयहरुमा बिषयगत शिक्षक दरबन्दीको मिलान गर्ने, बिद्यार्थी सिकाई उपलब्धि बृद्धि गर्ने, बालबालिका तथा बिद्यालय प्रति अभिभावकको चासो र भुमिका बढाउने, निरन्तर बिद्यार्थी मुल्यांकनको प्रभावकारी प्रयोग, बिद्यालय भर्ना अभियानलाई नियमित गर्ने, प्र.अ., बालविकास सहजकर्ताहरु तथा शिक्षकहरुलाइआबश्यकतामा आधारित तालिमहरु संचालनरिने छ। |

## ६.१.८ प्रमुख कार्यक्रम

- विद्यालय क्षेत्र सुधार कार्यक्रम
- शिक्षक क्षमता विकास कार्यक्रम
- पुर्वाधार विकास कार्यक्रम
- पुस्तकालय,कम्प्युटर,बिज्ञान प्रयोगशाला ,फर्निचर बिस्तार कार्यक्रम
- अभिभावक शिक्षा कार्यक्रम

## ६.२ स्वास्थ्य र पोषण

### ६.२.१ समष्टिगत विद्यमान अवस्था

यस नगर क्षेत्रमा १ वटा जिल्ला अस्पताल, १ वटा १५ सैयाको अस्पताल,९ ओटा स्वास्थ्य चौकी , ५ वटा शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रले स्वास्थ्य सेवा प्रवाह गरिरहेका छन् । नगरका १५ वटा स्वास्थ्य संस्थामा २४ घण्टे प्रसुती सेवा रहेको छ । स्वास्थ्य संस्थाहरुले प्रसूति सेवा सहित परिवार नियोजन सेवा, समुदायमा आधारित बाल स्वास्थ्य शिशु सेवा, बहुक्षेत्रीय पोषण योजना, ३ वटा OTC सेन्टर ले सेवा प्रवाह गरिरहेका छन् । स्वास्थ्य संस्थाका भवनहरु जीर्ण हुनु, सबै स्वास्थ्य संस्थाहरुमा ल्याब तथा फार्मेसी सेवा नहुनु, एम्बुलेन्सको व्यवस्था नहुनु, खोपका लागि कोल्ड चेन भण्डारण, उपकरण र मानवस्रोतको व्यवस्थामा कमी तथा आवश्यक जनशक्ति नहुँदा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा समस्या देखिएको छ ।

### ६.२.२ अवसर

जिल्ला अस्पताल तथा स्वास्थ्य संस्थाहरुको स्तर बृद्धि, डाक्टर तथा स्वास्थ्यकर्मीको व्यवस्थापन,स्वास्थ्य संस्थाहरुमा आवश्यक आधारभूत न्युनतम स्वास्थ्य सुविधाको पहुँच विस्तार,उपकरण र औषधिको व्यवस्था ज्येष्ठ नागरिक, महिला बालबालिकाको नियमित स्वास्थ्य परिक्षण , गंभीर प्रकृतिका बाहेकका रोगहरुको सहज उपचारमा नागरिकको पहुँच स्थापित हुन सक्ने संभावनाहरु रहेका छन ।

### ६.२.३ चुनौती

स्वास्थ्य संस्थामा पर्याप्त मात्रामा औषधी नहुनु, सबै स्वास्थ्य संस्थामा जाँचको लागि प्रयोगशाला नहुनु,स्वास्थ्य संस्था पायक पर्ने ठाँउ भन्दा टाढा हुनु, जटील स्वास्थ्य उपचार रेफर गर्नको लागि टाढाहुनु, पर्याप्त श्रोत तथा जनशक्तिको अभावका कारण स्वास्थ्य सेवा प्रवाह गर्न हुने समस्या हुन भने नागरिकमा सचेतनामा नहुनु ,स्वास्थ्य सेवालाई सुलभ बनाउन आवश्यक जनशक्ति व्यवस्थापन गर्नु, भएका बिशेषज्ञ चिकित्सक टिक्न नसक्नु , गुणस्तर सुधारका लागि स्वास्थ्य सेवा नियमित अनुगमन गर्नु स्वास्थ्य क्षेत्रका चुनौती हुन ।

### ६.२.४ दिर्घकालिन सोँच

गुणस्तरिय स्वास्थ्य सेवामा सबैको पहुँच निरोगी नागरिक

### ६.२.५ लक्ष्य

आधारभुत स्वास्थ्यसेवामा सबैको पहुँच र गुणस्तरिय सेवाप्रवाह प्रदान गर्ने

### ६.२.६ उद्देश्य

आधारभुत तथा गुणस्तरीय स्वास्थ्यसेवामा नगरबासिको पहुच बृद्धि गर्ने

### ६.२.७ रणनिति तथा कार्यनिति

| रणनिति | कार्यनिति |
|---|---|
| • आधारभुत स्वास्थ्य सेवामा सबै नगरबासीको सरलपहुँच बृद्धि गर्ने | स्वास्थ्य सेवाको पहुँच अभिबृद्धीको लागि सामाजिक, साँस्कृतीक तथा आर्थिक व्यवधान न्युनीरकणमा जोडदिने, आकस्मिक स्वास्थ्य उपचार कोषको व्यवस्था गरी तोकिएको बमोजिम कोष संचालन गर्ने,समुदायको सहभागीता सुनिश्चित गर्दै स्वस्थ रहन नागरीकको जिम्मेवारीलाइ स्वास्थ्य सचेतना मार्फत स्वस्थ जीवनशैली प्रर्वधन गर्ने, एलोप्याथिक, आर्युवेद र बैकल्पिक उपचार पद्धतिको एकिकृत सेवा प्रवाह गरिने छ । |

| रणनिति | कार्यनिति |
| --- | --- |
| • स्वास्थ्य संस्थाको पुर्वाधार निर्माण गरि गुणस्तरिय सेवा प्रवाह गर्ने | मापदण्ड अनुरुप स्वास्थ्य पुर्वाधार निर्माण, स्वास्थ्य संस्थाहरुको सविलकरण गर्ने,सबै स्वास्थ्य संस्था मार्फत संचालन गरिने सेवाको गुणस्तरीयता सुनिश्चित गरि स्वास्थ्य सुशासन कायम गनर दक्ष जनशक्ति व्यवस्थापन र क्षमता विकास गरिने छ। |

### ६.२.८ प्रमुख कार्यक्रम

- स्वास्थ्य संस्थाको सेवा विस्तार
- सुरक्षित मातृत्व कार्यक्रम
- महामारी विरुद्ध अभियान
- घुम्ति स्वास्थ्य सेवा सञ्चालन
- बहुक्षेत्रीय पोषण कार्यक्रम
- स्वास्थ्य संस्थाको पूर्वाधार निर्माण
- जनशक्ति व्यवस्थापन

## ६.३ खानेपानी तथा सरसफाइ

### ६.३.१ समस्टिगत विद्यमान अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकामा २७.१ प्रतिशत परिवारको घर परिसर भित्रै पाइप धारा रहेको छ भने ५१.८ प्रतिशतले घरपरिसर बाहिरको पाइपको पानी प्रयोग गर्दछन त्यसैगरी १२.३ प्रतिशतले मुल धाराको पानी उपयोग गर्दछन। बकि ८.८ प्रतिशतले खुला कुवा,खोला तथा झरना आदिको पानी पिउने गर्दछन। यस नगरपालिकामा पर्याप्त खानेपानीका मुहानहरु रहेका छन्। खुला दिसामुक्त क्षेत्र घोषणा भइसकेको यसनगरमा पूर्ण सरसफाई कार्यक्रम सञ्चालन भइरहेको छ। यस नगरमा ६८.९ प्रतिशत परिवारमा सेफ्टिट्याङक सहितको सौचालय, २७.५ प्रतिशत परिवारमा साधारण सौचालय, २ प्रतिशतमा फ्लस भएको सार्वजनिक ढल,०.२ प्रतिशतले सार्वजनिक सौचालयको प्रयोग र १.४ प्रतिशत परिवारमा सौचालय छैनन्। पानीका मुहानहरुको संरक्षण हुन नसक्नु तथा बृहत् खानेपानी आयोजना व्यवस्थित नभएकोले शुद्ध पिउने पानीमा नागरिकहरुको पहुँच बृद्धि हुन सकेको छैन। त्यसैगरी खानेपानी आयोजनाहरुको मर्मत सम्भारमा पनि समस्या रहेको छ।

### ६.३.२ अवसर

सबै घरधुरीमा खानेपानी पुर्‍याउने राष्टिय लक्ष्य,समुदायमा सरसफाई सम्बन्धी अवस्था सुधारोन्मुख हुँदै जानु, बिभिन्न खानेपानी योजना निर्माणको क्रममा हुनु, पालिकाका हरेक वडामा पानी श्रोतको पहिचान, संरक्षण एवं परिक्षण गरी पिउन योग्य खानेपानीको श्रोतको मात्र प्रयोग गर्न सचेतना कार्यक्रम,खुला दिसामुक्त पालिका घोषणाहुनु,फोहरमैला बयवस्थापनमा नगरले काम गर्नु अवसरका रुपमा रहेका छन,

### ६.३.३ चुनौती

नगरपालिकामा सम्पूर्ण जनसंख्यामा सुद्ध खानेपानीको पहुंच नहुनु, सुरक्षित खानेपानीको श्रोतको अभाव हुनु, खानेपानीका ट्याङ्गी पर्याप्त नहुनु, खानेपानी व्यवस्थापन तथा वितरणको बारे दीर्घकालीन सोचाई नहुनु, पानीको गुणस्तर बारे समुदायमा सचेतना नहुनु, पर्याप्त मात्रामा ढल निकासको व्यवस्थापन गर्नु, फोहोरमैला व्यवस्थापन गर्ने ठाँउको अभाव हुनु, नागरिकमा सरसफाई चेतना कमी हुनु जस्ता विषय नगरपालिकाकोसमस्या तथा चुनौतीको रुपमा रहेका छन्

### ६.३.४ दिर्घकालिन सोँच
सवैकालागी गुणस्तरिय पानी र सफा स्वच्छ नगर

### ६.३.५ लक्ष्य
गुणस्तरिय खानेपानीमा सबैको पहुँच र सफा नगरवासी

### ६.३.६ उद्देस्य
स्वच्छ खानेपानी र पूर्ण सरसफाईमा सबैको पहुच पुऱ्याउने ।

### ६.३.७ रणनिति तथा कार्यनिति

| रणनिति | कार्यनिति |
| --- | --- |
| सबै नगरवासीको गुणस्तरिय खानेपानी र सरसफाइमा न्यायोचित पहुँच पुऱ्याउने | खानेपानीका श्रोत तथा मूलहरुको संरक्षण, व्यवस्थापन तथा पुर्न भरण गर्ने, WASH Plan र पानी सुरक्षा योजना लागु गर्ने र खाने पानीको पहुँचमासुनिश्चित गर्ने, एक घर एक धारा निर्माण गरि पुर्ण सरसफाई अभियान सञ्चालन गर्ने, निर्माण भएका खानेपानी आयोजनाहरुको मर्मत संभार तथा व्यवस्थापन तथा सुधार विस्तार गरि खानेपानी सुरक्षा योजना लागु गर्ने,पुर्ण सरसफाइ युक्त समुदाय घोषणा गरिने छ। |

### ६.३.८ प्रमुख कार्यक्रम
- खानेपानी आयोजना निर्माण
- खानेपानी आयोजनाको मर्मत सम्भार
- पानी सुद्धता परिक्षण
- पुर्ण सरसफाइ कार्यक्रम सञ्चालन
- मुल संरक्षण तथा सरसफाइ कार्यक्रम

## ६.४ सामाजिक समावेशीकरण तथा सुरक्षा

### ६.४.१ समस्टिगत विधमान अवस्था
दशरथचन्द नगरपालिकाको कुल जनसङ्ख्या ३१५६७ मध्ये १६९५२ (५३.७ प्रतिशत) महिला र १४६१५ (४६.३ प्रतिशत) पुरुष रहेका छन । नगरपालिकाले बिभिन्न सामाजिक शसक्तिकरणका कार्यहरुका साथै विगत केहि बर्ष देखि बालमैत्री र लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण राष्ट्रिय रणनिति कार्यान्वयन ज्येष्ठ नागरिकमैत्री, बालमैत्री, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मैत्री नगरको रुपमा बिकास गर्ने उद्देश्यले बिभिन्न क्षेत्रमा कार्यहरु भइरहेका छन्।

नगरमा नगरस्तरमा महिला सञ्जाल, महिला सहकारी समूह, महिला लघुबित्त समूह, निगरानी समूह जस्ता समूहहरु क्रियाशील छन्। महिला हिंसा घट्दो क्रममा रहेको छ भने छुवाछुत प्रथा नगन्य मात्रामा रहेको छ। नगरस्तरमा दलित सञ्जाल, बाल क्लब, बाल सञ्जाल तथा जेष्ठ नागरिक र अपाङ्गको सञ्जाल रहेको छ। नगरपालिकाको लैससास, हानिकारक प्रचलन न्युनिकरण निति रहेको छ। त्यसैगरी लैंगिक हिंशा निवारण कोष स्थापना भएको र कार्यविधि बनेको छ . नगरपालिकाले बालमैत्री स्थानिय शासनको अभियानलाइ प्रवर्द्धन गरेको छ । सामाजिक समावेशीकरणको क्षेत्रमा बजेट अपर्याप्त हुनु, सञ्जाल तथा समितिहरु

आवश्यकताअनुसार क्रियाशील नहुनु, परम्परागत पेशालाई आधुनिकीकरण गर्न नसक्नु जस्ता सवालहरुको उचित सम्बोधन हुन जरुरी देखिन्छ।

### ६.४.२ अवसर
संविधान तथा प्रचलित नेपाल कानुनले राज्यका सर्म्पूण तह र तप्कामा सबै समुदायको समान सहभागिताको व्यवस्था गरेको छ । समाजमा प्रचलनमा रहेका कुप्रथा परम्परालाई निर्मुलन गरेको छ । ज्येष्ठ नागरिक, महिला, बालबालिका, आदिवासी, जनजाति, सिमन्तीकृत समुदायका लागि बजेटविनियोजन गर्नुपर्ने , योजना तर्जुमाको अवस्था देखि अवसरको सुनिश्चितता गर्नुपर्ने नीतिगत व्यवस्था रहेको छ। बिभिन्न क्षेत्रमा रहेका मौलिक विशेषताको संरक्षण र सम्वर्द्धन गरी सामाजिक पुँजीको प्रयोग आयआर्जन मैत्री बनाउने सुनौलो अवसर रहेको छ।

### ६.४.३ चुनौती
समाजमा अझै विद्यमान रहेको जातिय विभेद अन्त्य गर्नु, कानूनले बर्जित गरेको बाल विवाह अन्त्य गर्नु, पालिकामा निर्माण हुने हरेक संरचना बालबालिका, अपाङ्ग तथा महिलामैत्री निर्माण गर्नु, सिमान्तकृत समुदायको संरक्षण र प्रवर्द्धन गर्नु, निर्णय प्रकृयाहरुमा सिमान्तकृत, जनजाति, महिला आदि वर्गको अर्थपूर्ण सहभागिता बढाउनु, जेष्ठ नागरिकको उचित संरक्षण गर्नु, आर्थिक रुपमा बिपन्न समुदायको सबलीकरण गर्नु, समावेशी विकासको अवधारणालाई संस्थागत गर्नु, लैङ्गिग समानता मानविय क्षमताको पहिचान गरी उपयुक्त परिचालन यो पालिकाका मुख्य समस्या तथा चुनौती हुन।

### ६.४.४ दिर्घकालिन सोँच
समावेशी तथा समतामुलक दशरथचन्द

### ६.४.५ लक्ष्य
लैङिगक समानता र समावेशिता सहित सुर्रक्षित संरचना र समन्यायिक पहुचको प्रत्याभुति गर्ने

### ६.४.६ उद्देस्य
लक्षित बर्गको अर्थपुर्ण सहभागिता सुनिश्चित गरि उनीहरुको क्षमता अभिवृद्धी गर्ने

### ६.४.७ रणनिति तथा कार्यनिति

| रणनिति | कार्यनिति |
|---|---|
| • विपन्न तथा पछाडी पारीएका बर्ग हरुको निर्णायक तहमा पहुच अभिबृद्रि गर्ने । | नगरको लैसास नितिको कार्यान्वयन,लक्षित बर्गलाइ आर्थिक, सामाजिक शसक्तिकरण गर्ने, लक्षित बर्ग मैत्री संरचनाको निर्माण गर्ने, महिला तथा लक्षीत बर्गहरुका लागी सिप विकास तथा आयआर्जनका कार्यक्रम संचालन गर्ने, हिंसा प्रभावित महलाहरुका लागी स्थापित सुरक्षित आवासको व्यवस्थापन, जेष्ठ नागरीक दिवा केन्द्र स्थापना गर्ने, अपाङ्गता भएकाहरुको जिविकोपार्जनमा सुधार ल्याउन सिप र क्षमता अभिबृद्धी गर्ने, भौतिक संचरना निर्माण गर्दा बालमैत्री, अपाङ्गमैत्री तथा जेष्ठ नागरीकमैत्री संरचना गर्ने, जेष्ठनागरिकबाट अन्तर पुस्ता हस्तान्तरण कार्यक्रम गर्न, अल्पसंख्यक हरुलाइ निति निर्माणको तहमा पुर्‍याउने। |

| रणनिति | कार्यनिति |
|---|---|
| • बालमैत्री स्थानिय शासन प्रवर्द्धन गर्ने | बाल क्लब तथा सञ्जालहरुको क्षमता अभिवृद्धी गर्ने, बालमैत्री स्थानीय शासनलाई प्रवर्धन गर्ने, बालश्रम, बालविबाह अन्त्य गर्न समुदाय परिचालन गरिने छ । |

### ६.४.८ प्रमुख कार्यक्रम

- महिला उद्यमशिलता तालिम
- लक्षित बर्ग शसक्तिकरण कार्यक्रम
- लैङ्गिक हिंसा विरुद्धका कार्यक्रम
- जेष्ठ नागरिक सम्बन्धि कार्यक्रम
- अपाङ्गता भएकाहरुकालागी क्षमताविकास तथा आयआर्जन कार्यक्रम
- परम्परागत पेशा सुधार कार्यक्रम
- बालविबाह विरुद्ध कार्यक्रम
- बालश्रम विरुद्ध कार्यक्रम
- बालमैत्री स्थानिय शासन प्रवर्द्धन कार्यक्रम

## ६.५ युवा तथा खेलकुद

### ६.५.१ समस्टिगत विद्यमान अवस्था

नगरका ११ वटै वडामा वडा स्तरीय युवा संजालहरु रहेका छन । नगरपालिकामा युवा नीति २०७२, युथ भिजन २०२५ र दिगो विकास लक्ष्य कार्यान्वनको चरणमा रहेको छ। नगरपालिकाले प्रत्येक बर्ष २५ जना युवाहरुलाई उद्यमशिलता विकास तालिम दिएको छ। अहिले सम्म १००० जनालाई लागू औषध दुर्व्यसन न्यूनिकरण सम्बन्धी युवा परामर्श कार्यक्रम सञ्चालन गरिएको छ। नगरमा ४ वटा खेलमैदान रहेका छन भने १ वटा कभर्ड हल रहेको छ । यस नगरका १० जना अन्तर्राष्ट्रिय खेलाडीहरु ,५० जना राष्ट्रिय खेलाडीहरु, १२२ जना प्रदेश स्तरका खेलाडीहरु, ७ जना राष्ट्रिय रेफ्रीहरु र १० जना खेल प्रशिक्षकहरु रहेका छन नगरस्तरीय खेलकूद प्रतियोगिताहरु भैरहेका छन । रङ्गशाला निर्माणको प्रक्रियामा रहेकोले खेलकुद विकासमा यसले महत्वपूर्ण योगदान गर्ने देखिन्छ। नगरका युवाहरु बैदेशिक रोजगारीका लागि भारत, खाडी मुलुक, मलेशिया जस्ता देशमा गएका छन।

### ६.५.२ अवसर

युवालाइ लक्षित गरि युवा बर्गको प्राविधिक तथा व्यवसयिक दक्षता अभिवृद्धि गर्न, कृषि, व्यापार तथा उद्योग क्षेत्रको बिकासमा युवाको आकर्षण बढाउन, रोजगारीका अल्पकालिन तथा दीर्घकालिन अवसरहरुको पहिचान गरी युवा परिचालन गर्न, दक्ष तथा क्षमतावान युवा खेलाडी उत्पादन गर्न नगरपालिकासँग अवसरहरु प्राप्त छन।

### ६.५.३ चुनौती

युवाहरुको विदेश पलायन यहाको ठुलो चुनौति हो । यस नगरमा खेलकुदको उचित संरचना र प्रशिक्षण अभाव रहेको, युवाहरु लक्षित उपयुक्त कार्यक्रमहरुको कमी हुनु, खेल मैदान निर्माणकालागि पर्याप्त जग्गा उपलब्ध नभएको, युवाहरुको पलायन रोकी स्वरोजगार बढाउन चुनौती रहेको, छ। युवा बर्गलाई आकर्षण गर्न सक्ने रोजगारीका अवसरहरु सिर्जना गर्नु, सकृय उमेर समूहका युवालाई दक्ष जनशक्तिको रुपमा उपयोग गर्नु, युवामा व्यवसायिकताको सचेतना दिनु, खेलकुद पूर्वाधारको विकास गर्नु तथा युवा बर्गलाइ खेल प्रति आकर्षण गर्नु युवा तथा खेलकुद क्षेत्रका चुनौतीहरु हुन।

### ६.५.४ दिर्घकालिन सोँच
दक्ष युवा,सक्षम पुस्ता

### ६.५.५ लक्ष्य
उद्यमशिलताका तथा खेलकुदका माध्यमबाट युवा वर्गको क्षमता विकास गर्ने

### ६.५.६ उद्देस्य
दक्ष तथा सिपयुक्त युवा तयार गरि रोजगारी बढाउने र खेलकुदको बिकास गरि राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडी तयार गर्ने ।

### ६.५.७ रणनिति तथा कार्यनिति

| रणनिति | कार्यनिति |
|---|---|
| • युवा स्वारोजगार तथा प्रर्वद्धन गरी उद्यमशिलता विकास गर्ने । | युवा प्रतिभाको खोजीगर्ने , नगर स्तरीय यूवा नीति निर्माण कार्यन्वयन गर्ने । यूवा स्वरोजगार कोषको स्थापना गर्ने , यूवा सुचना केन्द्रको स्थापना गर्ने , वडा तथा नगर स्तरीय यूवा सञ्जालको गठन तथा पुन: गठन र क्षमता अभिवृद्धी गर्ने, युवाहरुलाई स्वरोजगारका लागि सिप मुलुक तालिमको व्यवस्था गरिने छ। |
| • खेलकुद क्षेत्रको विकास गर्ने | राष्ट्रिय तथा अन्तर ाष्ट्रिय स्तरका खेलाडी उत्पादनलाइ निरन्तरता, नगर स्तरीय खेलकुद नीति निर्माण गरि कार्यन्वयन गर्ने,खेलकुद क्षेत्रको आवश्यक पुर्वाधार निर्माण गरी प्रतिस्प्रधि खेलाडी उत्पादन गरिने छ । |

### ६.५.८ प्रमुख कार्यक्रम
- युवा प्रतिभा खोजि कार्यक्रम
- युवाहरुलाइ उद्यमशिलता तालिम
- युवा सिप विकास कार्यक्रम
- लागुपदार्थ,दुर्व्यसन विरुद्धका कार्यक्रम
- युवाक्लव गठन तथा परिचालन कार्यक्रम
- खेलकुद पुर्वाधार निर्माण

## ६.६ कला संस्कृति
### ६.६.१ समस्टिगत विद्यमान अवस्था
दशरथचन्द नगरपालिकामा विशु, गौरा, दशैं, तिहार, कृष्णजन्माष्टमी, तीज, माघे सक्रान्ति, होली, चैते दशैं, शिबरात्री, श्रीपञ्चमी, रामनबमी, औशि , पुर्णिमा, लगायतका पर्वहरु मनाइन्छ। यहा निङ्गलासैनी, जगन्नाथ, त्रिपुरासुन्दरी, कैलपाल, महारुद्र, इश्वरीगंगा धाममा जात्रामा मेला, देउडा लगायतका खेलहरु खेल्ने प्रचलन रहेको छ। यहा पञ्चेबाजा, ढोलक, मुरली, रुइसिङ, मिजुरा,मादल आदि बाजाहरु का साथै बिभिन्न साहित्यिक, सांस्कृतिक संघ संस्थाहरु रहेका छन । यि परम्परागत कला संस्कृतिको जगेर्ना र संरक्षणका लागि नगरपालिकाको ध्यान जान जरुरी छ।

### ६.६.२ अवसर
अपार भाषा,कला,संस्कृति र धार्मिक स्थलहरु रहेको यस नगरपालिकामा कला संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्ने संभावना रहेको छ। कलाकारिता क्षेत्रमा प्रखरता ल्याई नाम, दाम कमाउन सकिन्छ भने भाषाको संरक्षणमा विशेष योगदान पुऱ्याउन सकिन्छ। धार्मिक एवं सांस्कृतिक सम्पदाको सम्वर्द्धन गरी पर्यटकीय क्षेत्रको रुपमा नगर पालिकालाई नै आकर्षक गन्तव्यको रुपमा विकास गर्न सकिने देखिन्छ।

### ६.६.३ चुनौती
स्थानिय भाषा संस्कृति लोप हुँदै गएको, नयाँ पुस्तामा भाषा संस्कृती प्रति घट्दो रुची, पुस्तान्तरणको अभाव भएको, बढ्दो पाश्चात्य प्रभाव रहेको, संरक्षणका लागि उचित जनचेतनाको अभाव रहेको, भाषासंस्कृती पुस्तान्तरण गर्न चुनौती रहेको। स्थानीय कला, धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण एवं प्रवर्द्धन गर्नु, समाजको बहुलताका विशेषतालाई आत्मसात गर्दै विकासको दिशामा समाजलाई परिचालन गर्नु, लोपोन्मुख संस्कृतिको अन्वेषण गर्नु, सँस्कृति, कला, भाषा तथा साहित्यको संरक्षण तथा विकासमा नेतृत्वको चासो बढाउनु चुनौतीपूर्ण रहेको छ।

### ६.६.४ दिर्घकालिन सोँच
भाषा, कला, संस्कृतिको जगेर्ना, नगरको पहिचानको संरक्षण

### ६.६.५ लक्ष्य
भाषा, कला, साहित्य, संस्कृति र सम्पदाको संरक्षण र संवर्द्धन र प्रवर्द्धन गर्ने

### ६.६.६ उद्देस्य
स्थानिय भाषा, कला ,संस्कृतिको संरक्षण तथा संवर्धन र विकास गर्ने

### ६.६.७ रणनिति तथा कार्यनिति

| रणनिति | कार्यनिति |
|---|---|
| स्थानीय भाषा, साहित्य, कलाको संरक्षण खोज, पुस्ता हस्तान्तरण गर्ने | पौराणिक तथा परम्परागत कला सँस्कृतिको जगेर्ना तथा प्रवद्धन गर्ने, श्रष्टाहरुको खोजि र श्रष्टाहरुक ो सम्मान गर्ने, कला सँस्कृतिको अध्ययन अनुसन्धान गरि सुचिकृत गर्ने, कला सँस्कृति संग्राहलयको स्थापना गरिने छ। |

### ६.६.८ प्रमुख कार्यक्रम
- कला संस्कृति संरक्षकालागी विशेष कार्यक्रम
- कला संस्कृतिको खोज अनुसंधान कार्यक्रम
- स्रष्टा सम्मान कार्यक्रम
- कला संग्राहलय स्थापना
- स्थानिय कला संस्कृति अभिलेखिकरण तथा बुकलेट प्रकाशन

# ६.७ सामाजिक विकास क्षेत्रको नतिजा

## तालिका ७ : सामाजिक विकास क्षेत्रको नतिजा तालिका

| लक्ष्य /नतिजा | नतिजासूचक तथा पुष्ट्याईका आधारहरू | | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | इकाई | आधाररेखा (आ.व. ०७९/८० ) | लक्ष्य ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | पुष्ट्याईका आधारहरू | |
| लक्ष्य २ : आधारभूत तथा गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा तथा खानेपानी सेवामा न्यायोचित पहुँच एवं लक्षित वर्गको सशक्तीकरण गरी समावेशी तथा समतामूलक नगर निर्माण गर्ने । प्रतिफल २.१. गुणस्तरीय आधारभूत, प्राविधिक तथा उच्च शिक्षामा समावेशी समतामूलक पहुँच वृद्धि भई दक्ष जनशक्ति उत्पादन भएको हुनेछ। | १५ बेखि ७० वर्षसम्मका साक्षर जनसंख्या | प्रतिशत | ८०.४ | ८२.४ | ८६.६ | ८८ | ९१ | ९६ | – नगर वस्तुगत विवरण । श्रोतपुस्तक । – IEMIS प्रतिवेदन – नगर शिक्षा शाखाको प्रतिवेदनहरु – प्रगति/अनुगमन प्रतिवेदन – विद्यालय सुधार योजना – नगरशिक्षा शाखाको वार्षिक प्रतिवेदन – | – नियमित रुपमा तथ्याङ्क अद्यावधिक हुनेछ। – अभिभावक तथा स्थानीय सरोकारवालाको ,चासो ,प्रतिबद्धता र सहभागितामा अभिवृद्धि हुनेछ । – सरकारी, गैर सरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ – विद्यार्थीहरुको सिकाइ उपलब्धि उच्चतहमा हासिल भएको हुनेछ – प्राविधिक शिक्षाको विकास र विस्तार हुनेछ । |
| | विद्यालय बाहिर रहेका ५-१६ वर्षका बालबालिका | प्रतिशत | ४.४ | १.६ | २ | १.६ | १ | ०.७५ | | |
| | प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ६० | ७० | ८० | ९० | १०० | ११० | | |
| | नगर क्षेत्रमा अध्ययनरत विद्यार्थी संख्या | संख्या | ८९२७ | ८९२७ | ९०२६ | ९०६० | १०००० | १००६० | | |
| | क्याम्पसमा अध्ययनरत विद्यार्थी | संख्या | ४८६ | ४८६ | ४९६ | ६१० | ६६० | ६०० | | |
| | स्नातक तह उत्तीर्ण जनसंख्या | संख्या | | | | | | | | |
| | स्नातक तह उत्तिर्ण गर्ने महिला | संख्या | | | | | | | | |
| | स्नातकोत्तर तह उत्तीर्ण गरेका महिला | संख्या | | | | | | | | |
| | प्रारम्भिक बाल कक्षामा अध्ययनरत ४-५ वर्ष सम्मका बालबालिका | संख्या | ११२१ | ११२१ | ११६० | ११७५ | १२०० | १२२५ | | |
| | प्रारम्भिक बालविकासबाट कक्षा १ मा भर्ना भएका बालबालिका।नर्सरी र एल.केजी बाहेक। | संख्या | ७६१ | ८०० | ८२५ | ८५७ | ९२५ | १००० | | |
| | कक्षा ८ को उत्तिर्ण दर | प्रतिशत | ८६ | ८८ | ९० | ९१ | ९५ | ९८ | | |
| | कक्षा १० को जिपिए औषत | संख्या | | | | | | | | |
| | कक्षा १२ को जिपिए औषत | संख्या | | | | | | | | |
| | कक्षा ८ को सिकाई उपलब्धी दर औषत जिपिए | प्रतिशत | २.० | २.४ | २.८ | ३.० | ३.२ | ३.४ | | |
| | कक्षा ८ को निरन्तरता दर | प्रतिशत | ९९ | १०० | १०० | १०० | १०० | १०० | | |
| | कक्षा १० को निरन्तरता दर | प्रतिशत | ९९ | १०० | १०० | १०० | १०० | १०० | | |
| | खुद्दै देखिने भर्नादर | | | | | | | | | |
| | आधारभूत तह | प्रतिशत | १०८.९ | १०७.९ | १०४ | १०३.६ | १०२ | १०१ | | |
| | माध्यमिक तह | प्रतिशत | ९४.४ | ९६ | ९६.६ | ९९ | ९७ | ९८ | | |
| | उच्च शिक्षा | प्रतिशत | ११.१ | १२ | १३.६ | १६.६ | १७ | ४० | | |
| | कक्षा छोड्ने दर (१ देखि ६ कक्षा) | प्रतिशत | ३.९ | ३.१ | १ | २.६ | २ | १.६ | | |
| | खुद भर्ना दर % | | | | | | | | | |
| | प्राथमिक तह (१ देखि ६ ।) | प्रतिशत | ९५.६ | ९७ | ९७.६ | ९८ | ९८.६ | ९९ | | |

| लक्ष्य /नतिजा | नतिजा सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आधाररेखा | लक्ष्य | | | | | पुष्ट्याईका आधारहरु | |
| | सूचक | इकाई | (आ.व. ०७९/८० ) | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | |
| | आधारभूत तह (१-८) | प्रतिशत | ९६.७ | ९७ | ९७.५ | ९८ | ९८.५ | १०० | | |
| | माध्यमिक तह (९-१२) | प्रतिशत | २९.० | ३३ | ३४ | ३७ | ४० | ४५ | | |
| | उच्च शिक्षा | प्रतिशत | | | | | | | | |
| | कक्षा छाड्ने दर | | | | | | | | | |
| | १-५ | प्रतिशत | ३.६ | ३.२ | २.८ | २.३ | १.८ | १ | | |
| | ६-८ | प्रतिशत | ४.४ | ४.० | ३.२ | १.८ | १.४ | १ | | |
| | ९-१२ | प्रतिशत | ३.७ | ३.४ | ३ | २.२५ | १.२५ | ०.५ | | |
| | बाल विकास केन्द्रको संख्या | संख्या | ७१ | ७१ | ७१ | ७१ | ७१ | ७१ | | |
| | बाल विकास केन्द्रमा भर्ना दर | प्रतिशत | ९५ | ९६ | ९७ | ९८ | ९९ | १०० | | |
| | सामुदायिक अध्ययन केन्द्रको संख्या | संख्या | ५ | ५ | ६ | ७ | ८ | ९ | | |
| | खेल मैदान भएको विद्यालयको संख्या | संख्या | १० | १२ | १५ | १७ | १९ | २२ | | |
| | छात्र तथा छात्राहरुको लागि छुट्टाछुट्टै शौचालयहरु भएको विद्यालयको संख्या | संख्या | २२ | २५ | २८ | ३१ | ३३ | ३६ | | |
| | खानेपानीको सुविधा भएको विद्यालयको संख्या | संख्या | ३५ | ३७ | ३९ | ४१ | ४७ | ५० | | |
| | स्यानीटरी प्याड्स र डिस्पोज गर्ने व्यवस्था भएको विद्यालयको संख्या | संख्या | १० | ११ | १२ | १३ | १४ | १५ | | |
| | बालमैत्री सिकाइ विधि अवलम्बन गर्ने विद्यालय | प्रतिशत | ५५ | ६७ | ७० | ७५ | ८० | ८८ | | |
| | बालमैत्री आधारभूत पूर्वाधार र सुविधा (भवन, कक्षा, खानेपानी, शौचालय, खेल मैदान, घेराबार, फर्निचर) उपलब्ध | प्रतिशत | ६२ | ६५ | ६८ | ७२ | ७७ | ८२ | | |
| | छात्रवृत्ती पाउने विद्यार्थी संख्या | | | | | | | | | |
| | छात्रा | संख्या | २०९४ | ३००७ | ३००१५ | ३०२० | ३०३० | ३०४० | | |
| | छात्र | संख्या | ७२६ | ७३५ | ७५० | ७७५ | ८०० | ८१५ | | |
| | प्राविधिक शिक्षा (९ देखि १२ कक्षा) | संख्या | ० | १० | १५ | २० | २५ | ३५ | | |
| | अपांग (आवासीय) | संख्या | | | | | | | | |
| | अपांग (गैरआवासीय) | संख्या | १५ | २० | २५ | ३२ | ४० | ४५ | | |
| | बालक्लब गठन भएका विद्यालय | संख्या | १९ | २१ | २५ | २७ | ३० | ३५ | | |
| | शिक्षक विद्यार्थी अनुपात (औसत) | अनुपात | १५.८ | | | | | | | |
| | बाल विकास केन्द्र | अनुपात | | | | | | | | |
| | १ देखि ५ कक्षा | अनुपात | | | | | | | | |
| | ६ देखि ८ कक्षा | अनुपात | | | | | | | | |
| | ९ देखि १० कक्षा | अनुपात | | | | | | | | |
| | ११ देखि १२ कक्षा | अनुपात | | | | | | | | |
| | महिला शिक्षकको अनुपात (१९.४ जना) | अनुपात | | | | | | | | |
| | व्यवस्थित विज्ञान र कम्प्युटर प्रयोगशाला भएका | विद्यालय | १० | ११ | १२ | १३ | १४ | १५ | | |

| लक्ष्य /नतिजा | नतिजा सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आधाररेखा | लक्ष्य | | | | | पुष्ट्याईका आधारहरु | |
| | सूचक | इकाई | (आ.व. ०७९/८० ) | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | |
| | प्राविधिक शिक्षालय | संख्या | ३ | ३ | ४ | ४ | ५ | ५ | | |
| | उच्च शिक्षा क्याम्पस | संख्या | ३ | ३ | ३ | ३ | ३ | ३ | | |
| प्रतिफल २.२ : आधारभूत तथा गुणस्तरिय स्वास्थ्य सेवामा सबै नगरबासीको पहुँच पुगेको हुनेछ | शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र | संख्या | ५ | ५ | ५ | ६ | ६ | ६ | – नगर वस्तुगत विवरण। प्रोफाइल।<br>नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण<br>• राष्ट्रिय, क्षेत्र तथा जिल्ला स्तरीय स्वास्थ्य सर्वेक्षण।<br>– जिल्ला स्वास्थ्य कार्यालय तथा नगर स्वास्थ्य शाखा को प्रतिवेदन | – संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ।<br>– आवश्यक स्रोत तथा जनशक्ति समयमै प्राप्त हुनेछ।<br>– स्वास्थ्य संस्थाहरुमा आवश्यक उपकरण र दक्ष जनशक्ति को व्यवस्थापन हुनेछ। |
| | १५ शैयाको अस्पताल | संख्या | १ | १ | १ | १ | १ | १ | | |
| | स्वास्थ्य चौकी | संख्या | ९ | ९ | ९ | ९ | ९ | ९ | | |
| | नगर/ आधारभूत स्वास्थ्य केन्द्र | संख्या | १ | १ | १ | १ | २ | २ | | |
| | सामुदायिक स्वास्थ्य इकाइ | संख्या | ० | ० | ० | ० | ० | ० | | |
| | ३० मिनेटभित्र स्वास्थ्य सेवामा पहुँच भएका परिवार। गाउँघर क्लिनिकको सेवा समेत। | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | प्राथमिक स्वास्थ्य केन्द्र/अस्पताल पुग्न लाग्ने औसत समय | मिनेट | १२० | ११० | १०० | ९० | ७० | ६० | | |
| | बिरामी पर्दा सर्वप्रथम स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्य केन्द्र/अस्पताल जाने जनसंख्या। | प्रतिशत | ७९ | ८० | ८५ | ९० | ९५ | १०० | | |
| | स्वास्थ्य संस्थामा संस्थागत प्रसुती सेवा लिने महिला | प्रतिशत | ९८ | १०० | १०० | १०० | १०० | १०० | | |
| | पूर्व प्रसुति सेवा ४ पटक प्राप्त गर्ने महिला। | प्रतिशत | ८२ | ८४ | ८६ | ८८ | ९० | ९५ | | |
| | २५०० ग्रामभन्दा कम जन्मतौल भएका शिशु | प्रतिशत | | | | | | | | |
| | झाडापखालाको संक्रमण दर। प्रति हजारमा। | जना | १६० | १४० | १२० | ११० | १०० | १०० | | |
| | श्वासप्रश्वासको संक्रमण (ARI) दर। प्रति हजारमा। | जना | ४६० | ४१० | ४०० | ३६० | ३०० | २५० | | |
| | मोतियाबिन्दुका बिरामी | जना | | | | | | | | |
| | स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी | जना | ६६ | ६६ | ६८ | ७० | ७५ | ७७ | | |
| | भिटामिन ए प्राप्त गर्ने बालबालिका | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | लक्षित गाउँघर क्लिनिकमध्ये संचालित गाउँघर क्लिनिक | प्रतिशत | ९५ | १०० | १०० | १०० | १०० | १०० | | |
| | लक्षित खोप क्लिनिकमध्ये संचालनमा भएको | संख्या | ९९ | १०० | १०० | १०० | १०० | १०० | | |
| | किशोरकिशोरीमैत्री स्वास्थ्य सेवा उपलब्ध गराउने स्वास्थ्य संस्था। | संख्या | २ | ४ | ६ | ८ | १० | १५ | | |
| | जेष्ठ नागरिक तथा अपांगता भएकाहरुलाई पूर्ण निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने स्वास्थ्य संस्था। | संख्या | १५ | १५ | १५ | १५ | १५ | १५ | | |
| | २४ सै घण्टा प्रसुति सेवा भएका वडाहरु | संख्या | ११ | १२ | १३ | १४ | १५ | १५ | | |
| | क्षयरोग निदान हुने स्वास्थ्य संस्था। | संख्या | २ | ४ | ४ | ४ | ४ | ४ | | |

| लक्ष्य /नतिजा | नतिजा, सूचक तथा पुष्ट्याइँका आधारहरू | | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आधाररेखा | लक्ष्य | | | | | पुष्ट्याइँका आधारहरू | |
| | सूचक | इकाई | (आ.व. ०७९/८० ) | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | |
| | प्राथमिक आँखा उपचार केन्द्र | संख्या | १ | २ | २ | ३ | ३ | ५ | | |
| | सुरक्षित गर्भपतन सेवा उपलब्ध स्वास्थ्य संस्था | संख्या | ० | ४ | ६ | ८ | १० | १२ | | |
| | चिकित्सकहरूको स्वीकृत दरबन्दीको पदपूर्तिको अवस्था | प्रतिशत | ० | ० | ५ | ५ | ५ | ५ | | |
| | नर्सहरूको स्वीकृत पदहरूमध्ये पूर्ति भएको अवस्था | प्रतिशत | ७८ | ८५ | ९० | १०० | १०० | १०० | | |
| | पूर्ण स्तनपान गराउने आमा | प्रतिशत | ५७ | ६५ | ७५ | ८० | ८५ | ९५ | | |
| | कुपोषण दर | प्रतिशत | १ | ० | ० | ० | ० | ० | | |
| | अतिकडा कुपोषित बच्चा | प्रतिशत | ०.१ | ० | ० | ० | ० | ० | | |
| | पूरा आईरन चक्की खाने गर्भवती आमा | प्रतिशत | ८० | १०० | १०० | १०० | १०० | १०० | | |
| | स्वास्थ्य व्यवस्थापन समिति सक्रिय रहेका स्वास्थ्य संस्था | प्रतिशत | १५ | १५ | १५ | १५ | १५ | १५ | | |
| | परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | ३३ | ४० | ५० | ६० | ६५ | ७० | | |
| | स्वास्थ्य बिमा गर्ने परिवार | प्रतिशत | | | | | | | | |
| | स्वास्थ्य शिविर | पटक | ३ | ५ | ७ | ९ | १२ | १५ | | |
| | फलोअपमा आएका बिरामी | प्रतिशत | २ | १० | २० | ३० | ४० | ५० | | |
| | स्वास्थ्य संस्थामा उपलब्ध न्यूनतम सेवा सुविधा | प्रकार | ७ | ७ | ८ | ८ | ९ | १० | | |
| | आयोडिनयुक्त नुन प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० | १०० | | |
| | सुधारिएको चुलो वा वैकल्पिक इन्धन प्रयोग गर्ने परिवार | प्रतिशत | ६० | ७० | ८० | ८५ | ९० | १०० | | |
| | आधारभूत सुविधा (खानेपानी, शौचालय, बर्थिङ वार्ड र परामर्श केन्द्र आदि) उपलब्ध स्वास्थ्य संस्था | संख्या | ३ | ५ | ७ | ९ | ११ | १५ | | |
| | मनोसामाजिक परामर्श केन्द्र | संख्या | १ | २ | ३ | ५ | ७ | १५ | | |
| | आधारभूत आँखा उपचार केन्द्र | संख्या | १ | २ | ३ | ५ | ७ | १५ | | |
| | आयुर्वेद अस्पताल तथा स्वास्थ्य केन्द्र | संख्या | १ | २ | २ | ३ | ३ | ३ | | |
| प्रतिफल २.३ सुरक्षित खानेपानी तथा सरसफाइ सुविधामा सबैको न्यायोचित पहुँच भई पूर्ण सरसफाइ उन्मुख नगरपालिकाको रुपमा विकास भएको हुनेछ | विभिन्न धारा प्रयोग गर्ने परिवार | | १९९३ | २००० | २१०० | २२०० | २४०० | ३००० | – नगर वस्तुगत विवरण। प्रोफाइल।<br>– MWASHCC को सर्वेक्षण प्रतिवेदन<br>– प्रगति/<br>– अनुगमन प्रतिवेदन | – सबै घरधुरीमा स्वच्छ पिउने पानीको व्यवस्था हुनेछ।<br>– पूर्ण सरसफाइ मा समुदायको चेतना अभिवृद्धि हुनेछ।<br>– सरोकारवालाको प्रतिबद्धता |
| | पाइपलाइनबाट वितरित पानी प्रयोग गर्ने घरधुरी | संख्या | ५५८२ | ५७०० | ५८०० | ५९०० | ६००० | ६५०० | | |
| | पानी शुद्धिकरण गरी सुरक्षित खानेपानी प्रयोग गर्ने घरधुरी | संख्या | १०७१ | ११०० | ११०० | १५०० | २००० | २५०० | | |
| | स्वच्छ (फ्लस भएको) पक्कि शौचालय भएका घरधुरी | संख्या | ५१०१ | ५२०० | ५४०० | ५५०० | ६२०० | ६५०० | | |

| लक्ष्य /नतिजा | नतिजा,सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | इकाई | आधाररेखा (आ.व. ०७९/८० ) | लक्ष्य ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | पुष्ट्याईका आधारहरु | |
| | धारा भएको फ्लस शौचालय भएका घरधुरी | | १९७७ | १८८० | १६८० | १२८० | ८८० | ६८० | | र सहकार्य एवं साझेदारीमा वृद्धि हुनेछ। |
| | सार्वजनिक शौचालय | संख्या | ५ | ५ | ७ | ८ | ८ | ९ | | |
| | साबुनयुक्त पानीमा सानुपातिक हात धुने | प्रतिशत | ८० | ८२ | ८४ | ८८ | ९० | ९६ | | |
| | फोहोर वर्गीकरण गरी विसर्जन गर्ने परिवार | प्रतिशत | ० | ५ | १० | १५ | २० | २५ | | |
| | सक्रिय खानेपानी र सरसफाई उपभोक्ता समिति | प्रतिशत | १५ | १६ | १७ | २० | २२ | २५ | | |
| प्रतिफल २.४: महिला, बालबालिका, दलित,जेष्ठ नागरिक, एकल महिला, फरक क्षमता तथा पछाडि पारिएका वर्ग सशक्त भई निर्णायक तहमा सहभागिताको वृद्धि भएको हुनेछ। | परिचालित स्थानीय संरचना तथा कानून अनुसार समावेशी (महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको वर्ग) समिति, संजाल तथा संगठन | संख्या | ६ | ६ | ७ | ८ | ९ | १० | - नगर वस्तुगत विवरण। प्रोफाइल।<br>- लक्षित वर्ग सम्बन्धी काम गरेका निकायको तथ्याङ्क<br>- महिला तथा बालबालिका शाखाको वार्षिक प्रतिवेदन<br>- अनुगमन प्रतिवेदन | - समावेशिताका आधारित स्थानीय नीति र कानून तर्जुमा हुनेछ।<br>- सरकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ।<br>- सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित वर्ग कार्यक्रमको निरन्तरता हुनेछ। |
| | लैंगिक हिंसा सम्बन्धी घटना (वार्षिक) | संख्या | १२१ | ११० | १०० | ८६ | ७६ | ६० | | |
| | कुटपिट | | २० | १६ | १२ | १० | ८ | ६ | | |
| | गालीगलौज | | ७१ | ६० | ५५ | ५० | ४८ | ४० | | |
| | अपहेलना | | ६ | ४ | २ | १ | ० | ० | | |
| | परित्यकता | | २० | १६ | १० | १० | ८ | ६ | | |
| | सम्बन्ध विच्छेद | | १ | ० | ० | ० | ० | ० | | |
| | परिचय पत्र प्राप्त अपाङ्गता भएका व्यक्ति | संख्या | ९१ | ९६ | १०० | १०० | १०५ | ११० | | |
| | तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | संख्या | | | | | | | | |
| | व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला | संख्या | ४१ | १०० | १२० | १२० | १५० | २०० | | |
| | उद्धार, उपचार र सहयोग प्राप्त गर्ने हिंसाजन्य घटना पीडित महिला | संख्या | १२१ | ११० | ९० | ७० | ६० | ५० | | |
| | लक्षितवर्गबाट उजुरी मुद्दा/नालिसा | संख्या | | | | | | | | |
| | सामाजिक सुरक्षाबाट लाभान्वित लक्षित वर्ग | संख्या | ७२७० | ७१०० | ७१५० | ७४०० | ७५०० | ७६०० | | |
| प्रतिफल २.५: सिर्जनशिल तथा आत्मनिर्भर युवाशक्तिको विकास भई उत्पादनमूलक कार्यमा युवा संलग्नतामा वृद्धि र व्यावसायीक खेलाडी उत्पादन भएको हुनेछ | वैदेशिक रोजगारीमा गएका युवा | संख्या | ३९८६ | ३४०० | ३००० | २८०० | २५०० | २००० | - नगर वस्तुगत विवरण। प्रोफाइल।<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | - युवा स्वरोजगार कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन हुनेछ<br>- युवामैत्री वातावरण र लगानीमा वृद्धि हुनेछ। |
| | युवा क्लब, संजाल तथा संस्था | संख्या | ३३ | ३३ | ३३ | ३३ | ३३ | ३३ | | |
| | उद्यम, व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | संख्या | २०१ | २०५ | २५० | ३०० | ३५० | ५०० | | |
| | फुटबल तथा क्रिकेट मैदान | संख्या | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| | नगरपालिकामा संचालित खेलकुद प्रतियोगिता | संख्या | ३ | ५ | ६ | ६ | ७ | ७ | | |
| | प्रदेश तथा राष्ट्रियस्तरका खेलाडी | संख्या | ३१ | ३५ | ४० | ४५ | ५० | ५५ | | |
| | राष्ट्रिय अन्तर्राष्ट्रिय खेलाडी संख्या | संख्या | १२ | १४ | १५ | १६ | १७ | १८ | | |
| प्रतिफल २.६: स्थानीय कला,संस्कृति तथा साहित्यको | कला, संस्कृति, भाषा र साहित्यमा विज्ञ, प्रदेश र राष्ट्रको प्रतिनिधित्व | संख्या | १० | १२ | १२ | १३ | १५ | १६ | - नगर वस्तुगत विवरण। | - सरकारी, गैरसरकारी र |

| लक्ष्य /नतिजा | नतिजा,सूचक तथा पुष्ट्याईंका आधारहरु | | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | इकाई | आधाररेखा (आ.व. ०७९/८०) | लक्ष्य ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | पुष्ट्याईंका आधारहरु | |
| जगेर्ना तथा प्रवर्द्धन भएको हुनेछ। | गर्ने संस्था | | | | | | | | प्रमाणहरू।<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | निजी क्षेत्रको कला र संस्कृतीको क्षेत्रमा लगानी र कार्यक्रममा वृद्धि हुनेछ। |
| | संरक्षित कला, संस्कृति र सम्पदाका प्रकार | संख्या | २० | २१ | २२ | २३ | २४ | २५ | | |
| | कला, भाषा र साहित्यलाई पेशाको रुपमा अवलम्बन गर्ने व्यक्ति | संख्या | ४ | ५ | ६ | ७ | ८ | १० | | |
| | स्थानीय संस्कृति, कला, सम्पदा र साहित्यसम्बन्धी अध्ययन तथा अनुसन्धान | संख्या | २ | ३ | ४ | ५ | ६ | ७ | | |
| | स्थानीय कला, संस्कृति, सम्पदा, भाषासाहित्यमा आधारित प्रकाशन | संख्या | २ | ३ | ४ | ५ | ६ | ७ | | |

## ६.८ सामाजिक विकास क्षेत्रको मुख्य कार्यक्रम

### तालिका ८ : आवधिक योजनाको नतिजा प्राप्तिको लागि तर्जुमा गरिएका कार्यक्रम तथा योजना

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य: आधार वर्ष ०७९/०८० | योजनाको लक्ष्य: कुल लक्ष्य (२०८४/०८५) | अनुमानित लागत (रु. हजार) | क्रियाकलाप /स्थान |
|---|---|---|---|---|---|
| **सामाजिक विकास** | | | | | |
| **प्रतिफल २.१ : गुणस्तरीय आधारभूत, प्राविधिक तथा उच्च शिक्षामा समावेशी समातामुलक पहुच वृद्धि भई दक्ष जनशक्ति उत्पादन भएको हुनेछ।** | | | | | |
| २.१.१ विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण | विद्यालय संख्या | ५२ | ५२ | १००००० | - नगर क्षेत्रका सामुदायिक विद्यालयहरुमा २० वटा कक्षा कोठा निर्माण।<br>- १० वटा कक्षा कोठाको प्रविधिकरण।(स्मार्टकोठा) गर्ने।<br>- १० वटा कक्षा कोठाको मर्मत सम्भार।<br>- विद्यालयमा ५ वटा बाल मैत्रीको शौचालय निर्माण।<br>- विद्यालयमा १५ वटा छुट्टिनै शौचालय निर्माण।<br>- ५ वटा शौचालय मर्मत।<br>- ५ विद्यालयमा शुद्ध खानेपानीको पूर्वाधार, क्षमता विस्तार र व्यवस्थापन।<br>- १० विद्यालयमा कम्पाउन्ड वाल निर्माण।<br>- ५ वटा विद्यालयमा खेलमैदानका पूर्वाधार निर्माण गर्ने।<br>- ५ वटा विद्यालयका खेलमैदान विस्तार।<br>- १० विद्यालयमा घेराबार, पर्खाल निर्माण।<br>- विद्यालयमा प्रतिवर्ष १०० सेट नयाँ फर्निचरको व्यवस्था गर्ने।<br>- विद्यालयमा २०० सेट फर्निचर मर्मत सम्भार तथा प्रतिस्थापन।<br>- नमुना विद्यालय छनौट र व्यवस्थापन |
| २.१.२. अनिवार्य तथा निशुल्क शिक्षा कार्यान्वयन | पटक | १ | ५ | ५००० | - सामुदायिक विद्यालयमा निशुल्क तथा अनिवार्य शिक्षा कार्यक्रम कार्यान्वयनका लागि विपन्न विद्यार्थी अनुदानको व्यवस्था। |
| २.१.३ शैक्षिक गुणस्तरमा सुधार | विद्यालय | ५२ | ५२ | २०००० | - सबै विद्यालयमा प्रविधियुक्तको पुस्तकालय निर्माण।<br>- १० वटा विद्यालयमा प्रयोगशाला निर्माण।<br>- सबै विद्यालयलाई शैक्षिक सामग्री व्यवस्थापनका लागि अनुदान। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | - ४ श्रेणी ८ कक्षासम्मको स्थानीय पाठ्यक्रम निर्माण, प्रकाशन र पठनपाठन ।<br>- दलित तथा जेहेन्दार विद्यार्थीहरुलाई उच्च शिक्षा पढ्न छात्रवृत्ति<br>- वर्षको एकपटक पढ्दै कमाउदै कार्यक्रम सञ्चालन<br>- एक वडा एक सामुदायिक सिकाइ केन्द्र स्थापना<br>- विद्यार्थी संग मेयर उपमेयर कार्यक्रम |
| २.१.४ दक्ष जनशक्तिको व्यवस्थापन | विद्यालय | ५२ | ५२ | २०००० | - १०जना स्थायि र मासिक विषयगत शिक्षकको दरबन्दी थप ।<br>- दरबन्दी मापदण्ड अनुसारको १० जना स्वयंसेवक शिक्षकहरुको व्यवस्था गर्ने ।<br>- ३६० जना शिक्षकलाई ३,६ र १० दिने भाग तथा विषयगत सम्बन्धित तालिम ।<br>- प्र.अ.हरुको क्षमता विकास तालिम<br>- शैक्षिक क्यालेण्डर निर्माण र कार्यान्वयन ।<br>- ३६०जना शिक्षकहरुलाई सूचना प्रविधि सम्बन्धी छोटो अवधिको तालिम ।<br>- सबै विद्यालयका प्रअहरुलाई विद्यालयको स्वमूल्यांकनसहित विद्यालय सुधार योजना निर्माण सम्बन्धी कार्यशाला ।<br>- कार्यमूलक अनुसन्धान सम्बन्धी शिक्षकहरुलाई तालिम र कार्यान्वयन ।<br>- कार्यसम्पादन, मूल्यांकनको मापदण्ड निर्धारण गरी शिक्षकहरुलाई प्रोत्साहन कार्यक्रम ।<br>- सबै विद्यालयमार्फत अभिभावक शिक्षा कार्यक्रम सञ्चालन ।<br>- शिक्षकहरुको पुनर्ताजगी बैठक सञ्चालन तथा अनुभव आदानप्रदान ।<br>- छात्राहरुलाई उच्च शिक्षामा सहयोग |
| २.१.५ बालविकास केन्द्रको व्यवस्थापन | संख्या | १४२ | १४२ | १५००० | - ५८ वटा बालविकास केन्द्र मापदण्ड अनुरुपका निर्माण गर्ने ।<br>- ६८वटा बालविकास केन्द्रका कक्षा व्यवस्थापन ।<br>- ७१ जना बालविकास शिक्षकहरुलाई ६ दिने क्षमता विकास पुर्नताजगी तालिम ।<br>- बालविकास शिक्षकहरुको सेवा सुविधामा विस्तार । |
| २.१.६ शैक्षिक क्षेत्र विस्तार | संख्या | १ | २ | २००००० | - नगर स्तरमा १ वटा आवासिय नमुना विद्यालय स्थापना<br>- १ वटा प्राविधिक विद्यालय स्थापना<br>- २ वटा आधारभूत विद्यालयलाइ माध्यमिक विद्यालयमा स्तरउन्नति |
| | | प्रतिफल २.१ को जम्मा | | ३६०००० | |

**प्रतिफल २.२ : आधारभुत तथा गुणस्तरिय स्वास्थ्य सेवामा सबै नगरवासीको पहुँच पुगेको हुनेछ ।**

| | | | | | |
|---|---|---|---|---|---|
| २.२.१ स्वास्थ्य क्षेत्रको भौतिक पूर्वाधार निर्माण । | वटा | १४ | १४ | १५०००० | - ९ वटा स्वास्थ्य संस्थाहरुको भवन निर्माण ।<br>- ४ वटा स्वास्थ्य संस्थाका भवनहरुको मर्मत सम्भार ।<br>- २० वटा गाउँघर क्लिनिक/खोप केन्द्रका भवनहरु निर्माण ।<br>- नगर स्तरमा औषधि, उपकरण तथा खोप कोल्डचेन भण्डार भवन निर्माण ।<br>- आवश्यक औषधी खरिद् ।<br>- सबै स्वास्थ्य संस्थाहरुमा शौचालय, खानेपानी र विद्युत, सञ्चारको व्यवस्थापन तथा मर्मत सम्भार ।<br>- ९ वटा स्वास्थ्य संस्थाहरुमा आधारभूत प्रयोगशाला स्थापना ।<br>- आधारभूत आयुर्वेद सेवा विस्तार |

| | | | | | |
|---|---|---|---|---|---|
| २.२.२ स्वास्थ्य संस्थामा आवश्यक उपकरण व्यवस्थापन । | संख्या | १४ | १४ | १०००० | - स्वास्थ्य संस्थामा आवश्यक उपकरण खरिद् ।<br>- गाउँघर क्लिनिकहरुलाई आवश्यक उपकरण तथा औजारहरु खरिद् गर्ने । |
| २.२.३ जनशक्ति व्यवस्थापन तथा क्षमता अभिवृद्धि | पटक | १४ | १४ | ४००० | - प्रतिवर्ष ७ जनालाइ SBA तालिम<br>- कार्यरत स्वास्थ्य कर्मचारीहरुलाई सेवाकालिन तथा पुनर्ताजगी तालिमहरु प्रदान ।<br>- स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई उत्प्रेरणा तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन ।<br>- महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन कार्यक्रम । |
| २.२.४ जनस्वास्थ्य प्रवर्द्धन तथा संक्रामक रोग नियन्त्रण | पटक | १ | ५ | ३००० | - स्वास्थ्य सूचना सञ्चार कार्यक्रम सञ्चालन ।<br>- स्वास्थ्य प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन ।<br>- टिबि रोग नियन्त्रण कार्यक्रम सञ्चालन ।<br>- मानसिक रोग उपचार प्रवर्द्धन कार्यक्रम सञ्चालन ।<br>- फिजियोथेरापी र योगा केन्द्र स्थापना ।<br>- आयुर्वेद उपचार प्रवर्द्धन कार्यक्रम ।<br>- गर्भवति महिला संग उपमेयर कार्यक्रम<br>- जेष्ठ नागरिक संग मेयर स्वास्थ्य कार्यक्रम<br>- जनता संग दशरथ चन्द सरकार स्वास्थ्य शिविर |
| २.२.४ स्वास्थ्य सेवा विस्तार | वटा | १९ | २४ | ३५००० | - नगर १९ शैयाका अस्पताल पूर्वाधार निर्माण<br>- स्वास्थ्य संस्थामा किशोर किशोरी मैत्री स्वास्थ्य सेवा विस्तार<br>- योग केन्द्र स्थापना |
| २.२.५ पोषण | संख्या | ० | १ | ५००० | - ९ वर्षभित्र कुपोषणमुक्त पालिका निर्माणका लागी पोषण पंजीकृत तथा मूल्यांकनकर्ताको व्यवस्था ।<br>- प्रत्येक वर्ष २ वटा पूर्ण पोषणयुक्त वडा पोषणा अभियान सञ्चालन ।<br>- सुनौला हजार दिनका आमाहरुलाई पोषण प्रवर्द्धनमा सचेतना र सहयोग । |
| **प्रतिफल २.२ को जम्मा** | | | | २०७००० | |
| प्रतिफल २.३ : सुरक्षित खानेपानी तथा सरसफाइ सुविधामा सबैको न्यायोचित पहुँच भई पूर्ण सरसफाइ उन्मुख नगरपालिकाको रुपमा विकास भएको हुनेछ | | | | | |
| २.३.१. पूर्वाधार निर्माण | पटक | १ | २० | १८०००० | - ९ वटा नया खानेपानी आयोजना निर्माण<br>- १० खानेपानी आयोजनामा इन्टेक निर्माण ।<br>- ३० खानेपानी आयोजनामा आरभिटी निर्माण ।<br>- सबै खानेपानी संस्थामा पानी शुद्धिकरण (ट्रिटमेण्ट प्लाण्ट) प्लाण्ट जडान ।<br>- १९ हजार किलोमिटर पाइपलाइन विस्तार ।<br>- २९ वटा डिगनोरिङ निर्माण ।<br>- ३ वटा ड्याम निर्माण ।<br>- २१ वटा पानी सञ्चित पोखरी निर्माण ।<br>- २९ वटा कोभरडेड ट्याकी निर्माण ।<br>- २ वटा लिफ्ट खानेपानी आयोजना निर्माण । |

| | | | | | |
|---|---|---|---|---|---|
| २.३.२. आयोजना व्यवस्थापन तथा क्षमता अभिवृद्धि | पटक | १ | ५ | ५०००० | - सबै खानेपानी आयोजनाहरुमा मर्मत सम्भार कोष स्थापना।<br>- पानीको फ्लो मिटर जडान।<br>- खानेपानी उपभोक्ता समिति तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि तालिम।<br>- उपभोक्तालाई पानी सदुपयोग सम्बन्धी क्षमता अभिवृद्धिका कार्यक्रम।<br>- खानेपानी आयोजनाका खानेपानी मुहान सुरक्षाका लागि चौकीदारको व्यवस्था।<br>- खानेपानी मुहान आसपासका बस्तीलाई मुहान संरक्षण र सरसफाई सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने।<br>- खानेपानी मुहानहरुमा घेराबार गर्ने।<br>- खानेपानी मुहान आसपासमा वृक्षारोपण गर्ने। |
| २.३.३. पूर्ण सरसफाई क्षेत्र विकास | संख्या | ० | १९ | ३५०० | - पूर्ण सरसफाईका सूचकहरु पूरा गर्ने।<br>- धारा, पानी संचित गर्ने भाँडा, भान्सामा सरसफाई गर्नेतर्फ सचेतना गर्ने।<br>- एक वडा एक सार्वजनिक शौचालय निर्माण |
| **प्रतिफल २.३ को जम्मा** | | | | २३३५०० | |

**प्रतिफल २.४: महिला, बालबालिका, दलित,जेष्ठ नागरीक, एकल महिला, फरक क्षमता तथा पछाडि पारिएका वर्ग शसक्त भई निर्णायक तहमा सहभागिताको वृद्धि भएको हुनेछ।**

| | | | | | |
|---|---|---|---|---|---|
| २.४.१. लक्षित वर्गको शसक्तिकरण | जना | २०० | १००० | २०००० | - अल्पकालिन सुरक्षा आवास गृह सञ्चालन गर्ने।<br>- महिलाहरुलाई व्यवसायिक योजना सम्बन्धी तालिम।<br>- महिला समूहहरु गठन, पुनर्गठन तथा संजाल निर्माण।<br>- १ सय जना महिलाहरुलाई जिविकोपार्जनका लागि सिपमूलक तालिम तथा अनुदानको व्यवस्था।<br>- १०० जनालाई महिला पुरुष समविकास सम्बन्धी जोडी तालिम।<br>- १२५ जना महिलाहरुलाई नेतृत्व विकास तालिम।<br>- महिला हिंसा विरुद्धको १६ दिने अभियानको निरन्तरता।<br>- ८ मार्च लगाएतका विभिन्न दिवसीय कार्यक्रमको निरन्तरता।<br>- ४० जना अपांगता भएका व्यक्तिहरुलाई रोजगारमूलक तालिम र अनुदानको व्यवस्था।<br>- ५० जना अपांगता भएका व्यक्तिहरुलाई सहायक सामग्रीको व्यवस्था।<br>- जातीय विभेद् उन्मुलन दिवस मनाउने।<br>- विपन्न जनजातिहरुलाई सिपमूलक तालिम र अनुदानको व्यवस्था गर्ने।<br>- २५ जनालाई दलित समुदायका परम्परागत पेशामा आधुनिकिकरण गर्न अनुदानको व्यवस्था गर्ने।<br>- प्रत्येक वर्ष २ जना विपन्न दलित बालबालिकालाई उच्च प्राविधिक शिक्षामा छात्रवृत्ती।<br>- ११ वटै वडामा जेष्ठ नागरिक दिवा सेवा केन्द्रको स्थापना<br>- जे.सा.स.परिक्षण |

| | | | | | |
|---|---|---|---|---|---|
| २.४.२. सामाजिक संस्कार सुधार | पटक | १ | ५ | २५०० | - छोराछोरीबीचको विभेद् अन्त्यका लागि अभिभावकलाई अभिमुखिकरण ।<br>- लैंगिक हिंसामुक्त वडा घोषणा ।<br>- ज्येष्ठ नागरिकको उचित पालनपोषण गर्ने उदाहरणीय व्यक्तीलाई सम्मान गर्ने ।<br>- परम्परागत हानिकारक अभ्यासविरुद्ध अभियान सञ्चालन गर्ने । |
| २.४.३. बालमैत्री स्थानिय शासनको प्रवर्द्धन | पटक | १ | ५ | २००० | - बालमैत्री स्थानिय शासन सम्बन्धि अनुशिक्षण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन<br>- बालमैत्री नगर घोषणाका लागी कार्यक्रम<br>- बालविवाह न्यूनिकरण सम्बन्धि बाल क्लबका सदस्यलाइ तालिम<br>- बालश्रम न्यूनिकरणका लागि रोजगारदाता तथा अभिभावकहरुलाई सचेतना<br>- माध्यमिक विद्यालयहरुमा बालविवाह न्यूकिरण का लागि म बोल्छु अभियान सञ्चालन गर्ने ।<br>- वार्षिक बालक्लब,सञ्जालगठन, पुनर्गठन तथा नेतृत्व र क्षमता विकास तालिम । |
| **प्रतिफल २.४ को जम्मा** | | | | २४५०० | |
| **प्रतिफल २.५: सिर्जनशिल तथा आत्मनिर्भर युवाशक्तिको विकास भइ उत्पादनमूलक कार्यमा युवा संलग्नतामा वृद्धि र व्यावसायिक खेलाडी उत्पादन भएको हुनेछ** | | | | | |
| - खेलकुद पूर्वाधार विकास | पटक | १ | ५ | १००००० | - नगर स्तरमा रंगशालाको निर्माण<br>- एक वडा- एक खेलमैदान निर्माण गर्ने ।<br>- नगरस्तरमा कवर्ड हल निर्माण गर्ने ।<br>- भएका खेल मैदानहरुको नियमित मर्मत तथा विस्तार गर्ने । |
| - क्षमता अभिवृद्धि | पटक | ० | ५ | १५००० | - खेलाडीहरुका लागि नियमित बन्द प्रशिक्षण सञ्चालन गर्ने ।<br>- उत्कृष्ट खेलाडी प्रोत्साहन कार्यक्रम ।<br>- खेल प्रशिक्षकहरुलाई पुनर्ताजगी तालिम र क्षमता अभिवृद्धि ।<br>- राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरका रेफ्रिहरु तयार गर्ने ।<br>- नियमित खेल प्रशिक्षकको व्यवस्था गर्ने ।<br>- खेल प्रशिक्षकहरुलाई प्रोत्साहन कार्यक्रम ।<br>- नगरस्तरीय विविध खेलकुद प्रतियोगिता सञ्चालन |
| - युवा स्वरोजगार | पटक | १ | ५ | ५००० | - १०० युवाहरुलाई कृषी व्यवसायमा संलग्न गराउने ।<br>- ५०० जना युवाहरुलाई उद्यमशिलता तालिम ।<br>- ५००० युवा,विद्यार्थिहरुलाइ दुर्व्यसनविरुद्ध सचेतना कार्यक्रम ।<br>- ५० जनालाई सहुलियतपूर्ण कर्जा मा सहजिकरण ।<br>- युवा प्रतिभाको पहिचान गरी २५ जनालाई सम्मान गर्ने ।<br>- ५०० युवाहरुलाई नेतृत्व विकास तालिम ।<br>- नमुना युवा संसद्को अभ्यासलाई निरन्तरता ।<br>- २०० युवाहरुलाई व्यवसायीक योजना निर्माण तालिम ।<br>- युवा सूचना केन्द्र तथा नवप्रवर्तनात्मक केन्द्रको स्थापना ।<br>- युवा स्वयंसेवक परिचालन कार्यक्रम । |
| **प्रतिफल २.५ को जम्मा** | | | | १२०००० | |

| प्रतिफल २.६:स्थानीय कला,संस्कृति तथा साहित्यको जगेर्ना तथा प्रवर्द्धन भएको हुनेछ। | | | | | |
|---|---|---|---|---|---|
| - कला तथा संस्कृतिको अध्ययन अनुसन्धान | पटक | १ | ५ | ३००० | - स्थानीय कला संस्कृतीको पहिचान, अभिलेखिकरण र प्रकाशन गर्ने।<br>- स्थानीय भाषा, साहित्य, कला, संस्कृती, सम्बन्धी ५ वटा अनुसन्धान र प्रकाशन गर्ने।<br>- ५ वटा संस्कृतीको वहुआयामिक श्रव्यदृश्य सामग्री तयार गर्ने।<br>- प्रत्येक वर्ष स्थानीय भाषा, साहित्य, कला, संस्कृतीको प्रदर्शनी गर्ने।<br>- श्रुती परम्पराको श्रव्य, दृश्य र दस्तावेजिकरण गर्ने।<br>- प्रत्येक वर्ष २ जना स्रष्टाहरुलाई सम्मान गर्ने।<br>- प्रत्येक वर्ष १ वटा उत्कृष्ट कृतिलाई पुरस्कृत गर्ने।<br>- लोपोन्मुख कला संस्कृतीको प्रवर्द्धन सम्बन्धी कार्यक्रम। |
| - कला संस्कृति संग्रहालयको स्थापना | संख्या | ० | १ | २००० | - नगरस्तरीय एउटा कला संस्कृती संग्रहालयको स्थापना। |
| **प्रतिफल २.५ को जम्मा** | | | | ५००० | |
| **सामाजिक विकास क्षेत्रको जम्मा** | | | | ९५०००० | |

# परिच्छेद ७ : भौतिक पुर्वाधार विकास

भौतिक पुर्वाधार विकासको नगरको समृद्धिका लागि महत्वपूर्ण भूमिका रहन्छ । सबै विकासका पक्षलाइ अघि बढाउन यसको ठुलो भुमिका छ । भौतिक विकासलाइ विकासको मापन गर्ने प्रमुख पक्षका रुपमा लिइन्छ । पुर्वाधार अन्तरगत सडक, पसल, यातायात, वस्तिविकास, भवन, विद्युत, सुचना तथा सञ्चार जस्ता क्षेत्र पर्दछन । व्यवस्थित बस्ती तथा सहरी विकासको महत्वले गर्दा पूर्वाधार विकासलाई दिगो विकासको एक महत्वपूर्ण आयामको रुपमा लिने गरिएको छ । यसका साथै दिगो विकास लक्ष्यले निर्धारण गरेका लक्ष्यहरु मध्ये मध्ये खर्चले धान्नसकिने उर्जा, उद्योग प्रवर्द्धन र पूर्वाधार, समुदाय र शहरहरुको दिगोपना यस क्षेत्र अन्तरगत पर्दछन ।

## ७.१ सडक,पुल,यातायात

### ७.१.१ समस्टिगत विद्यमान अवस्था

यस नगरपालिकाको नगर क्षेत्रमा २८ कि.मी. दशरथचन्द लोकमार्ग र मध्यपहाडी लोकमार्ग रहेका छन भने ग्रामीण सडक हरु पनि छन । महाकाली करिडोर २५ कि.मि. सडक यस नगरपालिका भित्र पर्दछ जुन निर्माणधिन छ। सडकको पूर्वाधार विकासका लागि विभिन्न वस्तीहरु जोड्ने ट्र्याकहरु खुल्ने र स्तरउन्नति हुदै गैरहेका छन । नगरको बजार क्षेत्रमा पक्की सडक४.३ किमी, पिसिसी २० कि.मी ग्राभेल सडक ७१ किमी र कच्ची सडक २०६.९ किमी रहेको छ। यि सडकहरु मध्य ११२ कि.मी. मा बाह्रैमहिना यातायत चल्छ । नगरपालिकाले सडकको ३ प्रकारले बर्गिकरण गरेको छ। इश्वरी गंगा धामदेखि जगन्नाथ मन्दिर गढी सम्म ८८४८ खुड्किलाको पद्दमार्गको निर्माण भैरहेको छ। नगर चक्रपथ निर्माण भैरहेको छ। गोठालापानी देखि गढी सम्मको सडक स्तरउन्नति र सौन्दर्यीकरण गरिएको छ। सडकको स्तरोन्नति र मर्मत सम्भार नहुँदा बर्षायाममा यातायातमा कठिनाइ उत्पन्न हुने गरेका छन् । यस नगरपालिकामा जमाडि गाडमा (सेरा) १ वटा पक्कि पुल, १० वटा झोलुङ्गे पुल, २ वटा ट्रस पुल र महाकाली नदी झुलाघाटमा नेपाल भारत सिमाना जोड्ने ऐतिहासिक (अङग्रेज ले बनाएको)झोलुङ्गे पुल रहेको छ।

नदि तथा खोलाहरुमा आवस्यक स्थानमा पक्की पुल नहुँदा यातायातमा असुविधा छ भने केही बस्तीहरुमा झोलुङ्गे पुलको पनि अभाव रहेको छ। नगरक्षेत्रमा १ वटा बसपार्क रहेको छ। नगर भित्र ४ वटा स्थानबाट यातायात सञ्चालन भैरहेका छन । यस नगरबाट जिल्ला बाहिर २ स्थानबाट यातायात सञ्चालन हुन्छ। नगरभरी १५ वटा यात्रु प्रतिक्षालय रहेका छन।

### ७.१.२ अवसर

नगरपलिकाका तथा वडाका मुख्य सडकहरु १२ महिना संचालन हुने गरी स्तोन्नती गर्न सकिने, पालिका सडकहरुमा यातायात व्यवस्थापन गर्न सकिने, सडक संरचना र पुल-पुलेसाहरुको उचित समयमा मर्मत र जिर्णोद्धार गर्न सकिने, पक्की पूल निर्माण गर्न सकिने, झोलुडे पूलनिर्माण गर्न सकिने, र बाह्रैमहिना यातायात सुचारु गर्न सकिने सम्भावना छ।

### ७.१.३ चुनौती

नगरमा स्तरिय सडक संरचनाको अभाव रहेको, बाह्रै महिना संचालन हुने सडकको कमी, उपलब्ध सडक पूर्वाधारको व्यवस्थापन हुन नसकेको, सडक आयोजना समयमा सम्पन्न नहुनु, पुल-पुलेसाहरुको मर्मत र जिर्णोद्धार अभाव, आवश्यक झोलुडे पूलहरुको अभाव रहेको, सडक तथा संरचना निर्माणका लागि आवश्यक बजेट जुटाउन नसक्नु, सबै वडाको केन्द्र सम्म व्यवस्थित सडक सञ्जालको अभाव हुनु, नगरपालिकाको दीर्घकालिन र क्षेत्रगत सडक गुरुयोजना निर्माण गरी सोको आधारमा वार्षिक योजना तथा कार्यक्रम कार्यान्वयन हुन नसक्नु, सडक तथा पुल क्षेत्रका चुनौतीहरु हुन।

### ७.१.४ दिर्घकालिन सोच
गुणस्तरिय सडक सहितको यातायात पुर्वाधार निर्माण

### ७.१.५ लक्ष्य
गुणस्तरीय मापदण्ड सहितको वडा केन्द्र सम्म  पक्की, दीगो, र व्यवस्थित सडक सञ्जाल निर्माण गर्ने

### ७.१.६ उद्देश्य
बाह्रै महिना सडक सुचारु गरी यातायातमा सबैको पहुँच अभिबृद्धि गर्ने

### ७.१.७ रणनिति तथा कार्यनिति

| रणनिति | कार्यनिति |
|---|---|
| • सबै मुख्य बस्तीहरुमा गुणस्तरिय सडक संजाल विस्तार गर्ने । | नगर सडक यातायात गुरुयोजना  निर्माण  गरी कार्यान्वयन  गर्ने,नगर चक्रपथ निर्माणलाइ निरन्तरता दिने   नगरका सबै वडा केन्द्र   सम्म स्तरिय सडक निर्माण,   बातावरणीय प्रभाब मुल्यांकन पश्चात मात्र सडक निर्माण गर्ने,सडक मापदण्डको कडाईका साथ पालना ग र्ने,सडक डिजाइन र निर्माण गर्दा अध्ययन गरी जोखिम न्युनिकरण गर्न  बायो ईन्जिनियरिङ्ग प्रविधिलाइ प्राथमिकता दिने ,नियमित सडक मर्मत सम्भार गर्ने,भएका   सडकको स्तरउन्नति गर्ने   ,बसपार्कको बयवस्थापन, अत्याबश्यक स्थानहरुमा पक्कि तथा झोलुङ्गे पुलहरुको निर्माण गरिने छ। |

### ७.१.८ प्रमुख कार्यक्रम
- नया सडक निर्माण
- सडकहरुको स्तरउन्नति,मर्मत सम्भार
- सडक कालोपत्रे,आरसिसी
- सडकमा नाली निर्माण
- पुल,कल्भर्ट निर्माण
- प्रमुख जोखिम स्थलमा बायो इन्जिनियरिङ

## ७.२ विद्युत तथा वैकल्पिक उर्जा
### ७.२.१ समस्टिगत विद्यमान अवस्था
नगरपालिका केन्द्रिय प्रसारण लाइन संग जोडिएको छ । नगरका सव} वडामा विद्युतको पहुँच पुगेको भएपनि ३.४ प्रतिशत घरधुरीमा पुग्न सकेको छैन । नगरका बजार क्षेत्र,धार्मीक स्थल,सार्वजनिक स्थलमा ९५ बटा सौर्य सडक बत्ति जडान गरिएको छ।  विद्युत लाइन बिस्तार तथा आवश्यक ट्रान्सफर्मर नभएका कारण नगरको सबै क्षेत्रमा विद्युत सेवा प्रभावकारी छैन । नगरपालिकामा ९६.६ प्रतिशत घरधुरीमा विद्युत पुगेको छ । त्यसैगरी १.५ प्रतिशत परिवारले सौर्य उर्जाको प्रयोग गर्दछन भने बाकि १.९ प्रतिशतले बत्ति बाल्न मट्टितेल तथा अन्यको प्रयोग गर्दछन  । नगरपालिकामा ८६ प्रतिशतले खाना पकाउन दाउराको प्रयोग गर्दछन भने १३.५ प्रतिशतले एल.पी. ग्यास,०.१ प्रतिशतले बिजुली र अरुले मट्टीतेल लगायतको इन्धन प्रयोग गर्दछन ।

### ७.२.२ अवसर
सबै घरधुरीमा बिद्युत पहुच पुऱ्याउन सकिने, प्रमुख चोक, सार्वजनिक स्थानमा सोलार बत्ती थप्न सकिने, वैकल्पिकउर्जाको उपयोगको ठुलो सम्भावना रहेको छ। ग्रामिण विद्युतिकरण मार्फत बाकि नगरबासीको घरमा बिद्युत सेवा पुर्याउन सकिन्छ। उर्जाको सर्वसुलभता भएमा उर्जाको प्रयोग गरी उद्योग, लघुउद्यम, प्रविधिको सञ्चालन गर्न सकिने गर्नसक्ने, उद्यम तथा व्यवसायको सञ्चालन गरी स्थानीय रोजगार तथा स्वरोजगारका अवसरको सृजना हुन सक्ने संभावना रहेको छ।

### ७.२.३ चुनौती
नगरका विकट घरधुरीमा बिद्युतको पहुच नभएको, वैकल्पिक उर्जाको विकासमा काम हुन नसकेको, पुर्वाधार मर्मत सम्भार अभाव, भौगोलिक विकटता चुनौती रहेको, नियमित बिद्युत प्रवाहको चुनौती रहेको। ग्रामीण विद्युतिकरण, कृषि क्षेत्रमा आवश्यक प्रविधिको प्रयोगको लागि बिद्युतको अपर्याप्तता, वैकल्पिक उर्जाका चुनौती हुन।

### ७.२.४ दिर्घकालिन सोंच
विद्युतको बिस्तार,उज्यालो नगरको आधार

### ७.२.५ लक्ष्य
विद्युतिकरण र वैकल्पिक उर्जाको बिस्तार गरि सबै घरधुरीमा उर्जाको पहुँच पुऱ्याउने

### ७.२.६ उद्देस्य
बिद्युत तथा उर्जाको विकास र व्यवस्थापन गरी सबै नगरबासीको पहुच अभिबृद्धि गर्ने।

### ७.२.७ रणनिति तथा कार्यनिति

| रणनिति | कार्यनिति |
|---|---|
| • सबै घरधुरी र आवस्यक क्षेत्रमा बिद्युत र उर्जाको पहुँच विस्तार गर्ने | विद्युत नपुगेको घरधुरीमा विद्युत लाईन विस्तार गर्ने, विद्युतको नियमितताकालागी समन्वय गर्ने, विद्युत खपतमामा जोड दिने, बैकल्पीक उर्जाको प्रर्वद्धन गर्ने, दाउरा प्रयोगलाइ निरुत्साहित गर्ने, स्थानिय लघु जल विद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन गरि उत्पादन बृद्धि गरिने छ। |

### ७.२.८ प्रमुख कार्यक्रम
- विद्युत क्षमता वृद्धि र लाइन बिस्तार
- विद्युतिय पोल तथा ट्रान्सफर्मरको मर्मत सम्भार
- सुधारिएको चुलो वितरण
- विद्युत तथा वैकल्पिक उर्जाको उत्पादन

## ७.३ आवास,वस्तिविकास तथा भवन

### ७.३.१ समस्टिगत विद्यमान अवस्था
नेपालको संविधानले नागरिकको सुरक्षित आवासको हकलाइ ग्यारेन्टि गरेको छ। नगरपालिकामा २२.८ प्रतिशत परिवारको ढलान भएको घर छ। नगरपालिकाको आफ्नै भवन रहेको छ भने ९ वटा वडाको आफ्नै भवन रहेका छन। नगरपालिकाले राष्ट्रिय भवन संहिता लागू गरि स्थानिय नक्सा पासको नीति पारित गरि कार्यान्वयनमा ल्याएको छ। भवन निर्माणकर्ताहरुलाई भूकम्प प्रतिरोधी घर निर्माण सम्बन्धी तालिमको व्यवस्था गरिएको छ। गोठालापानी बजारमा बहुउद्देशिय भवन निर्माणधिन रहेको छ। यस नगरपालिकामा भुउपयोगको निति निर्माण गरि एकीकृत बस्ती विकासको नीति बनाइ कार्यान्वयन गर्न जरुरी छ। आवासको

संदर्भमा यस नगरपालिकामा अर्ध पक्कि तथा कच्चि घरहरुको बाहुल्यता रहेको छ । नगरपालिकाले आवासिय घरहरुको अभिलेख राख्न सुरु गरेको छ। जनता आवास कार्यक्रम अन्तर्गत यस नगरपालिकामा केहि घरहरु निर्माण भएका छन्।

**७.३.२ अवसर**

सुरक्षित आवास र बस्ती विकास सम्बन्धी जनचेतनाविकास गर्न उचित कार्यक्रमको व्यवस्था गर्ने, आवश्यक संरचनाहरु र बस्ती विकास गर्न सकिने, कृषि भूमि र बजार,आवास लगायतको क्षेत्रको उचित वर्गीकरण गरी कृषि उत्पादन हुन सक्ने बैज्ञानिक भूमी व्यवस्थापनको नीति तर्जुमा गरी कार्यान्वयन गर्न सकिने । कृषि भूमीमा आवासीय भवन बनाउन रोक लगाउँदै एकिकृत बस्ती विकासको अवधारणा कार्यान्वयनमा ल्याई कृषि योग्य जमिनमा भईरहेको क्षति रोक्न तथा सार्वजनिक जग्गा व्यवस्थित प्रयोग गर्न सकिने। नमुना बस्ती निर्माण गरि नमुना नगर विकास गर्ने संभावना रहेका छन।

**७.३.३ चुनौती**

केही बस्तिहरुमा प्राकृतिक प्रकोपको खतरा रहेको, जंगल नजिकका बस्तीमा आगलागीको जोखिम रहेको, सुरक्षित आवास र बस्ती विकास सम्बन्धी जनचेतनामा कमी र उचित कार्यक्रमको अभाव, भौगोलिक जटिलता रहेको, छरिएर रहेको बस्ती, भौगोलिक जटिलताको चुनौती रहेको, नगरबासिमा जनचेतना र बस्ति विकास सम्वन्धि आवश्यक कार्यक्रम नभएको, भुकम्प प्रतिरोधी घर बनाउन लगाउन चुनौतीपुर्ण रहेको छ।

**७.३.४ दिर्घकालिन सोँच**

सबैकालागी सुरक्षित आवासको सुनिश्चितता

**७.३.५ लक्ष्य**

आधुनिक व्यवस्थित र स्मार्ट नगर निर्माण गर्ने

**७.३.६ उद्देस्य**

एकिकृत तथा व्यबस्थित बस्ति बिकास गरी नगरलाइ व्यवस्थित गर्ने

**७.३.७ रणनिति तथा कार्यनिति**

| रणनिति | कार्यनिति |
|---|---|
| • भुउपयोग योजना निर्माण गरी व्यवस्थित बस्ति बिकास गर्ने | एकीकृत बस्ती तथा स्मार्ट शहरको स्थापना तथा व्यवस्था गर्ने,भवन संहिता लाइ कडाइका साथ लागु गर्ने,नयाँ घर निर्माण गर्दा अनिवार्य रुपमा सुरक्षित घरको डिजाइन गरी नक्सा पास गरेर मात्र निर्माण गर्न दिने, वडा कार्यालयहरुको भवन निर्माण गरी सेवा प्रवाहमा सहजता ल्याउने, भवन निर्माणका लागि तालिम प्राप्त दक्ष जनशक्तिको बिकास गर्ने,संघ र प्रदेशको समन्वयमा जनता आवास कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने कार्यनिति लिइने छ। |

**७.३.८ प्रमुख कार्यक्रम**

- भु-उपयोग योजना निर्माण
- वडाकार्यालयको भवन निर्माण
- सार्वजनिक भवन निर्माण
- घरहरुको अभिलेख व्यवस्थापन
- जनता आवास कार्यक्रम
- डकमी तथा सिकर्मी हरुलाइ{ तालिम

### ७.४ सुचना संचार तथा प्रविधि

#### ७.४.१ समस्टिगत विद्यमान अवस्था

दशरथचन्द नगरपालिकामा ५ वटा टेलिफोन टावर रहेका छन् । नगर क्षेत्रका २९६ परिवार संग ल्याण्डलाइन टेलिफोन रहेको छ । नगरपालिकाका ९०.३ प्रतिशतले साधारण र ६०.६ प्रतिशतले स्मार्ट मोबाइल फोन प्रयोग गर्दछन । यस नगरपालिकाका ६२.४ प्रतिशत परिवारमा रेडियो र ४६ प्रतिशत परिवारमा टेलिभिजन रहेको छ । त्यसैगरी ३२.७ प्रतिशत परिवारमा इन्टरनेट सुविधा पुगेको छ । नगरपालिका भित्र ४ वटा एफ.एम.रेडियो र स्थानिय पत्रपत्रिका छन । नगरको आफ्नो वेवसाइट,फेसबुक र मोबाइल एप्स रहेको छ। नगरपालिकामा सुचना शाखा र सुचना अधिकारी तोकिएको छ।

#### ७.४.२ अवसर

फोन तथा इन्टनेट सुविधालाई सर्वसुलभ बनाई प्रदान गरिने सेवालाई मितव्ययी ढंगले प्रवाह गर्न सकिने, सर्वसाधारण जनतालाई सूचना प्रवाहमा जोडी प्रविधिमैत्री बनाउँदै डिजिटल नगरपालिका निर्माण अभियानलाई कार्यान्वयन गर्न सकिन्छ । सार्वजनिक सेवा प्रदायक निकाय र विद्यालयमा सूचना प्रविधि विकास गर्न सकिने, मुख्य कार्यालय, चोक लगायतका ठाउँहरुमा फ्रीवाई-फाई जोन बनाउन सकिने सभावना रहेको छ ।

#### ७.४.३ चुनौती

सूचना प्रविधिलाइ सर्वसुलभ बनाउनु, बिद्यालयमा इन्टरनेट लगायत प्रविधिमैत्री बनाउनु, सूचना प्रविधिको प्रयोग गरी नागरिकलाई आवश्यक सेवाप्रवाह गर्नु, डिजिटल नगरपालिकाको अवधारणा कार्यान्वयन गर्नु, सूचना तथा सचार प्रविधिको अधिकतम प्रयोग गरी उपयोग बाट सेवा प्रवाहलाइ सहज, सरल, छरितो, तथा पारदर्शी बनाउने, टलिफोन नेटवर्क तथा इन्टरनेट सुविधालाई भरपर्दो बनाउनु, प्रशासनिक सेवाप्रवाह प्रविधिमैत्री बनाउनु मुख्य चुनौती हुन्।

#### ७.४.४ दिर्घकालिन सोंच

सुचना प्रविधिमैत्री डिजिटल नगरपालिका

#### ७.४.५ लक्ष्य

दिगो भरपर्दो र विश्वासिलो सुचना प्रविधि युक्त नगरपालिका

#### ७.४.६ उद्देस्य

सूचना, सञ्चार प्रविधिको क्षेत्रमा सबैको पहुँच बृद्धि गर्ने

#### ७.४.७ रणनिति तथा कार्यनिति

| रणनिति | कार्यनिति |
|---|---|
| • सुचना प्रविधिको विकास गरी डिजिटल नगरपालिका निर्माण गर्ने | नेटवर्कमा सुधार गर्दै गुणस्तरिय र भरपर्दो सेवा प्रवाह गर्ने, नगरको सूचना शाखालाई व्यवस्थित गर्ने, सूचना संचारमा दक्ष जनशक्तिको बिकास गर्ने, आवस्यक तथ्याङ्क अद्यावधिक गर्ने, नगर स्तरमा मिडिया सेन्टर स्थापना गर्ने,-पत्रकारहरुको क्षमता बिकासका कार्यक्रम सञ्चालन गर्ने, हेल्लो मेयर कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्ने, सबै शाखाको सफ्टवेयर तयार गरी नगरपालिका लाई डिजिटल नगरपालिकाको रुपमा बिकास गर्ने कार्यनिति लिइने छ। |

#### ७.४.८ प्रमुख कार्यक्रम

- अप्टिकल फाइवर विस्तार
- सफ्टवेयर निर्माण
- जनशक्ति विकास
- बिद्युतिय सुचनापाटी जडान र विस्तार
- उपकरणहरु खरिद

## ७.५ पुर्वाधार विकास क्षेत्रको नतिजा

### तालिका ९ : पुर्वाधार विकास क्षेत्रको नतिजा तालिका

| लक्ष्य /नतिजा | नतिजा,सुचकतथा पुष्ट्याईकाआधारहरु: सूचक | इकाई | आधाररेखा (आ.व. ०७९/८०) | लक्ष्य ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | पुष्ट्याईका आधारहरु | जोखिमपक्षतथापुर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| लक्ष्य ३ :सडक, पुल, विद्युत, सञ्चार को योजनावद्ध विकास सहितको व्यवस्थित वस्ती विकास र यातायातमा सहजता ल्याई स्मार्ट शहरको रुपमा तुलसिपुरको विकास गर्ने । प्रतिफल ३.१ : सडकपूर्वाधारको विकास र विस्तार भइ यातायातमा सुगमता भएको हुनेछ । प्रतिफल ३.२ :नगरमा सुरक्षितआवास,बजार , एकिकृत वस्ती निर्माण र व्यवस्थितभएको हुनेछ। | १२ सै महिनायातायात सुचारु हुने कालोपत्रे सडकको लम्बाई | कि.मि. | ३० | ३५ | ४० | ६० | ७० | ९० | - नगर वस्तुगत विवरण।(प्रोफाइल) - सर्वेक्षण प्रतिवेदन - प्रगतिप्रतिवेदन - वस्तुगत विवरण।(प्रोफाइल) - सर्वेक्षण प्रतिवेदन - प्रगति प्रतिवेदन | - संघ, प्रदेश ,नगरपालिका ,विकास साझेदार, र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ। - समुदायको योगदान र सिपरतामा वृद्धि हुनेछ। - सडक गुरुयोजनाको कार्यान्वयनहुनेछ - लाभान्वित समुदायको प्रतिवद्धता र सहभागिता साझेदारीमा वृद्धि हुनेछ। - नगराणिकरण सहितको वस्ती विकास हुनेछ। |
| | १२ सै महिनायातायात सुचारु हुने ग्राभेल सडकको लम्बाई | कि.मि. | १० | २० | ५० | ७० | ९० | ११० | | |
| | १२ सै महिनायातायात सुचारु हुने कच्ची सडकको लम्बाई | कि.मि. | ८० | १०० | १२० | १६० | १७५ | २०० | | |
| | प्रवर्द्धित तथाव्यवस्थितबजार | संख्या | ६ | १० | १५ | २० | २५ | ३० | | |
| | सुरक्षित घरमासोबास गर्ने परिवार | संख्या | १०० | २०० | ५०० | १००० | २००० | ३००० | | |
| | कालोपत्रे सडक राजमार्ग | किमी | २८ | ४५ | ५५ | ७५ | १०० | १५० | | |
| | पक्कीपुल (बेलीब्रिज समेत) | संख्या | ३ | ५ | ८ | ११ | १४ | २० | | |
| | नगर क्षेत्रमा सुचारु ४ पाँग्रे सार्वजनिक सवारी साधन | संख्या | २०० | २२० | २५० | ३०० | ३२० | ३५० | | |
| | नालाढल्निलिरिढ मोरी र सडक साइड वृक्षारोपण | किमी | ० | ५ | १० | २० | ५० | ६० | | |
| | भूकम्प प्रतिरोधी भवननिर्माणसम्बन्धी कालिम | संख्या | ९ | १५ | २० | २५ | ३० | ३५ | | |
| | भूकम्पप्रतिरोधीप्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिकभवन तथा संरचना | संख्या | २ | १० | १५ | २० | २५ | ५० | | |
| | भूकम्पप्रतिरोधीप्रविधि र मापदण्ड अनुसार निर्माण भएकाआवास घर | संख्या | ९ | २० | ३० | ५० | ८० | १०० | | |
| | आधारभूतपुर्वाधारसहितव्यवस्थितबजार | संख्या | ६ | १० | १५ | २० | २५ | ३० | | |
| प्रतिफल ३.३ : विद्युत र वैकल्पिकउर्जाको विस्तार भइ सहजउपलब्धतातथाउपयोगमा वृद्धि भएको हुनेछ। | स्थानीयविद्युतउत्पादन (मिनि, माइको र पिको हाइड्रो, हावातथा सोलार) | कि.वा | ० | २ | ४ | ६ | ८ | १० | - नगर वस्तुगत विवरण।(प्रोफाइल) - सर्वेक्षण प्रतिवेदन - प्रगति/अनुगमनप्रतिवेदन | - संघीय प्रणाली अनुसार संघ, प्रदेश को लगानीवृद्धि हुनेछ। - स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा वृद्धि हुनेछ। |
| | विद्युतमापर्ढपगेका परिवार | संख्या | ६९५२ | ६९६० | ६९८० | ७००० | ७०२० | ७०४० | | |
| | सोलार प्रणाली पुगेका घरपरिवार | संख्या | १०७ | ११० | १२० | १४० | १५० | २०० | | |
| | सुधारिएको उर्जा (एलपिग्यांस) प्रयोग गर्ने परिवार | संख्या | ९६९ | १००० | ११०० | १३०० | १५०० | २००० | | |
| | नायोग्यांस प्रयोग गर्ने घरपरिवार | संख्या | २२ | २४ | ५० | ३५ | ४० | ५० | | |
| | सुधारिएको वातावरणमैत्रीचुलो जडान भएका परिवार | संख्या | ४००० | ४१०० | ४२०० | ३००० | ४४०० | ४५०० | | |
| प्रतिफल ३.४: सूचना र संचार प्रविधिमा नगरवासीको पहुँच र प्रयोगमा वृद्धिभएको हुनेछ। | टेलिभिजनउपलब्ध परिवार | संख्या | ३०३०९ | ३५०० | ३७०० | ३९०० | ४२०० | ४५०० | - नगर वस्तुगत विवरण।(प्रोफाइल) - सर्वेक्षण प्रतिवेदन - प्रगतिप्रतिवेदन | संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ। |
| | इन्टरनेट सेवाप्रयोग गर्ने परिवार | संख्या | २३५४ | २४०० | २५०० | २६०० | २७०० | ३००० | | |
| | मोबाइलप्रयोगकर्ता | संख्या | ६५०२ | ६६०० | ६७०० | ६८०० | ६९०० | ७००० | | |
| | पत्रपत्रिका र रेडियोबाट सूचनाप्राप्तगर्ने | संख्या | ४४९४ | ५००० | ५२०० | ५५०० | ६००० | ६५०० | | |
| | उद्यमव्यवसायमा सूचनाप्रविधिप्रयोग गर्ने व्यक्ति | प्रतिशत | ४ | ६ | ८ | १० | १५ | २० | | |

## ७.६ पुर्वाधार विकास क्षेत्रको मुख्य कार्यक्रम

तालिका १० : आवधिक योजनाको नतिजा प्राप्तिको लागि तर्जुमा गरिएका कार्यक्रम तथा योजना

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | क्रियाकलाप /स्थान |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७९/८० | कुल लक्ष्य (२०८४/ ०८५) | | |
| **पुर्वाधार विकास** | | | | | |
| **प्रतिफल ३.१ : सडक पुर्वाधारको विकास र विस्तार भइ यातायातमा सुगमता भएको हुनेछ।** | | | | | |
| ३.१.१स्थानिय कालोपत्रे र पक्की सडक निर्माण | कि.मि. | ४.३ | ४० | ३००००० | -प्रत्येक बर्ष ८ किलोमिटर कालोपत्रे सडक निर्माण। |
| ३.१.२कच्ची सडक निर्माण(ट्रयाक ओपन) | कि.मि. | २०६.९ | ५० | ६०००० | -५० किमी नयाँ ट्रयाक निर्माण। |
| ३.१.३ग्राबेल सडक विस्तार | कि.मि. | ७१ | २५ | १०००० | - २५ किमी ग्राबेल सडक निर्माण र स्तरोन्नती। |
| ३.१.४पक्कि नाला, रिटेनिङ् वाल | कि.मि. | ४० | २५ | ९००० | -२५ किमी पक्की नाला र रिटेनिङ वाल निर्माण। |
| ३.१.५पक्कि पुल, ह्यूम पाइप, कलभर्ट, कजवे | वटा | ५९ | १०० | ६०००० | - २ वटा पक्की पुल निर्माण।<br>- ७० वटा ह्यूम पाइप<br>२०वटा कलभर्ट निर्माण।<br>८ वटा कजवे निर्माण |
| ३.१.६यातायात पूर्वाधार | संख्या | ० | २ | १५००० | - नगर बस सञ्चालन। |
| ३.१.७. झोलुङ्गे पुल, ट्रस ब्रिज निर्माण तथा मर्मत | संख्या | १२ | १३ | ५५००० | -११ वटा झोलुंगे पुल/२ ट्रस ब्रिज निर्माण |
| ३.१.८. बसपार्क र प्रतिक्षालय | संख्या | १६ | १० | २०००० | -गोठालपानी बसपार्क स्तरोन्नती र वैकल्पिक पहुँचमार्ग निर्माण<br>६ स्थानमा पार्किङ स्थल निर्माण।<br>-९ वटा यात्रु प्रतिक्षालय निर्माण। |
| ३.१.९. पर्यटकीय सडक | कि.मि. | २० | ५० | १०००० | -हल्लेख-इश्वरी गंगाधाम<br>-गोठालपानी- इश्वरि गंगा धाम<br>- इश्वरी गंगा धामदेखि जगन्नाथ मन्दिर गढी सम्म ८८४८ खुड्किलाको पदमार्गको निर्माण सम्पन्न |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गर्ने |
| ३.१.१०. पूर्वाधार प्रयोगशाला निर्माण | संख्या | ० | १ | ५००० | -नगरस्तरमा पूर्वाधार गुणस्तरमापन प्रयोगशाला स्थापना । |
| | | | **प्रतिफल ३.१ को जम्मा** | ५४४००० | |
| **प्रतिफल ३.२ :नगरमा सुरक्षित आवास,बजार , एकिकृत वस्ती निर्मण र व्यवस्थित भएको हुनेछ।** | | | | | |
| ३.२.१ जग्गा एकिकरण सहित एकिकृत वस्ती र पुर्वाधार निर्माण | संख्या | ० | १ | १००००० | -१ वटा स्थानमा जग्गा एकिकरणसहित व्यवस्थीत एकिकृत वस्ती निर्माण ।<br>एक वडा एक सामुदायिक भवन निर्माण<br>आधुनिक बहुउद्देश्यिय सभागृह निर्माण |
| ३.२.२ व्यवस्थित सडक, नाली, शौचालय, पार्किङ स्थल र हरियाली सहितको बजार व्यवस्थापन | बजार केन्द संख्या | २ | ५ | ४०००० | -२ वटा व्यवस्थित सडक, नाली, शौचालय, पार्किङ स्थल र हरियाली सहितको बजार व्यवस्थापन । |
| ३.२.३ गुणस्तरिय सेवा प्रवाह सहितको नगर कार्यपालिका तथा वडा कार्यलय भवन | संख्या | ३ | १० | ६०००० | -३ वटा वडा कार्यालय भवन निर्माण ।<br>६ वटा वडा कार्यालयको भवन थप<br>-नगरपालिकाको प्रशासकीय भवन निर्माण । |
| ३.२.४ हरियाली पार्क निर्माण | संख्या | ० | १ | १०००० | -नगर स्तरमा पार्क निर्माण |
| ३.२.५ शवदाह स्थल निर्माण | संख्या | ५ | ५ | ५००० | - बिधुतीय शवदाह स्थल निर्माण को संभाव्यता अध्ययन,<br>५ वटा सवदाह स्थलको स्तरउन्नति |
| ३.२.६ भूकम्प प्रतिरोध भवन निर्माण तालिम | जना | २० | ६० | ६०० | -६० जनालाई भूकम्प प्रतिरोधी भवन निर्माण तालिम । |
| ३.२.७ भूकम्प प्रतिरोध घर, नक्सा पास, र भवन मापदण्डवारे सचेतना कार्यक्रम | पटक | १ | ५ | १००० | -प्रत्येक बर्ष ११ वटै वडामा भूकम्प प्रतिरोध घर, नक्सा पास, र भवन मापदण्डवारे सचेतना कार्यक्रम ।<br>-भूकम्प प्रतिरोध घर, नक्सा पास, र भवन मापदण्डवारे सञ्चार माध्यमबाट व्यापक पचारप्रसार ।<br>-नगर पालिकामा भूकम्प प्रतिरोधी भवनको नमूना प्रदर्शनस्थल स्थापना ।<br>-घरहरुको नक्सांकन र नम्बरिङ गर्ने |
| ३.२.८ उपभोक्ता समितिको क्षमता | पटक | १ | ५ | १००० | -उपभोक्ता समितिहरुलाई योजना, गुणस्तर तथा योजना |

| | | | | | |
|---|---|---|---|---|---|
| विकास | | | | | कार्यान्वयन सम्बन्धि अभिमुखिकरण तालिम । |
| **प्रतिफल ३.२ को जम्मा** | | | | २१७६०० | |
| **प्रतिफल ३.३ : विद्युत र वैकल्पिक उर्जाको विस्तार भइ सहज उपलब्धता तथा उपयोगमा वृद्धि भएको हुनेछ ।** | | | | | |
| ३.३.२ पोल विस्तार तथा विद्युत लाइन वितरण | घरधुरी | ६९५२ | ७१०० | ३००० | -२०० विद्युत पोल खरिद् तथा वितरण ।<br>५०० घरधुरीमा मिटर जडानमामा सहयोग |
| ३.३.३. ट्रान्सफर्मर तथा अन्य विद्युतीय उपकरण | संख्या | २२ | ३३ | ३००० | -११ वटा विद्युत ट्रान्सफर्मर जडान । |
| ३.३.४ सौर्य उर्जा पर्णाली विस्तार | पटक | १ | ५ | ४००० | -१०० घरपरिवारमा सौर्य उर्जा प्रणाली जडान ।<br>-विद्युतिय गाडी रिचार्ज सेन्टर स्थापना । |
| ३.३.५ बायो ग्याँस प्रविधि विस्तार | संख्या | ० | ५० | २००० | -५० घरपरिवारमा बायो ग्याँस प्रविधि विस्तारमा प्रोत्साहन । |
| ३.३.६ सुधारीएको चुलो | संख्या | १२०० | १५०० | ९०० | -३०० विपन्न घरपरिवारमा सुधारिएको चुल्हो अनुदान । |
| ३.३.७ एल.पि.ग्याँस विस्तार | प्रतिशत | ६० | ८० | ० | -२० प्रतिशत घर परिवारमा एल्पी ग्याँसको सुविधा विस्तार । |
| **प्रतिफल ३.३ को जम्मा** | | | | १२९०० | |
| **प्रतिफल ३.४: सूचना र संचार प्रविधि मा नगरवासीको पहुँच र प्रयोगमा वृदि भएको हुनेछ ।** | | | | | |
| ३.४.१. सूचना तथा सन्चार पूर्वाधार विकास | पटक | १ | ५ | १००० | -सबै टेलिफोन र इन्टरनेटका तारहरु अण्डरग्राउण्ड गरी व्यवस्थित गर्ने । |
| ३.४.२. डिजिटल प्रविधि विस्तार | सफ्टवयर | ५ | १० | ५००० | -सबै नगरबासीहरुको डिजिटल प्रोफाइल तयार गर्ने ।<br>-नगरपालिकाका कर्मचारीहरुको आउटलुकसहितको इमेल आइडीमा एकरुपता ल्याउने ।<br>-सफ्टवेयर जडान नभएकासबै शाखाहरुको सफ्टवेयर निर्माण गर्ने ।<br>-सबै शाखाहरुको सफ्टवेयर प्रणालीलाई एकिकृत गर्ने ।<br>-नगरपालिकाका र वडाका अभिलेखहरु डिजिटल प्रविधिमा राख्ने । |
| ३.४.३. इन्टरनेट सेवा विस्तार | प्रतिशत | ३.५ | १५ | २००० | -नगरपालिका र वडा कार्यायहरुको इन्टरनेट सेवाको गुणस्तर बृद्धि गर्ने ।<br>नगरमा डेडिकेटेड इटरनेट लाइन स्थापना |
| ३.४.४. प्रकाशन तथा प्रसारण | कृयाकलाप | १ | ५ | २००० | -प्रत्येक बर्ष योजना पुस्तिका (रातो किताव) प्रकाशन |

| | | | | | |
|---|---|---|---|---|---|
| | संख्या | | | | गर्ने ।<br>-ऐन, नियम, विनियम, कार्यबिधि, कार्यपालिकाका निर्णयहरु र कार्यप्रगति विवरण प्रकाशन गर्ने ।<br>-सञ्चार माध्यममा सूचना तथा विज्ञापन प्रकाशन, प्रशारण ।<br>नगरपालिकाको डिजिटल प्रोफाइल निर्माण र अद्यावधिक |
| ३.४.५. दक्ष जनशक्ति तथा क्षमता अभिवृद्धि | पटक | १ | ५ | १००० | -कर्मचारीहरुलाई सफ्टवेयर सञ्चालन सम्बन्धी तालिम ।<br>-जनप्रतिनिधि र कर्मचारीहरुलाई सूचना प्रबिधि सम्बन्धी तालिम । |
| ३.४.६. सूचना सामग्री उपकरण खरिद तथा मर्मत | पटक | १ | ५ | २५०० | -नगरपालिकाका १२ स्थानमा सूचना तथा सेवाप्रवाह सम्बन्धी डिजिटल बोर्ड राख्ने ।<br>-नगरपालिकामा आवश्यक सूचना सामग्री तथा उपकरण खरिद् । |
| ३.४.७. सूचना शाखा सुदृढिकरण | पटक | १ | ५ | १००० | -नगरका शाखाहरुको सूचना एकद्वार प्रणालीमा लैजाने ।<br>-सूचना प्रबिधि मर्मत सम्भारका लागि अनुकल प्राबिधिकको व्यवस्था । |
| ३.४.८. सञ्चार क्षेत्र प्रवर्द्धन | पटक | ० | ५ | ५०० | -मिडिया सेन्टर स्थापना गर्ने ।<br>-पत्रकार महासंघ संगको समन्वयमा पत्रकारहरुको क्षमता अभिबृद्धि गर्ने । |
| **प्रतिफल ३.४ को जम्मा** | | | | १५००० | |
| | | | **पूर्वाधार विकास जम्मा** | ७८९५०० | |

# परिच्छेद ८ : वन बातावरण तथा विपद व्यवस्थापन

नेपालको संविधानको भाग ३ को मौलिक हकमा धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ बातावरणको हक प्रदान गरेको छ । उक्त धारामा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ बातावरणमा बाँच्न पाउने हक,बातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदुषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक, राष्ट्रको विकास सम्बन्धी कार्यमा बातावरण र विकास बीच समुचित सन्तुलनका लागि आवश्यक कानूनी व्यवस्था गर्न यस धाराले बाधा पुऱ्याएको मानिने छैन भन्ने प्रावधान रहेको छ । साथै प्राकृतिक श्रोतको संरक्षण सम्बर्धन र उपयोग सम्बन्धी नीति अन्तरगत प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना तयारी उद्धार राहत एवं पुनस्थापना गर्ने प्रावधान समेत राखेको छ । विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७४ ले स्थानिय तहमा विपद व्यवस्थापन समिति रहने र त्यसको काम कर्तव्य र अधिकार तोकेको छ।
स्थानीय सरकारको कार्यक्षेत्र भित्र बातावरण संरक्षण तथा जैविक विविधता संरक्षण जलाधार व्यवस्थापन सिमसार बन्यजन्तु खानी तथा खनिज पदार्थ फोहरमैलाको व्यवस्थापन पर्दछन् यसको प्रभावकारी व्यवस्थापनका लागि स्थानीय सरकारले सरकारका अन्य संयन्त्रहरूसंग सहकार्य र समन्वय गर्न जरुरी हुन्छ । बातावरणीय दिगोपनाको सन्दर्भमा दिगो विकास लक्ष्यहरू मध्ये लक्ष्य १२ ले उपभोग उत्पादनमा जिम्मेवारीपना लक्ष्य १३ ले जलवायु सम्बन्धी कार्य उल्लेख गरेको छ । दिगो विकासको लक्ष्य हासिल गर्न दीर्घकालीन सोच कायम गरेर अगाडि बढ्न तथा संविधान प्रचलित ऐन कानून लाइ समेत कार्यान्वयन नगरपालिकाको भूमिका अत्यन्त महत्वपूर्ण छ।

## ८.१ वन तथा जैविक विविधता

### ८.१.१ समस्टिगत विद्यमान अवस्था

दशरथचन्द नगरपालिकामा ७५.७१ बर्ग किलोमिटर बन तथा चरन क्षेत्र रहेको छ । नगरपालिकामा सामुदायिक बन,कबुलियती बन र राष्ट्रिय बन रहेका छन। सल्ला, बाँज, साल, टुनी, चिउरी, ओखर, काउला, उतिस, बकाइनो, खयर, काफल, गुराँस, मेल, पैयो आदी जातका रुखहरु पाइने यस क्षेत्रमा टिमुर, दालचीनी, सतुवा, लेकतितो, गुर्जेबेलो, चुत्रो -किरमडा) पाखनबेद, अमला, हर्रो, बर्रो आदी जातका जडिबुटी रहेका छन । बाघ, रतुवा, भालु, चितुवा बँदेल, घोरल, दुम्सी,बाँदर, ढेडुबाँदर (गुना), स्याल, मलसाँप्रो (मलपासो), बन बिरालो आदी बन्यजन्तु पनि यहा पाइन्छन । कालिज, तित्रा, च्याखुरा, बन कुखुरा, लाटोकोसेरो, काँडेभ्याकुर लगायतका पक्षि र गोहरो, छेपारो, सर्प आदी घस्रने प्रजातीका जिबहरु पनि रहेका छन । यहा रम्बास, केतुकी, भिमल, भांगो आदी पनि पाइन्छ । नगरपालिकामा २ वटा चिउरी प्रशोधन केन्द्र रहेका छन । बन बातावरण तथा जैविक विविधता संरक्षणका लागी जथाभावी बन फडानी रोकि आगलागी नियन्त्रण तथा बृक्षारोपण गरी जैविक विविधताको संरक्षण गर्न जरुरी छ।

### ८.१.२ अवसर

बन तथा जैविक विविधताको उचित संरक्षण गर्न विविध कार्यक्रम गर्न सकिने, बन संरक्षणकालागी जनचेतना अभिवृद्धि गर्न सकिने, बन जन्य उद्योग स्थापना गर्न सकिने, बनको बैज्ञानिक व्यवस्थापन गर्न सकिने, बनमा आधारित जडिबुटी उद्योग स्थापना गर्न सकिने । सार्वजनिक खुला जमिन, सडकको छेउछाउ, तलाउ पोखरीको आसपास, धार्मिक क्षेत्रको छेउछाउ बृक्षारोपण अभियानको सञ्चालन, खुला ठाँउ पहिचान गरी बृक्षरोपण र संरक्षण अभियान जस्ता कार्यक्रम मार्फत् हरित नगरपालिका बनाउने तथा पशु अहारको लागि घाँस क्षेत्र तथा चरनको बिकास हुने तथा जलबायु परिबर्तनको असरलाइ न्युनिकरण गर्ने अवसर रहेको छ।

### ८.१.३ चुनौती
बन फडानी हुँदै जानु ,बन अतिक्रमण हुनु,बनमा डडेलो लगाउनु, बृक्षारोपण गर्ने परिपाटी नहुनु, बनबाट उद्यमशिलता प्रवर्द्धन गर्न नसक्नु, बन संरक्षणमा आवश्यक चेतनाको कमी,बन क्षेत्रमा आगलागी तथा चोरी सिकारीको समस्या रहेको, आवश्यक संरक्षण कार्यक्रमको अभाव, अन्नबाली र तरकारी खेतिमा जङ्गली जनावरले दु:ख दिने, बन पैदावरको व्यवस्थापन गर्न चुनौती रहेको छ। बन क्षेत्रमा पहिरो नियन्त्रण गर्न चुनौती, सिमसार क्षेत्र मासिदै जानु आदि बन तथा जैविक बिबिधता क्षेत्रका चुनौती हुन।

### ८.१.४ दिर्घकालिन सोँच
बन क्षेत्रको दिगो व्यवस्थापन र जैविक बिबिधताको संरक्षण गरि पर्यावरण संतुलन राख्ने

### ८.१.५ लक्ष्य
बन तथा जैविक बिबिधताको संरक्षण गर्दै व्यवस्थित र दिगो उपयोग गर्ने

### ८.१.६ उद्देस्य
बन तथा जैविक बिबिधताको संरक्षण र सम्वर्धन गरी उत्पादन बढाउने

### ८.१.७ रणनिति तथा कार्यनिति

| रणनिति | कार्यनिति |
|---|---|
| • बन क्षेको संरक्षण र वैज्ञानिक व्यवस्थापन गरि आयआर्जन वृद्धि गर्ने | बन क्षेत्र तथा खाली जग्गामा बृक्षरोपण गरि हरीयाली बनाउने, प्रत्येक बनमा नर्सरी स्थापना गर्ने, छाडा चरीचरनलाई नियन्त्रण गरी व्यवस्थीत चरीचरन क्षेत्र तोकी बिकास गर्ने, सामुदायिक बन उपभोक्ता समुहका बिधान र कार्ययोजना प्रभावकारी कार्यन्वयन गर्ने, जडीबुटीको पकेट क्षेत्र निर्धारण गर्ने र जडीबुटी खेती बिस्तार गर्ने, बन्यजन्त संरक्षणका लागि कार्ययोजना निर्माण गरी कार्यन्वय गर्ने, बन जन्य उद्योगको बिकास तथा प्रवर्द्धन गरिने छ। |
| • जैविक बिबिधताको संरक्षण गर्दै बन क्षेत्र र बन पैदाबरको उत्पादन बृद्धि गर्ने | स्थानीय जैविक बिबिधता संरक्षण तथा सम्वर्धन सम्बन्धी निती बनाउने,जैविक बिबिधताको संरक्षण गर्दै बन क्षेत्र र बन पैदाबरको उत्पादन बृद्धि गरी रोजगारीको सिर्जना गर्ने,व्यवसायिक मूल्य भएका जडीबुटी लगायतका आयमुलक रुखहरुको व्यापक बृक्षारोपण गरी जैविक बिबिधताको संरक्षण गर्दै दीगो उपयोगमा जोड दिने, बन्यजन्तुहरुबाट हुनसक्ने सम्भावित क्षति न्यूनीकरण गर्न जंगल क्षेत्रमै उपयुक्त हुने घाँस, बिरुवा, फलफूलहरु रोपण र पानी पोखरी निर्माण गरी बन्यजन्तुको हानी नोक्सानी न्यनिकरण गर्न आहारा व्यवस्थापन गर्ने कार्यनिति लिइने छ। |

### ८.१.८ प्रमुख कार्यक्रम
- सामुदायिक बन संरक्षण कार्यक्रम
- हाइटेक नर्सरी स्थापना
- डढेलो नियन्त्रण
- बृक्षारोपण कार्यक्रम
- व्यावसायिक जडिबुटी उत्पादन कार्यक्रम
- बन्यजन्तु संरक्षण र नियन्त्रण कार्यक्रम

## ८.२ भुमी तथा जलाधार संरक्षण

### ८.२.१ समस्टिगत विद्यमान अवस्था

नगरपालिका क्षेत्रमा ४.९३ वर्गकिलोमिटर नदीनाला र १.९६ वर्ग किलोमिटर सिमसार क्षेत्र रहेको छ। यस नगर क्षेत्रमा महाकाली जलाधार क्षेत्र रहेको छ। ग्वाल्लेक, परमडी गाड, निलगड गाड, घट्टीगाड आदी उपजलाधार क्षेत्र रहेका छन। यहा धारिगाड झरना रहेको छ। जलाधार क्षेत्रको संरक्षण, प्राकृतिक स्रोतहरुको जथाभावी उत्खनन र दोहनलाइ रोकि यसको संरक्षण गर्न जरुरी छ।

### ८.२.२ अवसर

नगरपालिकामा जलाधार संरक्षण र व्यवस्थापन गर्न सकिने, प्रकोप पहिचान गरी आवश्यक कार्यक्रम गर्न सकिने, सम्वेदनशील क्षेत्रको पहिचान गरी सतर्क हुन सकिने साथै नदी प्रणालीको बहुउद्देशिय उपयोगमा व्यवस्थापन गर्न सकिने संभावना रहेका छन।

### ८.२.३ चुनौती

विकास निर्माणका कार्यहरु गर्दा जलाधार क्षेत्रको वातावरण प्रभाव मूल्यांकन (IEE) नहुनु, जलाधार व्यवस्थापन प्रभावकारी हुन नसक्नु, बजेट तथा श्रोतको अभाव बढ्दो प्राकृतिक जल प्रकोपका कारण जलाधार व्यवस्थापन र संरक्षण हुन नसक्नु, नयाँ निर्माणाधिन सडकले पहिरोको जोखिम भू तथा जलाधार व्यवस्थापनका मुख्य चुनौती हुन।

### ८.२.४ दिर्घकालिन सोंच

जलस्रोतको दिगो उपयोग

### ८.२.५ लक्ष्य

जलाधार क्षेत्रको बहु तथा दीगो उपयोगबाट आर्थिक समृद्धि हासिल गर्ने

### ८.२.६ उद्देस्य

भुमि तथा जालधारको संरक्षण गरी दिगो पर्यावरणको व्यवस्थापन गर्ने ।

### ८.२.७ रणनिति तथा कार्यनिति

| रणनिति | कार्यनिति |
|---|---|
| • भूसंरक्षण तथा जलाधार संरक्षण र व्यवस्थापन गर्ने | भूसंरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वियन, अनुगमन तथा नियमन गर्ने, जलउपयोग योजना निर्माण गर्ने, भू क्षय बाढी प्रभावित क्षेत्रमा तटबन्धन गर्ने, बाढी पहिरोको जोखिमयुक्त क्षेत्रमा तारजाली लगाउने तथा बृक्षारोपण गरिने छ। भूक्षय तथा बाढी पहिरो प्रभावित क्षेत्रहरुको नक्साङ्कन गरी त्यस्ता क्षेत्रहरुमा मानव बसोवास लाइ हतोत्साही गरिने छ। |
| • जलाधार क्षेत्रको दिगो व्यवस्थापन गरि आय बृद्धि र रोजगार सृजन ।गर्ने | नदी जन्य ढुङ्गा, गिटि, बालुवाको आँकलन गरी उत्खनन्, सङ्कलन, प्रशोधन, ओसार पसार र बिक्री वितरण लाइ व्यवस्थित गर्ने, जथाभावी सडक निर्माण गर्ने कार्यलाई पूर्णत निषेध गरी वातावरण प्रभाव मूल्याङ्कन एवं डिपिआर पश्चात बायो इन्जिनियरिङ्ग प्रविधि अपनाई सडक निर्माण गर्ने परिपाटिको विकास गरिनेछ। ढुङ्गा बालुवा गिटीको उपयोगलाई व्यवस्थित एवं किनारामा तटबन्ध निर्माण गरी नदीखोलाको प्रवाहलाई व्यवस्थित गरिनेछ। |

### ८.२.८ प्रमुख कार्यक्रम

- नदी खोला किनारमा तटबन्ध कार्यक्रम
- प्राकतिक श्रोत साधन समुचित उपयोग सचेतना कार्यक्रम
- सिमसार क्षेत्र संरक्षण कार्यक्रम
- बृक्षारोपण कार्यक्रम
- पहिरो नियन्त्रण कार्यक्रम

## ८.३ वातावरण तथा स्वच्छता

### ८.३.१ समस्टिगत विद्यमान अवस्था

नगरपालिकाले बजार क्षेत्रको फोहर मैलालाइ व्यवस्थापन गर्ने प्रयत्न गरेको छ। बजार क्षेत्रबाट दैनिक फोहर उठाउन साधन को व्यवस्था गरेको छ। स्वच्छताको क्षेत्रमा बेलाबखत सरसफाइ कार्यक्रम सञ्चालन भइरहेका छन । बजार क्षेत्रमा ढल निकासको व्यवस्था गरिएको छ। बजार क्षेत्रमा फोहर संकलनका लागी कन्टेनर र डष्टबिनको व्यवस्था गरिएको छ। अस्थायी डम्पिङसाइड भएकोले स्थायी डम्पिङसाइटको अभाव रहेको छ।

### ८.३.२ अवसर

बजार क्षेत्रहरुको को वातावरणीय संरक्षणका लागि नीति र कार्यक्रम संचालन गर्न सकिने, वातावरणको दीगो व्यवस्थापनका स्थायी डम्पीङ साइडको व्यवस्था गर्न सकिने, फोहर वर्गिकरण गरी गल्ने फोहरबाट मल उत्पादन गरि उपयोग गर्न सकिने जस्ता कम खर्चिला तथा वातावरणीय रुपमा अनुकुल प्रविधिको प्रयोगमा जोड दिन सकिन्छ, स्थानीय समुदायहरुसँगको सहकार्यमा फोहमैला व्यवस्थापन गर्न सकिने सभावना छ।

### ८.३.३ चुनौती

स्रोतको अभावमा नगरका सबै क्षेत्रका बस्तिहरुमा फोहोरमैला व्यवस्थापन गर्न कठिनाइ,अत्यधिक प्लाष्टिक भोलाको प्रयोग, फोहोरमैला कर उठ्न नसक्नु, आवश्यक आधुनिक मेसिन, उपकरण र औजारको कमी, दिगो डम्पिङसाईड पहिचान हुन नसक्नु, जनशक्ति अभाव, जनचेतनाको अभाव, वातावरणीय स्वच्छताका लागि नीतिगत व्यवस्था र कार्यान्वयनको कमी, वातावरणीय स्वच्छता कायम गर्न ठोस कार्यक्रमको अभाव चुनौतिको रुपमा रहेका छन।

### ८.३.४ दिर्घकालिन सोच

स्वच्छ,सफा हराभरा दशरथचन्द नगरपालिका

### ८.३.५ लक्ष्य

नगरको वातावरणीय स्वच्छता कायम गर्ने।

### ८.३.६ उद्देस्य

बातावरण तथा स्वच्छता कायम गरी सुन्दर नगर निर्माण गने ।

### ८.३.७ रणनिति तथा कार्यनिति

| रणनिति | कार्यनिति |
|---|---|
| • समुदाय परिचालनको माध्यमबाट बातावरणिय स्वच्छता कायम गर्ने | बजार क्षेत्रबाट निस्कने गल्ने,नगल्ने तथा सिसा र फलाम जन्य फोहरलाई छुट्टाछुट्टै स्थानमा राख्ने व्यवस्था गर्ने, गल्ने फोहरमैलालाई उपयोग गरि कम्पोष्ट मल उत्पादन गर्ने, सामुदायिक संस्थाहरुसँगको सहकार्यमा फोहोर न्यूनीकरण, प्रशोधन तथा प्रयोग जस्ता विधिहरु अवलम्बन गरी फोहोरमैलाको व्यवस्थापन तथा श्रोतमै न्यूनीकरण गर्ने, पुर्ण सरसफाईका सुचकहरु पुरा गर्ने, पुर्ण सरसफाइ उन्मुख वडा हुदै नगर घोषणा गर्ने,प्लाष्टीक झोला प्रयोगलाई निरुत्साहित गर्ने, सरसरफाई सम्बन्धित जनचेतना अभिवृद्धी गर्ने, फोहर व्यवस्थापनका लागि आवश्यक मेसिन तथा उपकरणको व्यवस्था गरिने छ। |

### ८.३.८ प्रमुख कार्यक्रम

- स्थायी ल्याण्डफिल्ड साइट निर्माण र स्तरउन्नति
- फोहर मैलाबारे समुदायमा सचेतना
- मेसिन तथा उपकरण खरिद
- आवस्यक जनशक्तिको व्यवस्था

## ८.४ विपद पूर्व तयारी तथा व्यवस्थापन,जलवायु अनुकुलन

### ८.४.१ समष्टिगत विद्यमान अवस्था

यस नगरपालिकाले बिपद् व्यवस्थापन कोषको स्थापना गरी बिपद् जोखिम न्युनीकरणको प्रयासलाई अगाडि बढाएको छ । नगर तथा वडा विपद व्यवस्थापन समिति गठन भएका छन । जिल्ला आपातकालिन कार्यसञ्चालन केन्द्र रहेको छ । नगरपालिकामा विपद व्यवस्थापन सिकाई केन्द्र रहेको छ। जिल्ला सदरमुकाममा स्वचालित मौसम केन्द्र रहेको छ। नगरपालिकाले स्थानिय विपद तथा जलवायु उत्थानशिल योजना, विपद पुर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरेको छ। नगरपालिका कार्यालय भवनमा आधुनिक अर्थिङ जडान गरिनुका साथै खोज उद्धार सामाग्रीको भण्डारण गरिएको छ। विपद् व्यवस्थापन कोष परिचालन निर्देशिका तयार गरिएको छ। नगरमा आपतकालिन अवस्थाका लागी खुल्ला तथा सुरक्षित स्थानको पहिचान भएको छ। यस नगर क्षेत्रमा जमिन कटान तथा पहिरो, आगलागी, हावाहुरी जस्ता प्रकोपहरुका कारण केही बस्तीहरु उच्च जोखिममा रहेका छन्। बिपद् पूर्व तयारीका लागि अपनाउनु पर्ने कार्यहरु गरी यस क्षेत्रका जोखिमपूर्ण बस्तीहरुलाई सुरक्षित गर्न सकिन्छ।

### ८.४.२ अवसर

नगरमा विपद व्यवस्थापन कोषको प्रभावकारी परिचालन, जिल्लामा आपतकालिन कार्य सञ्चालन केन्द्र रहेको, सदरमुकामको नगरपालिका भएकोले सेना, प्रहरीले तत्काल खोज उद्दार गर्न सक्ने, आवस्यक सामाग्रीको भण्डारण भएको, सुरक्षित स्थलहरुको पहिचान भएको, विपदमा कामगर्ने विकास साझेदारहरु रहेको जस्ता विषयहरु संभावना हुन।

### ८.४.३ चुनौती
पर्याप्त सामाग्री को कमी, नगरबासीमा उचित जनचेतनाको कमी, नगर तथा वडाका अधिकास घर, संरचना भुकम्प प्रतिरोधि नरहेको, वडा स्तरिय आपतकालिन कोष नभएको, सबै संरचना भुकम्प प्रतिरोधि बनाउन चुनौतीपूर्ण, पुर्वसूचना प्रणालीको अभाव हुनु चुनौतिका रुपमा रहेका छन।

### ८.४.४ दिर्घकालिन सोच
विपद उत्थानशिल दशरथचन्द

### ८.४.५ लक्ष्य
प्रकोपबाट सृजना हुन सक्ने विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन गर्ने।

### ८.४.६ उद्देस्य
विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकुलनका कार्य गरी उत्थानशिल समुदायको निर्माण गर्ने ।

### ८.४.७ रणनिति तथा कार्यनिति

| रणनिति | कार्यनिति |
|---|---|
| • विपद् व्यवस्थापन सम्वन्धी नीति, योजना कार्यान्वयन गरी जोखिमबाट हुने क्षति न्यूनीकरण गर्ने । | पहिचान गरिएका खुला क्षेत्रको प्रचार प्रसार गर्ने, विपद् पुर्व सुचना प्रणालीको विकास गर्ने, उद्धार तथा राहत सामाग्री भण्डारण गर्ने,भवन संहिता र मापदण्डको पूर्ण परिपालना गर्ने गराउने, नगर भित्र संरचना निर्माण गर्दा विपद् जोखिम न्यूनिकरणलाई प्राथामीकता दिने, कमजोर संरचनाहरुको प्रवलिकरण गर्ने, वडा तथा नगर स्तरमा कार्यदल(प्राथमिक उपचार, नगरको आपातकालिन कार्यसंचालन केन्द्र स्थापना गर्ने ,खोज तथा उद्धार आदि) गठन र तालिम, संकटासन्न घर परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिने छ। |
| • जलवायु परिवर्तन अनुकुलन क्षमता विकास गर्ने | रैथाने विउविजनको संरक्षण, जलवायु अनुकुलनका कार्यक्रम सञ्चालन गरिने छ । |

### ८.४.८ प्रमुख कार्यक्रम
- अल्पिकरणका कार्यक्रमहरु
- आपतकालिन आश्रय स्थल निर्माण
- खोज उद्दार कार्यदललाइ तालिम
- खोज उद्दार सामाग्री भण्डारण
- वन्यजन्तु संरक्षण र नियन्त्रण कार्यक्रम
- विपद व्यवस्थापन समितिहरुको क्षमता विकास
- दमकल खरिद
- जलवायु अनुकुलनका कार्यक्रमहरु
- समुदायको क्षमता विका

## ८.५ वन वातावरण र विपद व्यवस्थापन क्षेत्रको नतिजा :

### तालिका ११ : वन वातावरण र विपद व्यवस्थापन क्षेत्रको नतिजा तालिका

| लक्ष्य /नतिजा | नतिजा,सूचकतथा पुष्ट्याईका आधारहरु | | | | | | | | | जोखिमपक्षतथापूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आधाररेखा | लक्ष्य | | | | | पुष्ट्याईका आधारहरु | |
| | सूचक | इकाई | (आ.व. ०७९/८०) | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | |
| लक्ष्य ४:वन, जैविक, जलाधार, विपद् जोखिम न्युनिकरण, जलवायु अनुकुलन तथा फोहरमैलाको समुचित व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरी विपद् उत्थानशिल समाजको निर्माण गर्ने। | रुखविरुवाले ढाकेको वा हरियाली वा वन क्षेत्र | वर्ग कि.मी. | २५.९५ | २५.९५ | २६ | २६.५ | २७ | १७.५ | - नगर वस्तुगत विवरण (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमनप्रतिवेदन | - वन सम्बन्धि स्थानीय नीति र कानून तर्जुमा भइ कार्यान्वयन हुनेछ ।<br>- वन, वातावरण नीतिको पालनाहुनेछ । |
| | संरक्षित तथा व्यवस्थित वन क्षेत्र | हेक्टर | १७९४.०४ | ५९.११ | ५९.११ | ५९.११ | ५९.११ | ५९.११ | | |
| | संरक्षित चरन क्षेत्र | वटा | ० | १ | १ | २ | २ | २ | | |
| | उत्पादित बाउरा | भारी | ८८८० | ८५०० | ८००० | ७५०० | ७००० | ५००० | | |
| | वनमा आधारित उद्योग तथा व्यवसाय | संख्या | २ | | | | | | | |
| **प्रतिफल ४.१ : वनतथा जैविकविविधता को संरक्षण र समुचित व्यवस्थापन गरीएको हुनेछ ।** | व्यवस्थित सामुदायिकतथाकबुलियतीवन क्षेत्र | हेक्टर | १५१.१ | ५८.४४९ | ५८.४४९ | ५८.४४९ | ५८.४४९ | ५८.४४९ | - नगरवस्तु गत विवरण (प्रोफाइल)<br>- सामुदायिकवन समुह तथा वनकार्यालय को प्रगति / अनुगमन प्रतिवेदन | - वन सम्बन्धि स्थानीय नीति र कानून तर्जुमा भइ कार्यान्वयन हुनेछ ।<br>- वन, वातावरण नीतिको पालनाहुनेछ । |
| | निजीवन क्षेत्र | हेक्टर | १.०७ | १.०७ | १.०७ | १.०७ | १.०७ | १.०७ | | |
| | जैविकविविधतायुक्त क्षेत्र | वटा | १ | १ | १ | १ | १ | २ | | |
| | गैरकाष्ठ वन पैदावारहरुको व्यवसायिक खेती गरिएको वन | वटा | ० | ० | १ | १ | २ | २ | | |
| **प्रतिफल ४.२ : जलाधार संरक्षण तथाभुमि को एकीकृत व्यवस्थापन र उचित सदुपयोग भएको हुनेछ ।** | संरक्षित पानी मुहान क्षेत्र | वटा | ६६ | ७० | ७५ | ८० | ९० | १०० | - नगर वस्तुगतविवरण (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमनप्रतिवेदन | - संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ ।<br>- स्थानीय सरोकारवालाको प्रतिबद्धता र सहभागिता, सहकार्य एवं साझेदारीमा वृद्धि हुनेछ ।<br>- स्थानीयविपद् तथाजलवायु उत्थानशिल योजनानिर्माण भइकार्यान्वयनभाआएको हुनेछ । |
| | नदी नियन्त्रण लम्बाई | किमी | ३ | ५ | ७ | ९ | ११ | १५ | | |
| | उपचार गरिएको/संरक्षित गल्छी र पहिरो | किमी | ० | .५ | १ | १.५ | २ | २.५ | | |
| | संरक्षित भू-क्षय र बाढी संवेदनशिल क्षेत्र | किमी | १० | ९ | ८ | ७ | ५ | ४ | | |
| | संरक्षित र व्यवस्थिततालतलैया र सिमसार क्षेत्र | संख्या | ० | १ | २ | ३ | ४ | ५ | | |
| | बायोइन्जिनियरिङ प्रविधिप्रयोग संरचनाको लम्बाई | किमी | ० | १ | २ | २ | ३ | ४ | | |
| **प्रतिफल ४.३ : जलवायु अनुकुलन र** | प्रयोग भएकाफोहोरमैलाव्यवस्थापन प्रणाली | प्रकार | १ | २ | २ | २ | ३ | ३ | | |
| | कम्पोष्ट-बिन र गार्वेज-पिट प्रयोग गर्ने परिवार | प्रतिशत | ५ | १० | २० | ३० | ४० | ५० | | - स्थानीय समुदायको सरसफाइमा चेतना वृद्धि |

| लक्ष्य / नतिजा | नतिजा,सूचकतथा पुष्ट्याईका आधारहरु | | | | | | | | | जोखिमपक्षतथापूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आधाररेखा | लक्ष्य | | | | | पुष्ट्याईका आधारहरु | |
| | सूचक | इकाई | (आ.व. ०७९/८०) | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | |
| **पर्यावरणिय स्वच्छतामा अभिवृद्धि भएको हुनेछ।** | परम्परागतउर्जा (दाउरा) प्रयोग गर्ने घरधुरी | संख्या | ६१९० | ६००० | ५५०० | ५००० | ४५०० | ४००० | | हुनेछ। |
| | नियमित सरसफाइको अभ्यास गर्ने घरधुरी | प्रतिशत | ७० | ७२ | ७५ | ७८ | ८० | ८५ | | |
| | घरभित्रको धुवाँमुक्त घरधुरी | संख्या | २१०० | २२०० | २३०० | २४०० | २५०० | ३०००१ | | |
| | स्थानीयविपदजोखिमन्यूनीकरण तथाजलवायु उत्थानशिल योजनातथाविपद् पूर्वतयारी तथाप्रतिकार्य योजनातर्जुमा | संख्या | १ | १ | १ | १ | १ | १ | | |
| **प्रतिफल ४.४: विपदवाट हुने जोखिमलाइन्यूनिकरण गरी विपदउत्थानशिल समाजको निर्माण भएको हुनेछ** | सुरक्षित, एकीकृत र व्यवस्थित बस्ती/आवास क्षेत्र | संख्या | ० | ० | १ | १ | २ | २ | - विपदजोखिमनक्शाचित्र<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमनप्रतिवेदन | - स्थानीयविपद् तथाजलवायु उत्थानशिलयोजना निर्माण भइ कार्यान्वयनमा आएको हुनेछ।<br>- समुदायलाइ विपद जोखिम न्यूनिकरण बारे जानकारि र विपद उत्थानशिल समुदाय निर्माण भएको हुनेछ।<br>- विपदजोखिम न्यूनीकरण हुनेछ। |
| | बस्ती अयोग्य स्थानमाबसोवास गरेका परिवार | प्रतिशत | २ | १.८ | १.४ | १ | .८ | .५ | | |
| | विपदबाट भएको वार्षिक क्षति (जग्गा, संरचना, बालीनाली, पशु र अन्य सम्पत्ति) | रकम(हजारमा) | | | | | | | | |
| | सुरक्षितखुल्ला क्षेत्र र स्थान | संख्या | १९ | २० | २५ | ३० | ३५ | ४० | | |
| | तालिमप्राप्त स्वयंसेवक | संख्या | ५ | २५ | ५५ | ११० | ११० | ११० | | |
| | विपद् व्यवस्थापन स्थानीय कोष (हजारमा) वार्षिक) | रकम | | | | | | | | |
| | विपद् व्यवस्थापनमाक्रियाशिल संघ/संस्थाहरु | संख्या | ५ | | | | | | | |

## ८.६ वन वातावरण र विपद व्यवस्थापन क्षेत्रको मुख्य कार्यक्रम

### तालिका १२ : आवधिक योजनाको नतिजाप्राप्तिको लागितर्जुमागरिएकाकार्यक्रमतथा योजना

| विषय क्षेत्रगतप्रतिफलअनुसारका रणनीतिक कार्यक्रमतथाआयोजना | एकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थान/कार्यक्रम |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७९/०८० | कुललक्ष्य (२०८४/८५) | | |
| **वन, वातावरण तथाविपदव्यवस्थापन** | | | | | |
| **प्रतिफल ४.१: वनतथा जैविकविवपधताको व्यवस्थापन गरीएको हुनेछ ।** | | | | | |
| ४.१.१वनजैविकविविधता संरक्षणको लागिवन क्षेत्रको विस्तार तथादिगो व्यवस्थापन | हेक्टर | ० | २० | २००० | - खालि जग्गाहरुमा बार्षिक २० हजार बिरुवा लगाउने ।<br>- बार्षिक ५० हजार बिरुवा उत्पादन गर्ने हाईटेक नर्सरी स्थापना । |
| ४.१.२दिगो वनव्यवस्थापन विधिद्धारा वन क्षेत्रको संरक्षण | वन | ० | ५ | ३०००० | - ५ वटा सामुदायिक बनको दिगो व्यस्थापन |
| ४.१.३ वन क्षेत्रको शुसासन तथा व्यवस्थापन कालागि निरन्तर अनुगमन र मुल्याकंन | पटक | ० | ५ | १००० | - नगरपालिकामा बन वातावरण शाखा स्थापना ।<br>- बन क्षेत्रको अनुगमनका लागि संयन्त्र निर्माण र अनुगमन । |
| ४.१.४वनको दिगो व्यवस्थापनकालागि जनचेतना अभिबृद्धि | पटक | ० | ५ | १००० | – सामुदायिक बनहरुको क्षमता अभिबृद्धि गर्ने ।<br>– संचार माध्यमहरुबाट प्रचार प्रसार<br>– सामुदायिक बनहरुलाई दिगो बन व्यवस्थापन सम्बन्धी तालिम । |
| ४.१.५वनजन्यउत्पादनको विकास गरी वनमाआधारित आयआर्जन बृद्धि | संख्या | ० | ५० | २००० | – ५० जनालाई बनमा आधारित उद्यमशिलता र सीप विकास सम्बन्धी तालिम ।<br>– २५ जनालाई आवश्यक सामाग्री र उपकरणका लागि लागत सहभागितामा अनुदान ।<br>– बांस निगालोको सामाग्री उत्पादनलाई आधुनिक्किकरण गर्न औजार उपकरण सहयोग ।<br>– बनजन्य उत्पादनहरुको बजारिकरणको व्यवस्थापन । |
| ४.१.६ वन्यजन्तुको संरक्षण तथा वन्यजन्तुबाट हुने नोक्सानीन्यूनिकरण | संख्या | ० | १० | १०००० | – नगरका अग्ला जंगलहरुमा पुर्नभरण पोखरी निर्माण गर्ने ।<br>– बन्यजन्तु संरक्षणका लागि सचेतना र सुराकी परिचालन ।<br>– बन्यजन्तु अत्यधिक प्रभावित क्षेत्रमा साईरन जडान गर्ने । |
| ४.१.७ वन समुह तथा वन | पटक | १ | ५ | १२०० | – हाईटेक नर्सरी व्यवस्थापनका |

| विषय क्षेत्रगतप्रतिफलअनुसारका | एकाई | योजनाको लक्ष्य | | अनुमानित | स्थान/कार्यक्रम |
|---|---|---|---|---|---|
| प्राविधिकको क्षमता विकास | | | | | लागि २ जना स्वयंसेवक प्राविधिकको व्यवस्था र क्षमता विकास । |
| **प्रतिफल ४.१ को जम्मा** | | | | ४७२०० | |
| **प्रतिफल ४.२: जलाधार संरक्षण तथाभुमि को एकीकृत व्यवस्थापनर उचित सदुपयोग भएको हुनेछ ।** | | | | | |
| ४.२.१ भु-क्षय तथा नदि, खोलातथा कटान नियन्त्रण र सिमसार क्षेत्र संरक्षण | पटक | १ | ५ | १००००० | - महाकाली नदी परमलीगाड, घट्टीगाड निलगाड क्षेत्रमा तटबन्ध निर्माण ।<br>- नदी किनारमा बांस, निगालो, उत्तिस जातका बिरुवाहरुको बृक्षारोपण । |
| ४.२.२ पानीको मुहान संरक्षण | संख्या | ० | १० | ३०००० | - नगर क्षेत्रका पानीका मुहानहरुको नक्सांकन गर्ने ।<br>- प्रत्येक बर्ष प्रत्येक वडाका १० वटा पानीका मुहान संरक्षण |
| ४.२.३ सार्वजनिकजग्गाहरुको संरक्षण | संख्या | ० | २० | १००० | - सार्वजनिक जग्गाको पहिचान, नक्सांकन, संरक्षण |
| **प्रतिफल ४.२ को जम्मा** | | | | १३१००० | |
| **प्रतिफल ४.३: जलवायू अनुकुलन र पर्यावरणिय स्वच्छता अभिवृद्धि भएको हुनेछ ।** | | | | | |
| **४.३.१ पार्क तथा हरियाली क्षेत्र** | संख्या | ० | ११ | ५०००० | - १ वडा १ पार्क निर्माण<br>- नगरस्तरमा बहुउद्देश्यीय बोटानिकल,ईको पार्क निर्माण |
| **४.३.२ फोहरमैलाव्यवस्थापन** | घर | | | ८०००० | - नगर स्तरमा स्थायी डम्पिङसाईडको स्थापना ।<br>- १ वटा कम्प्याक्टर तथा मेसिन उपकरणहरु खरिद<br>- बजा क्षेत्रको ढल व्यवस्थापन<br>- फोहोमैला व्यवस्थापन बारे जनचेतना ।<br>- फोहोरको बर्गिकरण तथा उपयोग बारे समुदायमा जनचेतना ।<br>- सरसफाई कर्मचारीको व्यवस्थापन तथा क्षमता विकास |
| ४.३.३ जलवायू परिवर्तन अनुकुलनकार्य | वडा संख्या | ११ | ११ | ५००० | - जलवायु अनुकुलन बारे समुदायमा सचेतना ।<br>- रैथाले बिउ बैंकको स्थापना ।<br>- जलवायु अनुकूलन प्रविधिको विस्तार ।<br>- बाली चक्रमा परिवर्तन बारे अगुवा कृषकहरुलाई तालिम ।<br>- बाली विविधिकरण बारे किसानहरुलाई अभिमुखिकरण । |

| विषय क्षेत्रगतप्रतिफलअनुसारका | एकाई | योजनाको लक्ष्य | | अनुमानित | स्थान/कार्यक्रम |
|---|---|---|---|---|---|
| **प्रतिफल ४.३ को जम्मा** | | | | १३५००० | |
| **प्रतिफल ४.४विपदवाट हुने क्षतिलाइ न्यूनिकरण गरी उत्थानशिल समाजको निर्माण भएको हुनेछ** | | | | | |
| ४.४.१ सुरक्षितवस्तितथा समुदायनिर्माण | वटा | ० | २ | २०००० | - भूउपयोग योजना निर्माण ।<br>- जोखिमयुक्त २ बटा बस्तीलाई स्थानान्तरण ।<br>- स्थानीय विपद तथा जलवायु उत्थानशिल योजना र विपद पूर्वतयारी तथा प्रतिकार्य योजना अध्यावधिक । |
| ४.४.२ विपदउत्थानशिल समुदायनिर्माण | स्थान | २ | ११ | ५००० | - स्थानीय आपातकालिन कार्यसंचालन केन्द्रको स्थापना र संचालन ।<br>- कार्यदलहरु गठन, तालिम र परिचालन ।<br>- खोज तथा उद्धार सामाग्रीहरुको व्यवस्थापन ।<br>- पूर्व सुचना प्रणालीको सवलिकरण ।<br>- प्रतिकार्य स्वयंसेवकहरुको छनौट, तालिम र परिचालन<br>- प्रत्येक बर्ष २० जना (मिस्त्री) लाई भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण सम्वन्धी तालिम । |
| ४.४.३ विपदजोखिममुक्त संरचनानिर्माण | पटक | ० | ५ | २५००० | - विद्यालय, स्वास्थ्य संस्था लगायत भौतिक संरचनाहरुको प्रवलिकरण । |
| **प्रतिफल ४.४को जम्मा** | | | | ५०००० | |
| **वन, वातावरण तथाविपदव्यवस्थापनजम्मा** | | | | ३६३२०० | |

# परिच्छेद ९ : संस्थागत विकास सेवाप्रवाह र सुशासन

नेपालको संविधान को अनुसुची ८ र स्थानीय सरकार संचालन ऐन २०७४ मा उल्लेख गरिएका अधिकारको प्रयोग गर्दै स्थानीय सरकारले प्रदान गर्ने सेवा प्रवाह र विकास कार्य जन अपेक्षा अनुसार कुशल पारदर्शी, जवाफदेही र प्रभावकारी ढंगले संचालन गर्ने दायित्व रहेको छ। साथै सेवा प्रवाह र विकास निर्माणमा सिर्जनात्मक उपायहरु अपनाउन जरुरी छ। दिगो विकास लक्ष्यले पनि संस्थागत विकास र सुशासनलाइ समेत महत्व दिएको छ। दिगो विकास लक्ष्य १६ ले शान्ति न्याय र सुदृढ संस्थाहरू, लक्ष्य १७ ले लक्ष्यहरूका निम्ति साझेदारीको उल्लेख गरेको छ। यसलाइ दृष्टिगत गर्दै सेवा प्रवाह र विकास कार्यमा प्रभावकारिता अभिवृद्धि गरी स्थानीय तहमा सुशासन कायम गर्न स्थानिय तहले कानून, नीति, सुशासन, संगठन तथा क्षमता विकास, राजस्व तथा श्रोत व्यवस्थापन गर्न जरुरी छ। संघीय व्यवस्था अनुसार स्थानीय सरकारलाइ जनताको घरदैलोको सरकारको रूपमा व्यवस्था गरिएको छ। स्थानीय जनताले आफ्नो सरकारकाट अधिकार प्रत्याभूतिको अपेक्षा गरेका छन। तसर्थ स्थानिय सरकारहरुले गुणस्तरिय सेवा प्रवाह र जनताको आकांक्षा सम्बोधन गर्न जरुरी छ। यसका लागी सुशासनका पक्षहरु पारदर्शिता, जवाफदेहिता, प्रभावकारीता, सहभागीता र दुरदर्शिता पुर्व सर्तहरु हुन।

## ९.१ संस्थागत संरचना र मानव संसाधन

### ९.१.१ समस्टिगत विद्यमान अवस्था

दशरथचन्द नगरपालिकाले आफ्नै भवनबाट सेवा प्रवाह गरिरहेको छ। २ वटा वडा कार्यालय बाहेक अरु वडाले आफ्नै भवनबाट सेवा प्रवाह गरिरहेका छन। नगरपालिकामा ५ वटा षियगत समितिका अतिरिक्त विधायन समिति, राजस्व परामर्श समिति गठन गरिएको छ। नगरपालिकाको क्षमता विकास योजना रहेको छ। नगरमा प्रशासन शाखा, पुर्वाधार विकास शाखा, स्वास्थ्य शाखा, योजना अनुगमन शाखा, शिक्षा, युवा तथा खेलकुद शाखा, आर्थिक प्रशासन शाखा, वातावरण व्यवस्थापन तथा सरसफाइ शाखा, आन्तरिक लेखा परिक्षण शाखा, विपद व्यवस्थापन शाखा, कृषि तथा पशु सेवा शाखा, राजस्व शाखा, सामाजिक विकास शाखा, महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा, जिन्सि शाखा, पंजिकरण शाखा, घर जग्गा व्यवस्थापन र नक्सापास इकाइ रहेका छन। नगरपालिकाको संस्थागत संगठनात्मक ढाँचा रहेको छ। नगरपालिकामा हाल स्थायी र करार गरी २०७ जना कर्मचारी कार्यरत छन। सँगठन र विकास अध्ययन अनुसार हाल पालिकामा ६ जना वडा सचिव रिक्त रहेको देखिन्छ।

### ९.१.२ अवसर

चुस्त र प्रभावकारी सेवा प्रवाहका लागी आवस्यक कर्मचारी व्यवस्थापन, क्षमता विकास गरी दक्षता बढाउने अवसर रहेको छ। त्यसैगरि समयानुकुल संगठन संरचना अद्यावधिक, कर्मचारी प्रोत्साहन, पुरस्कार र दण्डको व्यवस्था गरी सेवा प्रवाहलाइ गुणस्तरिय र पारदर्शी तथा भरपर्दो बनाउने अवसर पनि रहेको छ।

### ९.१.३ चुनौती

पर्याप्त कर्मचारीको अभाव हुनु, विज्ञ कर्मचारीको अभाव, विषयगत समितिका जनप्रतिनिधिको भूमिका निष्क्रिय हुनु, कानुनमा उल्लेखित अधिकारको उच्चतम उपयोग गर्न बाधा व्यवधान उत्पन्न हुनु, संगठन संरचना अध्यावधिक नहुनु, कर्मचारी सँगठनको मनोबल उच्च नहुनु, नियमन नहुनु आदि संस्थागत संरचना तथा मावन संशाधन अन्तर्गतका समस्या तथा चुनौतीहरु हुन।

### ९.१.४ दिर्घकालिन सोंच

सुसंगठित संरचना र दक्ष मानव संसाधन सहितको सेवा प्रवाह

### ९.१.५ लक्ष्य

सँगठनात्मक संरचना तथा मानव संशाधनलाइ दक्ष चुस्त बनाइ प्रभावकारी सेवा प्रवाह गर्ने

### ९.१.६ उद्देस्य

दक्ष मानव संसाधनको विकास गरी गुणस्तरीय सेवा प्रवाह गर्ने।

## ९.१.७ रणनिति तथा कार्यनिति

| रणनिति | कार्यनिति |
|---|---|
| • संस्थागत संरचनालाइ सुदृढ गर्ने | समयानुकुल संरचनाको पुर्नसंरचना, जनशक्ति व्य बस्थापन,बिषयगत शाखा सुदृढिकरण, आबश्यक पुर्वाधारको व्यवस्था गरिने छ । |
| • मानव संसाधन व्यवस्थापन र विकास गर्ने | स्विकृत दरवन्दी अनुसार आवश्यक कर्मचारीहरुको व्यवस्थापन गने । दरबन्दी र आवश्यक्तानुसारको कर्मचारी व्यवस्थापनको लागी संघ तथा प्रदेशमा पहल, जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास, क्षमता बिकास, कार्यसंपादन करार संम्झौता गरिने छ। |

## ९.१.८ प्रमुख कार्यक्रम

- वडा कार्यालयहरुको भवन निर्माण
- वडा कार्यलयहरूको स्तरोन्नती गरी सेवा प्रवाहलाई सहज र सुलभ बनाउने
- O & M सर्भे
- आवश्यक जनशक्ति व्यवस्थापन
- क्षमता विकास योजना अद्यावधिक
- क्षमता विकासका कार्यक्रमहरु

## ९.२ वित्तिय श्रोत

### ९.२.१ समस्टिगत विद्यमान अवस्था

दशरथचन्द नगरपालिकाको आ.व २०७८/७९ मा बजेट ७२ करोड ६१ लाख २२ हजार ३८ थियो भने चालु आ.व २०७९/८० मा ऋणात्मक भई ६१ करोड २ लाख ५९ हजार बराबरको छ। कुल बजेटमा आन्तरिक राजश्वको एकदमै कम देखिन्छ। यस आर्थिक बर्षमा आन्तरिक राजश्व रु ७५ लाख रहेको छ। प्रशासनिक खर्च भन्दा न्युन मात्रामा रहेको आन्तरिक आयलाइ बृद्धि गर्न नगरपालिकाले विभिन्न रणनिति अपनाउन जरुरी छ।

### ९.२.२ अवसर

नगरपालिकाले आफुलाइ प्राप्त संवैधानिक अधिकार र कानुन अधिनमा रहि कर तथा गैर करको दायरालाइ फराकिलो बनाउन सक्ने देखिन्छ । त्यसै गरी आन्तरिक स्रोत अभिबृद्धिका लागि राजस्व सुधार योजना निर्माण गरी कार्यान्वयन बाट आन्तरिक आय वृद्धि गर्ने अवसर छ। वित्तिय जोखिम न्युनिकरण र प्राप्त अनुदानलाई उच्चतम प्रतिफल युक्त योजनामा लगाई अधिकतम प्रतिफल प्राप्त गर्न सक्ने सम्भावना रहेको छ।

### १०.२.३ चुनौती

